जेठ - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


| वर्ष २५, अङ्क ३ | २०७३, जेठ १–१५ | पूर्णाङ्क ५७३ |
|---|---|---|





प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**प्रकाशन, सञ्चार तथा सम्पादन समिति**

**माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत - अध्यक्ष**
**माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत - सदस्य**
**नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय - सदस्य**
**वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य**
**सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**
शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री लक्ष्मण वि.क.
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोदकुमार यादव
सि.क.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**
डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | ४ |
| संयुक्त इजलास | ३७ |
| इजलास नं. १ | २१ |
| इजलास नं. २ | ४ |
| इजलास नं. ३ | २५ |
| इजलास नं. ५ | ५ |
| इजलास नं. ८ | १ |
| रित / बेरीत आदेश | १ |
| जम्मा | ९८ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन


यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७३, जेठ – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

# Toll Free Number

# १६६०–०१–३३३–५५

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

---

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१-३** |
| १. | भरपाई लिखत दर्ता बदर दर्ता कायम | पुरण शमशेर ज.ब.रा. वि. खड्गकुमारी राणासमेत | |
| २. | नापी दर्ता बदर, दर्ता कायम | रमेशप्रसाद पौडेल वि. शारदा पौडेल | |
| ३. | चोरी | नेपाल सरकार वि. गणेशबहादुर कार्कीसमेत | |
| **संयुक्त इजलास** | | | **४-१६** |
| ४. | बन्दी प्रत्यक्षीकरण | अधिवक्ता भ्रमणकुमार श्रेष्ठ वि. महानगरीय प्रहरी वृत्त, बौद्ध, काठमाडौंसमेत | |
| ५. | बैंकिङ कसुर | नेपाल सरकार वि. काले लामासमेत | |
| ६. | बैंकिङ कसुर | नेपाल सरकार वि. मनोजप्रसाद चिमरिया | |
| ७. | अग्रिम भुक्तानी सहित करार बमोजिमको क्षतिपूर्ति दिलाई भराइ पाउँ | कृष्ण राणा वि. सिद्धान्तराज पाण्डेसमेत | |
| ८. | उत्प्रेषण | पुरूषोत्तम गौतम वि. तत्कालीन बैंक अफ एसिया हाल एनआईसी एशिया बैंक लिमिटेड, केन्द्रीय कार्यालय, त्रिपुरेश्वर, काठमाडौंसमेत | |
| ९. | उत्प्रेषण | अलिअख्तर मियाँ वि. प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंसमेत | |
| १०. | उत्प्रेषण / परमादेश | गणेशबहादुर दुरासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ११. | जबरजस्ती करणी | प्रकाश भट्ट वि. नेपाल सरकार | |
| १२. | उत्प्रेषण | भावना निरौला वि. कर्मचारी सञ्चयकोष, पुल्चोक ललितपुरसमेत | |
| १३. | भ्रष्टाचार | नेपाल सरकार वि. मिनर्भा अधिकारीसमेत | |
| १४. | सम्पत्ति शुद्धीकरण | नेपाल सरकार वि. सरिता गिरी राईसमेत | |
| १५. | परमादेश | हिरामाया श्रीससमेत वि. बागलुङ नगरपालिका नगरका विभिन्न सडकहरू कालोपत्रे गर्ने कार्यको उपभोक्ता समिति २०६८, बागलुङ नगरपालिकाको कार्यालय, बागलुङसमेत | |

| इजलास नं. १ | | १६-३० |
|---|---|---|
| १६. | उत्प्रेषण / परमादेश | रूदलप्रसाद चौहान वि. जिल्ला कार्यालय, गोरखासमेत |
| १७. | उत्प्रेषण | जितबहादुर आले मगर वि. गृह मन्त्रालयसमेत |
| १८. | उत्प्रेषण / परमादेश | कृष्णप्रसाद ढकालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| १९. | कर्तव्य ज्यान | दिनेश लिम्बू वि. नेपाल सरकार |
| २०. | खत दर्ता बदर | राम आश्रे साह कलवार वि. सागरवाल कलवारसमेत |
| २१. | उत्प्रेषण / परमादेश | ध्रुवप्रसाद चौलागाईं वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| २२. | कर्तव्य ज्यान, साधक दर्ता | नेपाल सरकार वि. कमल थापा मगरसमेत |
| २३. | कर्तव्य ज्यान | विजय लामासमेत वि. नेपाल सरकार |
| २४. | उत्प्रेषण / परमादेश | धनबहादुर कुँवर वि. जिल्ला शिक्षा कार्यालय, बागलुङसमेत |
| २५. | भ्रष्टाचार | चोकटदास तत्वा वि. नेपाल सरकार |
| २६. | उत्प्रेषण / परमादेश | रविन्द्र यादवसमेत वि. गौर नगरपालिका कार्यालयका पदपूर्ति समिति, मुकाम गौर नगरपालिकासमेत |
| २७. | भ्रष्टाचार न.प्र.प. | नेपाल सरकार वि. राजु बस्नेत |
| २८. | परमादेश | जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर तथा ऐ. कार्यालयका कार्यालय प्रमुख वि. सुधा झा |
| २९. | उत्प्रेषण | पवनकुमार संघाई वि. जिल्ला प्रशासन कार्यालय, पर्सासमेत |
| ३०. | निषेधाज्ञा | दावा नोर्बु शेर्पाको अ.वा. मिङ्वा दोर्जे शेर्पा वि. फणिन्द्र कार्कीसमेत |
| ३१. | भ्रष्टाचार | कल्पना भण्डारी (घिमिरे) वि. नेपाल सरकार |
| ३२. | अदालतको अपहेलना | ईश्वरीप्रसाद पौडेल वि. धनबहादुर कुँवर |
| ३३. | भ्रष्टाचार | नेपाल सरकार वि. धर्मदेव फुलारा |

| इजलास नं. २ | | ३०-३५ |
|---|---|---|
| ३४. | बन्दी प्रत्यक्षीकरण | विशाल परियारसमेत वि. काठमाडौं जिल्ला अदालत, बबरमहल काठमाडौंसमेत |
| ३५. | बन्दी प्रत्यक्षीकरण | जिरे भन्ने सरोज लामा वि. नेपाल सरकारसमेत |
| ३६. | भ्रष्टाचार | नेपाल सरकार वि. कुमार श्रेष्ठसमेत |
| ३७. | भ्रष्टाचार | नेपाल सरकार वि. रामगोपाल लागेजु |

| इजलास नं. ३ | | ३५-५१ |
|---|---|---|
| ३८. | करकाप | मोहन जिसीसमेत वि. मोतीराम सुनारसमेत |
| ३९. | कर्तव्य ज्यान | विकास अधिकारीसमेत वि. नेपाल सरकार |
| ४०. | कर्तव्य ज्यान | तुलबहादुर बुढा वि. नेपाल सरकार |
| ४१. | लागु औषध खैरो हिरोइन | विनोद चौधरी वि. नेपाल सरकार |
| ४२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. ताराकुमार नेपाल |
| ४३. | परमादेश | पन्नाबहादुर रञ्जितसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ४४. | निषेधाज्ञा | सुभाष गिरी वि. देवीप्रसाद पुरी |
| ४५. | दर्ता बदरसमेत | अङ्कबहादुर बुढथापासमेत वि. मयालाल बोहरा |
| ४६. | अंश | भाजुमुनी गुभाजुसमेत वि. चुडामणि गुभाजु |
| ४७. | उत्प्रेषण / परमादेश | शिक्षिका गीता कटुवालसमेत वि. जिल्ला तेह्रथुम नगरपालिका स्थित शिक्षा कार्यालय तेह्रथुम र सोका प्रमुख |
| ४८. | कर्तव्य ज्यान | निर्माला भन्ने महिमा (वि.क.) वि. नेपाल सरकार |
| ४९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रत्नमाया थपलियासमेत |
| ५०. | परमादेश | दीपेन्द्र कुमार न्यौपाने वि. मध्यमाञ्चल ग्रामीण विकास बैंक लिमिटेड केन्द्रीय कार्यालय, जनकपुर |
| ५१. | उत्प्रेषण / परमादेश | नर्मदा बस्नेत वि. भूमिसुधार कार्यालय, मोरङ, विराटनगरसमेत |
| ५२. | निषेधाज्ञा | वीणाकुमारी यादव वि. उषादेवी मिश्र |
| ५३. | उत्प्रेषण / परमादेश | नागेन्द्र राउत कुर्मी वि. विनोद मण्डलसमेत |
| ५४. | परमादेश | नागेन्द्र राउत कुर्मी वि. विनोद मण्डलसमेत |
| ५५. | निषेधाज्ञा | कामेश्वर तत्मासमेत वि. केशो दाससमेत |
| ५६. | उत्प्रेषण / परमादेश | शहेरा बानु खातुनसमेत वि. इलाका प्रहरी कार्यालय, सिजुवा मोरङसमेत |
| ५७. | उत्प्रेषण / परमादेश | निम नारायण चौधरी वि. जिल्ला शिक्षा कार्यालय, नवलपरासीसमेत |
| ५८. | निषेधाज्ञा | जगरनाथ साहु हलुवाई वि. वालेश्वर मुखिया |
| ५९. | उत्प्रेषण / परमादेश | विष्णुमाया कुमारी राय थारू वि. जिल्ला शिक्षा कार्यालय, नवलपरासीसमेत |
| ६०. | जालसाजी | धर्म नारायण महर्जन वि. पञ्चनारायण महर्जनसमेत |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ५** | | | **५१-५५** |
| ६१. | कर्तव्य ज्यान | फुलोदेवी खत्वे वि. नेपाल सरकार | |
| ६२. | जबरजस्ती करणी | रवि सोरेन वि. नेपाल सरकार | |
| ६३. | मोहियानी हकको प्रमाणपत्र | मु.स. गर्ने सुस्मा प्याकुरेल वि. मु.स. गर्ने महिमा प्याकुरेल | |
| ६४. | जबरजस्ती करणी | मनोज आचार्य वि. नेपाल सरकार | |
| ६५. | कर्तव्य ज्यान | योगेन्द्र भन्ने योगराज शिवाकोटी वि. नेपाल सरकार | |
| **इजलास नं.८** | | | **५५** |
| ६६. | गौबध | कुमार दर्जीसमेत वि. नेपाल सरकार | |
| **रित / बेरीत आदेश** | | | **५५-५६** |
| ६७. | परमादेश | मिलन भण्डारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **अदालत गतिविधि** | | | **५६-६०** |

## पूर्ण इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-NF-००१२, भरपाई लिखत दर्ता बदर दर्ता कायम, *पुरण शमशेर ज.ब.रा. वि. खड्गकुमारी राणासमेत*

पुनरावेदक वादी मन्त्र नेपाल इन्टरनेशनल नामक फर्मको सञ्चालक पनि भएको देखिन्छ। निजले सो फर्मको नाममा नेपाल क्रेडिट एण्ड कमर्स बैंकबाट जग्गा धितो राखी कर्जा लिएको देखिन्छ । सो कर्जा रकम वादीले आफ्नै स्रोतबाट बैंकलाई तिरे बुझाएको भन्न सकेको देखिँदैन । यसै विवादित जग्गाको आधा हिस्साबापत प्रतिवादी खड्ग कुमारी राणाले मोहीबाट बुझेको रकमबाट तिरे बुझाएको देखिन्छ । यसरी मोही हकबाट प्राप्त रकम वादीकै हितमा प्रयोग भएको अवस्थामा प्रतिवादी खड्गकुमारी राणाले मोही हिस्साको रकम एकलौटी खाए मासेको भन्न मिल्ने नदेखिने।

नेपाल सरकारले मोही हक लागेको जग्गा, जग्गावाला र मोहीबिच बाँडफाँडको कार्य गर्न गराउन समय तोकी सूचना प्रकाशन भएपछि जग्गाधनी र मोहीबिच जग्गा बाँडफाँड गर्ने वा जग्गाधनी र मोहीमध्ये कुनै एकको नाममा एकलौटी कायम गर्ने कार्य अंश मुद्दा परेको कारणले रोकिन सक्दैन । त्यो कानूनबमोजिम बाँडफाँड हुन्छ । कानूनबमोजिम भएको कार्यलाई लेनदेन व्यवहारसरह मानी लिखत बदरको फिराद गर्न पाउने भन्न नमिल्ने।

मोही हकको जग्गा भूमिसुधार अधिकारीले बाँडफाँडको माध्यमबाट मोहीको नाममा एकलौटी कायम गर्ने गरी गरेको निर्णयउपर जिल्ला अदालतमा मुद्दा लाग्न सक्ने हो, होइन भन्ने विवाद पनि उपस्थित भएको देखिन्छ । भूमिसम्बन्धी ऐन, २०२१ विशेष ऐन हो । उक्त ऐनअनुसार जग्गाधनी र मोहीको जग्गा बाँडफाँडसम्बन्धी प्रक्रियाको निर्णय गर्ने अधिकार भूमिसुधार अधिकारीलाई भएको तथ्यमा विवाद छैन । भूमिसम्बन्धी ऐनको दफा २६ख मा तोकिएको अधिकारीले दफा २६ग, २६घ, २६घ२ र २६ङ को अधीनमा रही मोही लागेको जग्गा बाँडफाँड गर्न सक्ने व्यवस्था गरेको छ भने सो ऐनमा मिति २०५३।९।२४ मा भएको चौथो संशोधनबाट थप भएको दफा २६च ले दफा २६ख, २६ग, २६घ, २६घ२ र २६ङ बमोजिम भूमिसुधार अधिकारीले गरेको निर्णयउपर कुनै अदालतमा पुनरावेदन लाग्ने छैन भन्ने कानूनी व्यवस्था भएको देखिन्छ। उक्त कानूनी व्यवस्थाबमोजिम मोही हक बाँडफाँड गरेउपर साधारण अधिकारक्षेत्रबाट फिरादमार्फत चुनौती दिन नसकिने प्रस्ट छ । निर्णयमा रित / बेरितको प्रश्न उठेको भए सो प्रश्नको निरूपण असाधारण अधिकारक्षेत्रबाट हुन जाने हुँदा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६च बमोजिम दफा २६ख, २६ग, २६घ, २६घ२ र २६ङ बमोजिम भूमिसुधार अधिकारीले गरेको निर्णयउपर कुनै पनि अदालतमा पुनरावेदन गर्न नपाउने गरी विधायिकाले सर्त बन्देज राखेको देखिँदा सुरू अदालतमा दायर भएको वादीको फिराद क्षेत्राधिकारविहीन देखिन आएको हुँदा पुनरावेदन अदालत, पाटनको मिति २०६४।९।१० को फैसला उल्टी गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०६९।१।२२ मा फिराद खारेज गर्ने गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे (गिरी)

इति संवत् २०७२ साल वैशाख १० गते रोज ५ शुभम्।

- यसै प्रकृतिको ०७०-NF-००११, भरपाई लिखत दर्ता बदर दर्ता कायम, *पुरण शमशेर ज.ब.रा. वि. खड्गकुमारी राणासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६५-NF-००२६, नापी दर्ता बदर, दर्ता कायम, *रमेशप्रसाद पौडेल वि. शारदा पौडेल*

मालपोत कार्यालयमा साबिक स्रोतअनुसार जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउँ भनी आवश्यक प्रमाण राखी वारेसमार्फत निवेदन दिई पुर्जासमेत लिइसकेको अवस्थामा आफ्नो जग्गा दर्ता गरी प्रमाणपुर्जा प्राप्त गरेको विषयमा थाहा पाइन भन्ने वादी दाबी मनासिब नदेखिने ।

तथ्यगतरूपमा प्रतिवादीको स्रेस्ता र भोग स्वीकार गरी लामो समयसम्म कायम भएको सो तथ्यलाई जहिले पनि उल्टाउन वा बदल्न सकिन्छ भन्ने होइन । सर्भे नापी हुनु र प्रस्तुत फिराद पर्नुभन्दा अगावै स्थापित भएका उक्त तथ्यबाट पनि स्पष्टरूपमा वादी दाबी खण्डित भइरहेको देखिने ।

वादीले आफ्नो साबिक स्रोत कि.नं.१११ बाट भिडाई जग्गा दर्ता गराइसकेको अवस्थामा वादी दाबी पुग्न नसक्ने ठहर्‍याउनु पर्नेमा पुनरावेदन अदालतको फैसला उल्टी गरी वादी दाबीबमोजिम कि.नं. १९२ को जग्गाको प्रतिवादीको नामको दर्ता बदर गरी वादीको नाममा दर्ता हुने ठहर्‍याएको यस अदालतको संयुक्त इजलासको मिति २०६२।११।८ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ।

इजलास अधिकृतः सुरेशराज खनाल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७२ साल भदौ १७ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री गिरिश चन्द्र लाल, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६६-CF-००१०, चोरी, *नेपाल सरकार वि. गणेशबहादुर कार्कीसमेत*

प्रतिवादी राजु भण्डारीले जाहेरवालाको मोटरसाइकल चोरी गरी अर्का प्रतिवादी गणेशबहादुर कार्कीलाई बिक्री गरेको भन्ने कुरा पुष्टि भएको देखिएकोले निज प्रतिवादी राजु भण्डारीले चोरीको महलको १ र १२ नं. बमोजिम चोरीको कसुर गरेको ठहराई एक महिना कैद र रू.५५,०००।– जरिवाना गर्ने ठहराएको संयुक्त इजलासको राय मनासिब देखिने ।

बरामद भएको मोटरसाइकलको तत्कालीन किनबेचको मूल्य रू. ५५,०००।– भएको भन्ने मिति २०६०।५।१० को मुचुल्काबाट देखिएकोमा रू.३०,०००।– मा खरिद गरेको यी प्रतिवादी गणेशबहादुर कार्कीले मोटरसाइकलको तत्कालीन मूल्यको ४५ प्रतिशतभन्दा कम मूल्यमा खरिद गरेको देखिँदा प्रमाण ऐन, २०३१ को दफा ७क को उक्त व्यवस्थाबमोजिम प्रतिवादीले चोरीको सामान भएको भन्ने जानीजानी खरिद गरेको देखिन आउने ।

चोरीको महलको २३ नं. को उल्लिखित व्यवस्थाअनुसार कुनै वस्तु खरिद गर्दा १५ प्रतिशतसम्म नाफा राखिएको अवस्थामा लिखत नगरी लिएको भए पनि र १५ प्रतिशतभन्दा बढी नाफा राखिएको अवस्थामा पनि लिखत गरी लिएमा चोरीको वस्तु भन्ने नजानी लिएको अवस्थामा चोरीको कसुर गरेको बात नलाग्ने भन्ने उल्लेख छ । प्रस्तुत मुद्दामा चोरी भएको मोटरसाइकलको मूल्य रू. ५५,०००।– कायम भएकोमा यी प्रतिवादीले १५ प्रतिशतभन्दा

बढी नाफा गरी रू. ३०,०००।– मा खरिद गरेको तर मोटरसाइकल खरिद बिक्री गरेको कानूनबमोजिम कुनै लिखत नभएको अवस्थामा सो माल चोरीको हो भन्ने जानीजानी खरिद गरेको मान्नु पर्ने देखिन आउने।

वस्तुतः विधायिकाले चोरीको महलको १ र १२ नं. को परिपूरकको रूपमा नै सोही महलको २३ र २४ नं. को व्यवस्था गरेको देखिन आउँछ। सङ्कलित सबुद प्रमाणको आधारमा कुनै अभियुक्त चोरी गर्ने कार्यमा प्रत्यक्ष संलग्न नभई चोरी गरेको वस्तु हो भन्ने जानी बुझी खरिद गर्ने कार्यमा मात्र संलग्न रहेको देखिएको अवस्थामा अभियोजन पक्षले चोरीको महलको १ र १२ नं. बमोजिम दाबी लिएको तर २३ र २४ नं. को दाबी नलिएको भन्ने आधारमा प्रतिवादीलाई कसुरबाट सफाइ दिने हो भने विधायिकाले चोरीको महलमा व्यवस्थित गरेको उक्त कानूनी व्यवस्थाको सार्थक अर्थ भयो भन्न नमिल्ने।

प्रतिवादीमध्ये राजु भण्डारीलाई कसुरदार ठहर्‍याएको तथा प्रतिवादी टेकराज अधिकारीलाई सफाई दिएको हदसम्म सहयोगी माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठको रायसँग सहमत भई प्रतिवादी गणेशबहादुर कार्कीको हकमा सफाइ दिएको रायसँग सहमत हुन नसकी निज प्रतिवादीले चोरीको मोटरसाइकलको कायम भएको मूल्यभन्दा करिब करिब आधा मूल्यमा खरिद तथा प्रयोग गर्ने कार्य गरी चोरीको माल हो भन्ने जानीजानी खरिद गरेको देखिएकोले निजउपर चोरीको महलको १ र १२ नं. बमोजिमको अभियोग दाबी भए पनि चोरीको महलको २३ र २४ नं. बमोजिम सजाय गर्न मिल्ने हुँदा निजले चोरीको महलको २३ नं. को कसुर गरेको ठहर्‍याई निजको हकमा पुनरावेदन अदालतको फैसला केही उल्टी गरी चोरीको महलको २४ नं. अनुसार बिगोबमोजिम रू. ५५,०००।– जरिवाना हुने ठहराई माननीय न्यायाधीश श्री भरतराज उप्रेतीबाट व्यक्त भएको राय कानून एवम् न्यायको रोहमा मनासिब देखिन आउने हुँदा मोटरसाइकल चोरीको कुरामा उजुर गर्ने हदम्याद सम्बन्धमा चोरीको महलको २९ नं. आकर्षित हुने भई प्रस्तुत मुद्दाको जाहेरी दर्खास्त हदम्यादभित्र नपरेको भन्न मिल्ने नहुँदा एवम् प्रतिवादी राजु भण्डारीले जाहेरवालाको मोटरसाइकल चोरी गरी प्रतिवादी गणेशबहादुर कार्कीलाई बिक्री गरेको पुष्टि भएको हुँदा राजु भण्डारीलाई सफाइ दिएको पुनरावेदन अदालत, पाटनको फैसला केही उल्टी भई निजलाई चोरीको महलको १ नं.को कसुरमा १२ नं. बमोजिम एक महिना कैद र रू. ५५,०००।– जरिवाना हुने, प्रतिवादी गणेशबहादुर कार्कीले चोरी भएको मोटरसाइकल जानी बुझी रू. ३०,०००।– मा खरिद गरेको भन्ने कुरा सबुद प्रमाणबाट पुष्टि भएकाले निजलाई चोरीको महलको १ र १२ नं. बमोजिमको अभियोग दाबी भए पनि चोरीको महलको २३ नं. को कसुरमा ऐ २४ नं. बमोजिम सजाय गर्न मिल्ने हुँदा निजलाई बिगोबमोजिम रू.५५,०००।– जरिवाना हुने तथा प्रतिवादी टेकराज अधिकारीको जाहेरवालाको मोटरसाइकल चोरी गर्ने कार्यमा संलग्नता रहेको पुष्टि भएको नदेखिँदा निजले सफाइ पाउने कुरा नै कानूनसम्मत एवम् न्यायोचित देखिन आउँछ। तसर्थ सोबमोजिम यस अदालतको संयुक्त इजलासमा माननीय न्यायाधीश श्री भरतराज उप्रेतीले व्यक्त गर्नुभएको राय मनासिब हुँदा सोही राय सदर हुने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल फागुन १४ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WH-००७७, बन्दीप्रत्यक्षीकरण, *अधिवक्ता भ्रमणकुमार श्रेष्ठ वि. महानगरीय प्रहरी वृत्त, बौद्ध, काठमाडौंसमेत*

बालबालिका आभा, सुप्रिया र गौरवलाई प्रहरी कार्यालयले नै निवेदक संस्था सहयोगी समाज नेपाललाई संरक्षण गर्नका लागि जिम्मा दिएको भन्ने निवेदक संस्थाको भनाइ देखिन्छ । यसरी जिम्मा लगाउँदा सामुदायिक प्रहरी सेवासमेतबाट जिम्मा लगाइएको भन्ने व्यहोराको पत्रको प्रतिलिपिसमेत मिसिल संलग्न रहेको पाइन्छ । बालबालिकाहरू केही दिन केही महिनामात्रको हुँदा लालन पालन गर्न जिम्मा लिएको संस्थाले बालबालिकाहरूप्रति दुर्व्यवहार गरेको वा निजहरूलाई कुटपिट गरेको भन्ने आधारमा केन्द्रीय बालकल्याण समितिको अनुरोधको आधारमा गरिएको कारवाहीस्वरूप यी बालबालिकाहरू निवेदक संस्थाको संरक्षकत्वबाट वञ्चित भएको देखिन्छ । यही संस्थाले त्यस्तो दुर्व्यवहार गरेको भन्ने यकिन गर्न सकिने ठोस सबुद लिखित जवाफ प्रस्तुतकर्ताले पेस गर्न सकेको पनि देखिएन । निवेदक संस्था रहेको घरको पूर्व घरधनीले दुर्व्यवहार गरेकै भए पनि त्यो प्रश्न प्रस्तुत मुद्दाको सन्दर्भमा विचारणीय छैन किनकि वर्तमान अवस्थामा निवेदक संस्था वा बालबालिका पूर्व घरधनीको प्रत्यक्ष वा परोक्षरूपमा नियन्त्रणमा रहेको भन्ने मिसिलबाट नदेखिने ।

निवेदक संस्थाको संरक्षकत्वमा रहँदा यी बालबालिकाले विगतमा कुनै दुर्व्यवहार सहनु परेको अवस्था मिसिलबाट देखिँदैन भने यस्तो अवस्थामा यो संस्थाको सहमति वा स्वीकृतिबिना यी बालबालिकालाई उक्त संस्थाको संरक्षकत्वमा हटाउनका लागि यथेष्ट कारण वस्तुनिष्ठ आधारमा प्रमाणित हुनुपर्ने हुन्छ । प्रहरी कार्यालयले संरक्षण गर्न जिम्मा दिएकै भरमा निवेदक संस्थाले यी बालबालिकाको शिक्षादीक्षा लालन पालन गरी आएको अवस्थामा प्रहरी कार्यालयले नै त्यहाँबाट छुटाई अर्को संस्थामा निजहरूलाई पठाउँदा ती बालबालिकाको मनोदशा कस्तो हुन्छ भन्ने कुराको पनि हेक्का राख्नु जरूरी हुन्छ । अनाथ बालबालिकालाई जुनसुकै बालकल्याणकारी संस्थाले कानूनबमोजिम आफ्नो संरक्षकत्वमा राख्न नसक्ने होइन तर त्यसरी राख्दा बालबालिकाको सर्वोत्तम हित र रूचिलाई ध्यान दिनु त्यत्तिकै आवश्यक हुन्छ । बन्दी बनाइएका भनेको बाल हेल्प लाइनमा राखिएका बालबालिकाहरूलाई इजलाससमक्ष सोधपुछ गर्दा निजहरूले निवेदक संस्थासँग रहन इच्छा जाहेर गरेको र निवेदक संस्थालाई नै सामुदायिक प्रहरी सेवा चाबहिलबाट जिम्मा दिएको देखिएको अवस्थामा बालबालिकाको इच्छा विरूद्ध निजहरूलाई विपक्षी संस्थामा राखी राख्न उचित नहुँदा विपक्षी बाल हेल्पलाइन नेपालको जिम्माबाट छुटाई निवेदक संस्था सहयोगी समाज नेपाललाई निज बालबालिकाहरू आवा भन्ने आभा, सुप्रिया र गौरब जिम्मा लिनका लागि बालबालिकासम्बन्धी ऐन, २०४८ का सर्तहरू पालन गर्ने गरी कागज गराई निवेदक संस्थाको जिम्मामा बालबालिकाहरू पठाइदिने ।

इजलास अधिकृत: अनिलकुमार शर्मा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल साउन २२ गते रोज ६ शुभम् ।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-RB-००१२, बैंकिङ कसुर, *नेपाल सरकार वि. काले लामासमेत*

करारबमोजिम कर्जा नतिरेमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ बमोजिम बैंकले ऋणी प्रतिवादीहरू काले लामा, नवीन श्रेष्ठ र हेमराज श्रेष्ठ तथा जमानीकर्ता प्रतिवादीहरू क्रमश: सन्तमाया र सानुकान्छा लामा, मुक्तबहादुर विश्वकर्मा तथा अर्जुन श्रेष्ठसमेतबाट थप धितो सुरक्षण लिन सक्ने, प्रतिवादीहरूको स्वामित्वमा रहेको वा निजहरूको हक लाग्ने अन्य चल अचल सम्पत्तिबाट प्रचलित कानूनबमोजिम साँवा ब्याज असुल गर्नसक्ने आदि व्यवस्था हुनुका साथै उक्त ऐनमा प्रतिवादीहरूको विदेशस्थित कुनै सम्पत्ति भए सो सम्पत्तिसमेतबाट कर्जा असुल गर्न सक्ने र बैंकले कर्जा नतिर्ने प्रतिवादीहरूलाई कालो सूचीमा राख्नसमेत सक्ने व्यवस्था गरेको देखिन्छ । बैंकले प्रतिवादीहरूसँग भएको सम्झौताबमोजिम भाखाभित्र साँवा ब्याज नतिर्ने प्रतिवादीहरूउपर उपर्युक्त कानूनी व्यवस्थाबमोजिम कर्जा असुलीसम्बन्धी अन्य कारवाही गरेको भन्ने नदेखिने ।

बैंकले दिएको ऋण असुलउपर गर्ने सम्बन्धमा उल्लिखित ऐनमा प्रक्रियासमेत निर्धारण गरेको पाइन्छ जुन कुरा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ मा पाइँदैन । तसर्थ बैंकको कर्जा सुरक्षणका लागि बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ नै आकर्षित हुने हुन्छ, बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ हुँदैन । बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ८ मा भएको कानूनी व्यवस्था हेर्दा कसैले पनि बैंक वा वित्तीय संस्थाबाट जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी वा गराई कर्जाको दुरूपयोग गर्नु वा गराउनु हुँदैन भन्ने उल्लेख भएको देखिन्छ । यसबाट जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोबाहेक अन्यत्र सो कर्जा प्रयोग गर्न नहुने र सो गरेमा सजाय हुने व्यवस्था भएको देखिन आउँछ । प्रस्तुत मुद्दामा माइक्रो बस खरिद गर्न भनी लिएको कर्जा माइक्रो बस खरिद नगरी अरू कुनै प्रयोजनमा प्रतिवादीहरूले ऋण लगानी गरेको वा खर्च गरेको भन्ने देखिएको छैन । प्रतिवादीहरू ऋणी तथा जमानीकर्ता भई हायर पर्चेज कर्जाअन्तर्गत सवारी साधन खरिद गर्न ऋण लिएको र सो ऋणबाट खरिद गरेको गाडी थोत्रो भएको भनी वादी स्वयम्ले स्वीकार गरेको पाइन्छ । प्रतिवादीहरूले सम्झौताभन्दा बाहिर गई यो यस्तो कारोबार गरेको वा यो यसरी कर्जा दुरूपयोग गरेको भन्ने अभियोगपत्रमा उल्लेख भएको पनि नदेखिने हुँदा हायर पर्चेज कर्जा असुल हुन नसकेको अवस्थामा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ८ आकर्षित हुन सक्ने नदेखिँदा अभियोग दाबी खारेज हुने ठहरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।१२।१५ मा भएको फैसला मनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृत : अनिलकुमार शर्मा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल साउन २० गते रोज ४ शुभम् ।

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-RB-००२८, बैंकिङ कसुर, *नेपाल सरकार वि. मनोजप्रसाद चिमरिया*

एभरेष्ट बैंक लिमिटेडबाट प्रेषित मिति २०६८।१२।८ को पत्र हेर्दा चेकको मिति, चेक रकम, चेक जारी गर्ने पार्टी र भुक्तानी पाउने पार्टीसमेतको नाम

उल्लेख गरी पठाएको र पत्रसाथ संलग्न स्टेटमेन्टको विवरणबाट २०६८।११।१७ मा क्यास डिपोजिट उल्लेख गरी क्रेडिट महलमा विभिन्न रकम उल्लेख गर्दै ब्यालेन्स महलमा रू. ४,००१२,८००।– उल्लेख भएको देखिन्छ भने गुड फर पेमेन्टको चेक सिफारिस गर्दा लाग्ने कमिसन रू. २००।– का दरले उल्लेख गरी खातामै डेबिट गरी कट्टा गरेको देखिन्छ । यसरी उक्त मितिमा A/C No ००७००१०५२००२६० मा रू. ४०,०१२,८००।– मौज्दात रहेको भन्ने देखिएको र खातामा रकम मौज्दात रहे भएको अवस्थामा गुड फर पेमेन्ट चेक जारी गरिएको भन्ने पाइने ।

मिसिल संलग्न एभरेष्ट बैंकको मिति २०६८।१२।८ को पत्रमा पटकपटक गरी १,९२,०००००।- बैंकमा जम्मा भैसकेको भन्दै सोको भौचरसमेत राखेको पाइएकोले भुक्तानी भएर गएको भनिएको रकम बैंकमा फिर्ता आइसकेको भन्ने देखिँदा बैंकलाई नोक्सानी भएको पनि पाइएन । गुड फर पेमेन्ट चेक सिफारिस गर्दाको समयमा खातामा रकम थियो, निकाल्न जाँदा थिएन भनी जाहेरवालाले बकपत्र गर्दा उल्लेख गरेको हुँदा चेक सिफारिस हुने समयमा खातामा रकम भएको भन्ने कुरालाई निजकै बकपत्रले थप पुष्टि गरेको देखिने हुँदा खातामा रकम मौज्दात भएकै अवस्थामा गुड फर पेमेन्ट चेक सिफारिसको कार्य भएको देखिएको, भुक्तानी भएको भनिएको रकम बैंकमा फिर्ता आई हिसाब मिलानसमेत भएको र प्रतिवादीको कार्यबाट बैंकलाई कुनै हानि नोक्सानी नभएको अवस्थामा प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी पुनरावेदन अदालत, हेटौंडाबाट भएको मिति २०६९।५।१३ फैसला मनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

इति संवत् २०७२ साल साउन २० गते रोज ४ शुभम् ।

४

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CI-०५४३, १२४३, अग्रिम भुक्तानीसहित करारबमोजिमको क्षतिपूर्ति दिलाई भराइ पाउँ, *कृष्ण राणा वि. सिद्धान्तराज पाण्डेसमेत, सिद्धान्तराज पाण्डेसमेत वि. कृष्ण राणासमेत*

प्रतिवादीका वारेसले अदालती बन्दोबस्तको ७८ नं. बमोजिम बयान गर्दा पनि आफ्नै छोरीज्वाइँले समेत जालसाजी गरे भन्न नसकेको अवस्थामा पढेलेखेका जानेबुझेका आफ्नै नाताका साक्षीसमेतलाई गुमराहमा पारी केवल वादीले मात्र सो लिखत जालसाजीबाट तयार गरेका हुन् भनी भन्न मिल्दैन । प्रतिवादी कृष्ण राणा पढ्न नसक्ने अशिक्षित महिला भन्ने पनि मिसिलबाट देखिँदैन । कानूनबमोजिम करार गर्नमा निज असमर्थ र अयोग्य रहेको स्थिति पनि छैन । करारनामाको कागज तयार पार्दा लिखतको अनुहारबाटै रित पुगेको समेत देखिएको छ । करारनामाका लिखतका साक्षी उमेशदेव पन्तले २०६४।०६५ सालको दु.दे. मि.नं. ४०८/४८४४ को करार बदर गरिपाउँ भन्ने मुद्दामा सुरू अदालतमा बकपत्र गर्दा रकम लेनदेन गरी करार भएको हो भनेको पाइन्छ । उक्त लिखत अनुचित प्रभावमा पारी गराइएको वा त्यसमा जालसाजीको कुनै तत्त्व विद्यमान रहेको देखिन आएन । यस्तो अवस्थामा उक्त लिखत झुक्याई गराएको हो भन्ने अवस्था नरहने ।

करार ऐन, २०५६ अनुसार वस्तु बिक्री गर्न गरेको करारको विषयवस्तु चल सम्पत्तिको हकमा मात्र हुन्छ, अचलको हकमा नहुने हुँदा त्यसरी गरिएको करारको आधारमा दायित्व सिर्जना गरिनु हुँदैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरतर्फ हेर्दा करारपश्चात् अन्यत्र बिक्री भई करारको सर्त पुरा नगरेको कारणले अग्रिम भुक्तानी भएको रकम भर्न भराउन प्रस्तुत मुद्दा परेको देखिन्छ । प्रस्तुत मुद्दामा करारबाट जग्गा बिक्री

गर्ने सम्झौता भए पनि करार स्वयम्लाई बिक्रीनामा मानी हक हस्तान्तरण गरिएको विषय देखिने।

करारबाट अचल सम्पत्ति बिक्री हुने नभई लिखत नै पारित हुनु पर्ने भए पनि बिक्री गर्ने उद्देश्यसहितको सर्तहरूको लिखत हुन नसक्ने होइन । बिक्री हुनलाई लिखत पारित गर्ने कुरा करारको सर्त परिपालना गरी पुरा हुने कार्य हो । तर बिक्रीको उद्देश्य राखी कुनै करार हुनै नसक्ने गरी कुनै प्रतिबन्ध लागेको कानूनी व्यवस्था देखिँदैन । त्यसैले त्यस्तो करार स्वतः अवैध भन्न मिल्ने देखिँदैन । त्यस्तो लिखतबाट केही लिनु खानु गरेको भए त्यस्तो लिखतको सर्तबमोजिम तिर्नु बुझाउनु नपर्ने भन्न पनि नमिल्ने।

करारनामाको लिखतमा रू. ५,६१,००,०००।- रूपैयाँमा घरजग्गा खरिद बिक्री गर्ने सर्त भएको हुँदा प्रतिवादीले अग्रिम भुक्तानी लिएको रकमका आधारमा मात्र क्षतिपूर्ति निर्धारण गरिनु हुँदैन भन्ने वादीको पुनरावेदन जिकिरतर्फ हेर्दा प्रतिवादीले करारनामामा उल्लिखित जग्गा कुमारी बैंकलाई बढी मोलमा बिक्री गरेर वादीलाई नोक्सानी भए पनि वादीले आफूले दिँदै नदिएको रकमको बिगोको १० प्रतिशत थप रकम क्षतिपूर्ति पाउन सक्ने उचित आधार देखिँदैन । करार ऐन, २०५६ को दफा ८३(२) मा करारमा उल्लेख भएको रकममध्ये मनासिब माफिकको रकममात्र भराई लिन पाउने व्यवस्था भएकोमा मनासिब माफिकको रकम क्षतिपूर्तिबापत भराइदिने गरी पुनरावेदन अदालतबाट निर्णय भइसकेकोले सोलाई अन्यथा मान्न नमिल्ने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७२ साल साउन १८ गते रोज २ शुभम्।

५

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-WO-०३८१, उत्प्रेषण, *पुरूषोत्तम गौतम वि. तत्कालीन बैंक अफ एसिया हाल एनआईसी एशिया बैंक लिमिटेड, केन्द्रीय कार्यालय, त्रिपुरेश्वर, काठमाडौंसमेत*

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७(१) मा ऋण प्रवाह गर्ने संस्थासँग ऋणी व्यक्ति वा फर्मले कर्जा लिँदा भएको सम्झौता वा सर्त कबुलियतको पालना नगरेमा कर्जाबापत राखेको धितो त्यस्तो संस्थाले लिलाम बिक्री गरी लिन पाउने र ऐ.को उपदफा (२) मा कर्जा प्रवाह गर्ने संस्थाले आफूले प्रवाह गरेको कर्जाको सुरक्षणका लागि राखेको धितो सुरक्षणबाट साँवा ब्याज असुलउपर हुन नसकेमा ऋणीको स्वामित्वमा रहेको वा निजको हक लाग्ने अन्य चलअचल सम्पत्तिबाट कानूनबमोजिम असुलउपर गरी लिन पाउने व्यवस्था भएको देखिन्छ । उक्त कानूनी व्यवस्थाअनुसार बैंकले कर्जाबापत राखेको धितो सुरक्षणबाहेकको ऋणीको अन्य जुनसुकै सम्पत्तिबाट पनि आफ्नो ऋण कर्जा असुल गर्न सक्ने नै देखिँदा विपक्षी बैंकले निवेदन दाबीमा उल्लिखित निवेदकका नामको जग्गा रोक्का राखेको कार्यलाई अन्यथा मान्न नमिल्ने।

मालपोत ऐन, २०३४ को दफा ८ख(२) अनुसार मालपोत कार्यालयले आफैँले स्वेच्छाले जग्गा रोक्का फुकुवा गर्ने नभई कुनै अधिकारप्राप्त निकायको पत्र वा आदेशबाट मात्र कसैका नामको जग्गा रोक्का राख्न र फुकुवा गर्न लेखी आएमा फुकुवा गर्न सक्ने देखिन्छ। सोबमोजिम रोक्का राखेको कार्यमा चित्त नबुझ्ने पक्षले ऐ. ऐनको दफा ३१ बमोजिम पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्ने देखिन्छ। यी रिट निवेदकले दाबी

गरे जस्तै विपक्षी मालपोत कार्यालयले अनाधिकार वा कानूनविपरीत निजका नामको जग्गा रोक्का राखेको भएमा उक्त कानूनद्वारा प्रदत्त पुनरावेदकीय अधिकार प्रयोग गरी उपचार खोज्नु पर्नेमा निवेदकले सो गरेको भन्ने पनि देखिँदैन । यसरी कानूनले नै वैकल्पिक उपचारको व्यवस्था गरेकोमा सोको अनुशरण नगरी यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत रिट क्षेत्रमा प्रवेश गर्न र यस अदालतबाट रिटको माध्यमबाट हस्तक्षेप गर्न नमिल्ने हुँदा विपक्षी बैंकले आफूले प्रवाह गरेको ऋणको सुरक्षाको लागि निवेदकका नामको जग्गा रोक्का राखेको कार्य अन्यथा नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७२ साल भदौ २३ गते रोज ४ शुभम् ।

६

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-WO-०५०५, उत्प्रेषण, *अलिअख्तर मियाँ वि. प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंसमेत*

रिट निवेदकलाई प्रहरी नियमावली, २०४९ को नियम ८८ को खण्ड (ग) र (ङ) को कसुरमा ऐ. को नियम ८४(छ) बमोजिम सामान्यतः भविष्यमा सरकारी नोकरीका लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी निर्णय भएको देखिन्छ । उक्त नियम ८८ को खण्ड (ग) मा बराबर अनुशासनहीन काम गरेमा भन्ने र खण्ड (ङ) मा आफ्नो पदको जिम्मेवारीअनुसार आचरण नगरेमा सजाय गर्ने अधिकारीले त्यस्ता प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउने वा बर्खास्त गर्नसक्ने व्यवस्था रहेको र नियम ८४ मा सजायका विभिन्न प्रकारहरू उल्लेख भै सोको खण्ड (छ) मा भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने सजायको व्यवस्था गरिएको देखिन्छ । यी रिट निवेदकले आफ्नै सहकर्मी साथीको जिम्मामा रहेको हतियारको गोली र सोको म्याग्जिन चोरी गरी आफ्नो घरमा लगी लुकाई पैसा कमाउने नियत राखी साथीसँगै रूपैयाँ पैसा लिई निजैलाई बिक्री गरेको देखिएको छ । प्रहरी सेवा सार्वजनिक शान्ति सुरक्षा र जनताको सुरक्षासँग प्रत्यक्ष रूपमा सम्बन्धित अत्यन्त संवेदनशील सेवा भएको र त्यस्तो सेवामा कार्यरत कर्मचारीमा उच्च अनुशासनको अपेक्षा गरिन्छ । लापरवाही वा कुनै पनि आचरणहीन तथा अनुशासनहीन क्रियाकलापको कुनै गुन्जायस रहन सक्दैन । यदि कसैले त्यसप्रकारका क्रियाकलाप गरेमा कडा दण्डको व्यवस्था गरिएको हुन्छ । त्यस्तो कार्य गर्ने कर्ताउपर सजाय गर्दा उदारता वा लचकता देखाउन जरूरी हुँदैन । यसप्रकार रिट निवेदकले आफ्नै साथीको जिम्मामा भएका बाकसमा राखिएका हतियारको गोली र म्याग्जिन चोरी गरी आचरणहीन तथा अनुशासनहीन कार्य गरेको देखिँदा निजलाई उक्त कानूनी व्यवस्थाबमोजिम सरकारी सेवामा अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी अधिकारप्राप्त अधिकारीबाट भएको निर्णयमा कुनै त्रुटि रहेको नदेखिने ।

रिट निवेदक अलि अख्तर मियाँले आफ्नै सहकर्मीको जिम्मामा रहेका हतियारको गोली र म्याग्जिन चोरी गरी आचरणहीन तथा अनुशासनहीन कार्य गरेको देखिँदा प्रहरी नियमावली, २०४९ को नियम ८८(ग) र (ङ) को कसुरमा ऐ. को नियम ८४(छ) बमोजिम निजलाई सामान्यतः भविष्यमा सरकारी नोकरीका लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी जिल्ला प्रहरी कार्यालय, बाराका प्रहरी

उपरीक्षकले मिति २०६९।७।१९ मा गरेको निर्णय सदर हुने ठहऱ्याई मध्यक्षेत्रीय प्रहरी कार्यालय, हेटौंडाका प्रहरी नायब महानिरीक्षकले मिति २०६९।९।१४ मा गरेको निर्णयमा कुनै त्रुटि रहेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुन सक्ने अवस्था देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर : विकेश गुरागाईं

इति संवत् २०७२ साल भदौ २३ गते रोज ४ शुभम् ।

७

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-WO-१२६२, उत्प्रेषण / परमादेश, *गणेशबहादुर दुरासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*

प्रहरी ऐन, २०१२ मुलुकमा हुने अपराधलाई रोक्ने र पत्ता लगाउने सुयोग्य साधन बनाई शान्ति र व्यवस्था कायम राख्न निर्माण गरिएको भन्ने उक्त ऐनको प्रस्तावबाट झल्कन्छ । कुनै पनि संगठनभित्र अनुशासन, मर्यादित व्यवहार र आचरणको अपेक्षा राखिए जस्तै प्रहरी संगठनभित्र पनि त्यसको खाँचो हुन्छ नै । संगठनभित्र हुने अनुशासनहीन कार्य रोक्न, त्यस्तो कार्य गर्नेलाई सजाय गर्न र अन्यलाई पनि विद्रोह जस्तो कार्यमा दुरूत्साहित नहुन् भन्ने उद्देश्यले समेत उचित र पर्याप्त सजाय गरी अनुशासन बहाल राख्न जरूरी हुने ।

निवेदकहरूले प्रहरी संगठनमा विरोध प्रदर्शन गरेको कुरा रिट निवेदनमा नै उल्लेख गरेको पाइन्छ । रिट निवेदनमा आफूले गरेको कार्य सशस्त्र विद्रोह नभएको भन्ने पनि जिकिर लिएको सन्दर्भमा हेर्दा सशस्त्र प्रहरी ऐन, २०५८ मा गरिएको सशस्त्र विद्रोहको परिभाषाअनुसार नेपाल राष्ट्रको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पर्ने कार्य नगरेको भन्ने कुराको आधार लिएको देखिन्छ । सशस्त्र प्रहरी ऐनले गरेको परिभाषा सशस्त्र प्रहरीको लागि भएको र त्यसलाई सोही प्रसङ्ग र अर्थमा बुझ्नुपर्ने हुन्छ जबकि प्रहरी ऐनमा उल्लिखित सशस्त्र विद्रोहको अर्थ प्रहरी ऐनकै सन्दर्भमा नै हेर्नुपर्ने हुन्छ । यसमा सशस्त्र प्रहरी ऐन, २०५८ को व्यवस्था आकर्षित हुन नसक्ने ।

प्रहरी संगठनभित्र प्रहरीको कार्यलाई प्रहरी ऐनले कसुर गरेको हो भनी परिभाषित गरेको हुन्छ भने त्यस्तो कुराको अनुसन्धान, अभियोजन र मुद्दा हेर्ने निकाय पनि सोहीअनुसार हुने नै हुन्छ । उक्त ऐनको दफा ३६क अनुसार गठित प्रहरी विशेष अदालतको मुद्दाको फैसला गरेको भन्ने रिट निवेदनमा नै उल्लेख भएको र सोउपर दफा ३६ख को देहाय (२) बमोजिम नेपाल सरकारसमक्ष पुनरावेदन लाग्ने व्यवस्था गरेको देखिन्छ। नेपाल सरकारले हेर्ने मुद्दा नेपाल सरकार कार्य सम्पादन नियमावली, २०६४ बमोजिम गृह मन्त्रालयले हेर्ने र पुनरावेदन गृह मन्त्रीले सुनेकोलाई रिट निवेदकले जिकिर लिएअनुसार गैरकानूनी भन्न मिल्दैन । यद्यपि प्रहरी विशेष अदालतको निर्णयउपर कार्यपालिकामा नै पुनरावेदन लाग्ने वर्तमान व्यवस्थामा पद्धतिगत समस्या भने देखिन्छ । यस सम्बन्धमा कानूनी सुधार गर्नुपर्ने र प्रहरी संगठनमा कार्य गर्नेहरूलाई न्यायिक उपचार र स्वच्छ व्यवहार गर्ने दृष्टिकोणले सो गर्न जरूरीसमेत देखिन आउने ।

निवेदकहरूले प्रहरी संगठनभित्र भएको अनियमितताको विरोध प्रदर्शनसमेत गरेको भन्ने स्वीकार गरेकै देखिएको, उक्त कार्य प्रहरी ऐन, २०१२ अन्तर्गतको कसुर ठहर गरी साधिकार निकायबाट फैसला भएको, उक्त पुनरावेदन तहबाट समेत सदर भएको र त्यसमा कुनै कानूनी त्रुटिसमेत भएको नपाइँदा

रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: अनिलकुमार शर्मा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल साउन १८ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६८-WO-१२९९, उत्प्रेषण/परमादेश, *खड्गबहादुर बुढाथोकीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०६९-WO-००१५, उत्प्रेषण/परमादेश, *गणेश कामी (वि.क.) वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०६९-WO-०२५७, उत्प्रेषण/परमादेश, *गोपाल (वि.क.) समेत वि. मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०६९-WO-०३५३, उत्प्रेषण/परमादेश, *मोती जि.सी. भन्ने मोतिबहादुर घर्ती क्षेत्री वि. गृह मन्त्रालयसमेत*
- ०६९-WO-०६६८, उत्प्रेषण/परमादेश, *त्रिलोकबहादुर चन्द वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०६९-WO-०६६९, उत्प्रेषण/परमादेश, *गणेशबहादुर दुरा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०६९-WO-०८५२, उत्प्रेषण/परमादेश, *सुजन शाही वि. दंगा नियन्त्रण प्रहरी गण, कोहलपुर बाँकेसमेत*
- ०६९-WO-०८५३, उत्प्रेषण/परमादेश, *लक्ष्मण लोनिया वि. दंगा नियन्त्रण प्रहरी गण, कोहलपुर बाँकेसमेत*
- ०६९-WO-०८५४, उत्प्रेषण/परमादेश, *शिवबहादुर भण्डारी वि. दंगा नियन्त्रण प्रहरी गण, कोहलपुर बाँकेसमेत*
- ०६९-WO-०८५५, उत्प्रेषण/परमादेश, *दिलबहादुर बस्नेत वि. दंगा नियन्त्रण प्रहरी गण, कोहलपुर बाँकेसमेत*
- ०६९-WO-०८५६, उत्प्रेषण/परमादेश, *भक्तबहादुर नेपाली वि. दंगा नियन्त्रण प्रहरी गण, कोहलपुर बाँकेसमेत*
- ०६९-WO-०८५७, उत्प्रेषण/परमादेश, *टेकबहादुर कामी वि. मध्यपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी गण मुख्यालय, सुर्खेतसमेत*
- ०६९-WO-०८५८, उत्प्रेषण/परमादेश, *भद्रबहादुर शाही वि. मध्यपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी गण मुख्यालय, सुर्खेतसमेत*
- ०६९-WO-०८५९, उत्प्रेषण/परमादेश, *बसन्तबहादुर वि.क. वि. दंगा नियन्त्रण प्रहरी गण, कोहलपुर बाँकेसमेत*
- ०६९-WO-०८६०, उत्प्रेषण/परमादेश, *नेत्रबहादुर थापा वि. दंगा नियन्त्रण प्रहरी गण, कोहलपुर बाँकेसमेत*
- ०६९-WO-०८६१, उत्प्रेषण/परमादेश, *टेकबहादुर शर्मा वि. मध्यपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी गण मुख्यालय, सुर्खेतसमेत*
- ०६९-WO-०८६२, उत्प्रेषण/परमादेश, *रूपधन शाही वि. दंगा नियन्त्रण प्रहरी गण, कोहलपुर बाँकेसमेत*
- ०६९-WO-०८६३, उत्प्रेषण/परमादेश, *भोलानाथ ढकाल वि. मध्यपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी गण मुख्यालय, सुर्खेतसमेत*
- ०६९-WO-०८६४, उत्प्रेषण/परमादेश, *कृष्णबहादुर भण्डारी वि. दंगा नियन्त्रण प्रहरी गण, कोहलपुर बाँकेसमेत*
- ०६९-WO-०८६५, उत्प्रेषण/परमादेश,

*योगेन्द्र यादव वि. दंगा नियन्त्रण प्रहरी गण, कोहलपुर बाँकेसमेत*

- ०६९-WO-०८६६, उत्प्रेषण/परमादेश, *दुर्गाबहादुर सुनार वि. दंगा नियन्त्रण प्रहरी गण, कोहलपुर बाँकेसमेत*
- ०६९-WO-०८६७, उत्प्रेषण/परमादेश, *गोपालबहादुर वली वि. दंगा नियन्त्रण प्रहरी गण, कोहलपुर बाँकेसमेत*
- ०६९-WO-०९६०, उत्प्रेषण/परमादेश, *गणेशबहादुर कामी वि. दंगा नियन्त्रण प्रहरी गण, कोहलपुर बाँकेसमेत*
- ०६९-WO-०९६१, उत्प्रेषण/परमादेश, *मोहनदेव विष्ट वि. मध्यपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी गण मुख्यालय, सुर्खेतसमेत*
- ०६९-WO-०९७५, उत्प्रेषण/परमादेश, *रविन्द्र के.सी. वि. दंगा नियन्त्रण प्रहरी गण, कोहलपुर बाँकेसमेत*

८

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-०२६६, जबरजस्ती करणी, *प्रकाश भट्ट वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा कसुरमा इन्कारी बयान गरेको र निजका साक्षीको बकपत्र पनि प्रतिवादीउपरको कसुर आधारहीन हो भन्नेतर्फ लक्षित रहेको पाइए पनि प्रतिवादीले मौकामा बयान गर्दा नवराज वि.क. को घरमा राति पीडितलाई समातेको कुरा स्वीकार गरेको देखिन्छ । मौकामा कागज गर्ने नन्दा बरालले पीडितलाई प्रतिवादीले काखमा च्यापी लगेको देखेको भनी कागज गरेकी र सोही कुराको समर्थन हुने गरी बकपत्र गरिदिएको पनि पाइन्छ । त्यसैगरी जाहेरवाली लक्ष्मी बडुवालले समेत प्रतिवादी र पीडितलाई एकै ठाउँमा देखेको र पीडितले निजलाई प्रतिवादीले करणी गरेको भनेको भनी बकपत्रमा उल्लेख गरेको पाइयो । यसबाट प्रतिवादीको भनाइ खण्डित हुन जाने ।

प्रस्तुत मुद्दामा प्रतिवादीको कसुरमा इन्कारी बयान रहे तापनि पीडितलाई करणी गरेको देखिने शारीरिक जाँच प्रतिवेदन, प्रतिवादीले पीडितलाई करणी गरेको भन्ने निज अबोध नाबालिकाको भनाइका साथै निजहरूलाई एकैसाथ देख्ने प्रत्यक्षदर्शीको बकपत्रसमेतका आधारमा प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि भएको हुँदा पुनरावेदन अदालत, दिपायलको फैसला अन्यथा देखिएन । उक्त अदालतको मिति २०६९।३।५ को फैसला सदर हुने ठहर्छ । आरोपित कसुरबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: अनिलकुमार शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल असार ३० गते रोज ४ शुभम् ।

९

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WO-०६०९, उत्प्रेषण, *भावना निरौला वि. कर्मचारी सञ्चयकोष, पुल्चोक ललितपुरसमेत*

सिफारिस भएको उम्मेदवार नियुक्त लिन नआएको वा नियुक्ति लिएपछि पनि सात दिनभित्र कार्यभार सम्हाल्न नआएको अवस्थामा मात्र प्रतिक्षा सूचीमा रहेको उम्मेदवारले नियुक्ति पाउन सक्ने स्पष्ट उल्लेख गरेको पाइयो । एक वर्षसम्म प्रतिक्षा सूची कायम रहने भन्ने निर्देशिकाको प्रावधान यसै सन्दर्भमा आकर्षित हुनुपर्दछ भन्ने रिट निवेदिकाको मागतर्फ हेर्दा निर्देशिका र नियमावलीमा नियमावलीको प्रावधानले नै महत्त्व राख्ने हुन्छ । नियमावलीअन्तर्गत निर्देशिका बनेको हुँदा निर्देशिकाको प्रावधानले नियमावलीको

प्रावधानलाई निष्क्रिय तुल्याउन सक्दैन । कर्मचारी सञ्चयकोष कार्यविधि निर्देशिका, २०५८ मा "कर्मचारी सञ्चय कोष कर्मचारी सेवा सर्त नियमावली, २०४८ मा व्यवस्था भएबमोजिम रिक्त पदपूर्ति गर्दा अपनाइने प्रक्रियालाई व्यवस्थित र एकीकृत गर्न आवश्यक भएकोले यो निर्देशिका बनाई लागू गरिएको छ" भन्ने उल्लेख छ । यसरी निर्देशिकाको उत्पत्तिको स्रोत नै उक्त नियमावली रहेको अवस्थामा नियमावलीको व्यवस्था नै लागू हुनुपर्ने ।

नियमावलीको नियम ३.९(२)घ मा भएको "योग्यताक्रम प्रकाशित भएको मितिले अर्को योग्यताक्रम ननिक्लिन्जेल बढीमा एक वर्षभित्र समान प्रकृतिको समान दरबन्दीको पद खाली हुन आएमा" भन्ने व्यवस्था मिति २०६४।५।६ को संशोधनबाट हटाइसकेको भन्ने पनि देखिन आयो । यसबाट पनि नियमावलीले नियम ३.१० को प्रतिबन्धात्मक वाक्यांशको अवस्थामा बाहेक अन्य अवस्थामा प्रतिक्षासूचीमा रहेका उम्मेदवारलाई नियुक्तिको लागि योग्य मानेको देखिन आउँदैन । विज्ञापित पदमा सफल उम्मेदवारले नियुक्ति लिई हाजिरसमेत भएको भन्ने लिखित जवाफ देखिएकोले पद रिक्त रहेको भन्ने देखिँदैन । रिक्त पदको पदपूर्ति भइसकेको अवस्थामा निवेदिकाले वैकल्पिक उम्मेदवार भएका नाताले एकपटक पदपूर्ति भई पछिबाट रिक्त हुन आएको अवस्थामा पनि नियुक्ति पाउने व्यवस्था हाल बहाल रहेको नपाइने हुँदा कर्मचारी सेवा सर्त नियमावलीको नियम ३.१० को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्थाबमोजिम मात्र प्रतिक्षा सूचीमा रहेको वैकल्पिक उम्मेदवारले नियुक्तिको अवसर पाउने भनी स्पष्ट व्यवस्था गरेको अवस्थामा राष्ट्रसेवक कर्मचारीको सेवा सर्तसम्बन्धी अन्य कानूनमा भएको व्यवस्था अनुकरण र अनुशरण गर्नु नपर्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: अनिलकुमार शर्मा

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७२ साल साउन १७ गते रोज १ शुभम् ।

१०

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CR-००२३, ००७१, ०१०७, भ्रष्टाचार, *नेपाल सरकार वि. मिनर्भा अधिकारीसमेत, मिनर्भा अधिकारीसमेत वि. नेपाल सरकार, शान्तराज रेग्मी वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी मिनर्भा अधिकारीले अनुसन्धानको क्रममा गरेको बयानलाई हडबडाएर आत्तिएर गरेको भने पनि घटना विवरण सविस्तार खुलाई बयान गरेको र निजले अदालतसमक्ष गरेको बयान प्रमाणद्वारा पुष्टि हुन नसकेको अवस्थामा निजको अनुसन्धानको क्रममा भएको उक्त बयानलाई अविस्वसनीय मान्नु पर्ने कुनै कारण देखिँदैन । आफ्नो साथबाट वा आफूले चढेको सवारी साधन तथा आफ्नो सिटबाट बरामद भएको रकम अन्यथा प्रमाणित नभएसम्म निजकै मान्नु पर्ने हुँदा निजले आफ्नो सिटमुनि फेला परेको रकम कसले राख्यो भनी वादी पक्षले खुलाउन सक्नु पर्ने भनी लिएको जिकिर हाँस्यास्पद देखिन्छ । निजले आफूले चढेको साधनमा अन्य व्यक्ति वा ड्राइभरले सिटमुनिको म्याटभित्र रकम राखेको भनी पोल वा शङ्कासमेत गरेको नदेखिँदा अहिले आएर अन्यथा जिकिर लिन नमिल्ने ।

पुनरावेदक प्रतिवादी शान्तराज रेग्मीको हकमा विचार गर्दा, निजले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफ्नो साथबाट बरामद भएको रकममध्ये रू. ३५,०००।- बजारमा सामान खरिद गर्न र उपचार गर्न भनी घरबाट ल्याएको र बाँकी रू. ४४,५००।- विभिन्न

भन्सार एजेन्टले निकासी/आयातको काम गरिदिएबापत दिएका हुन्, त्यस्तो रकम निकासी/आयात शाखाका कर्मचारीहरूलाई भन्सार एजेन्टहरूले दिने गर्दछन् भनी घटनाको सविस्तार वर्णन गरी कसुरमा साबित रहेको देखिन्छ । निजले अदालतसमक्ष बरामद भएको सम्पूर्ण रकम आफ्नै हो भनी कसुरमा इन्कार रही बयान गरे पनि अनुसन्धानको क्रममा भएको उक्त बयानलाई खण्डन गर्न नसकी मौकाको सो बयान अनुसन्धान गर्न सहज होस् भन्ने हेतुले गरेको भनी उल्लेख गरेको देखिन्छ । भ्रष्टाचार मुद्दामा बरामद भएको रकमको बैध स्रोत देखाउने दायित्व प्रतिवादीकै हुन्छ । बरामद भएको रकममध्ये प्रतिवादीले आफ्नो भनी किटान गरेको रकमलाई सुरू अदालतले स्वीकारै गरेको छ, जुन अस्वाभाविक देखिँदैन । तर आफैंले घरबाट ल्याएको भनेको रकमभन्दा बाहेकको रकमको हकमा अन्यथा प्रमाणित नगरेसम्म निजको आफ्नो नरहेको मान्नु पर्ने हुन्छ । निजले सो रकमको वैधता सिद्ध नगरी भन्सार एजेन्टहरूले दिएको भनेबाट कारोबारको प्रकृतिबाटै गैर कानूनी प्रकृतिको देखिँदा निजबाट बरामद भएको रकममध्ये निजले घरबाट लिएर आएको आफ्नो भने बाहेकको रकम रिसवतबापतको होइन भनी मान्न नमिल्ने ।

पुनरावेदक प्रतिवादीहरू मिनर्भा अधिकारी र शान्तराज रेग्मीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुर स्थापित हुन कुनै काम गर्न वा नगर्न मोलाहिजा गरी रिसवत लिएको भन्ने कुरा पुष्टि हुनु पर्दछ, कुन काम गर्न वा नगर्नका लागि रकम लिएको भन्ने कुरा वादी पक्षले पुष्टि गर्न नसकेको अवस्थामा कसुरदार ठहर गर्न मिल्दैन भनी लिएको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, निज प्रतिवादीहरूले भन्सार जाँचको क्रममा सुविधा दिन दिलाउनका लागि विभिन्न व्यक्तिहरूसँग भन्सार एजेन्टमार्फत रकम लिने गरेको कुरा स्वीकार गरेको देखिन्छ । अमुक घटना वा व्यक्तिलाई किटान नगरेको भन्दैमा सर्वसामान्य रूपमा उठ्ती पुठ्ती गर्ने गरेको कुराले कसुरको कार्यको व्यापकतालाई नै इङ्गित गर्दछ । एकभन्दा बढी व्यक्तिबाट रकम असुल गरी सेवा प्रदान गर्ने गरेको अवस्थामा अमुक व्यक्तिबाट के कामको लागि के कति असुल गरेको भनी पुष्टि गर्न प्रतिवादीले सहयोग गरेमा मात्रै सम्भव रहन्छ । यसप्रकार प्रतिवादीहरूले आफ्नो साथ तथा आफू सवार सवारी साधनको सिटमुनिबाट बरामद रकमको वैधता पुष्टि गर्न नसकेको अवस्थामा त्यस्तो कुराको विस्तृत स्रोत र रकम जम्मा हुन आउनुको घटना वा तथ्य पनि वादी पक्षले पुष्टि गर्नुपर्छ भन्नु रौचिरा कुराको खोजी गरी कसुरदारलाई उन्मुक्ति दिलाउने आधार बनाउन खोज्नु मात्रै हुन्छ । फौजदारी न्यायको सिद्धान्तले त्यस्तो तर्क मन्जुर गर्न नसक्ने हुँदा उक्त जिकिरसँग सहमत हुन नसकिने ।

विशेष अदालतले सफाई दिएका प्रतिवादीहरू भरतराज घिमिरे, मीनबहादुर खत्री, शिशिरबहादुर गौतम, विष्णुमणी खनाल, शिवप्रसाद ढुंगाना र ऋषिराम जमरकट्टेलका हकमा वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, कसुर ठहर भएका प्रतिवादीहरूबाट अवैध रकम बरामद भएको र निजहरूले उक्त रकम विभिन्न काम गरिदिएबापत भन्सार एजेन्टहरूले दिएको तथा यसप्रकारको रकम लिने दिने परम्परा नै भएको भने पनि उक्त बरामद रकममध्ये यो यति रकम यो यसले दिएको भनी खुलाउन सकेको देखिँदैन । निज प्रतिवादीहरू मौकामा अनुसन्धान अधिकारीसमक्ष र अदालतमा बयान गर्दासमेत घुस रिसवत दिएको कुरामा इन्कार रहेका देखिन्छन् । प्रतिवादीहरू मिनर्भा अधिकारी

र शान्तराज रेग्मीको साथबाट बरामद भएको स्रोत नखुलेको रकम यी प्रतिवादीहरूले नै दिएको भन्ने कुरा ठोस र भरपर्दो प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा प्रतिवादीहरू मिनर्भा अधिकारी र शान्तराज रेग्मीले अनुसन्धानको क्रममा बयान गर्दा पोल गरेकै आधारमा मात्र निजहरूलाई कसुरदार ठहर गर्नु न्यायोचित नहुँदा प्रतिवादीहरू मिनर्भा अधिकारी र शान्तराज रेग्मीले सरकारी कामको सिलसिलामा घुस रिसवत लिएको कुरा पुष्टि हुन आएकोले निजहरूलाई जनही ३(तीन) महिना कैद र प्रतिवादी मिनर्भा अधिकारीलाई बिगोबमोजिम रू. ३९,०००।- जरिवाना र प्रतिवादी शान्तराज रेग्मीलाई बिगोबमोजिम रू. ४४,५००।- जरिवाना हुने तथा अन्य प्रतिवादीहरू भरतराज घिमिरे, मीनबहादुर खत्री, शिशिरबहादुर गौतम, विष्णुमणी खनाल, शिवप्रसाद ढुंगाना र ऋषिराम जमरकट्टेलले आरोपित कसुरबाट सफाई पाउने ठहर्‍याई विशेष अदालत, काठमाडौंले मिति २०७०।१२।१३ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल माघ ११ गते रोज २ शुभम्।

११

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-१३४१, १७२२, १४२९, सम्पत्ति शुद्धीकरण, *नेपाल सरकार वि. सरिता गिरी राईसमेत, सरिता गिरी राईसमेत वि. नेपाल सरकार, सेती गिरी वि. नेपाल सरकार*

प्रतिवादी सरिता गिरीले आफूले प्रतिवादी निर्मल राईको श्रीमतीको नाताले निजका नामको सम्पत्ति प्राप्त तथा नामसारीसम्म गरेकै आधारमा सम्पत्ति शुद्धीकरणको दुरूत्साहनकर्ताको कसुरदार ठहर गरेको विशेष अदालतको फैसला मिलेको छैन भनी लिएको जिकिरका सम्बन्धमा विचार गर्दा, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३०(५) मा "यस ऐन अन्तर्गतको कसुर गर्न उद्योग गर्ने, गर्न मद्दत गर्ने वा दुरूत्साहन दिनेलाई कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्थाअनुसार सम्पत्ति शुद्धीकरणको कसुरमा प्रत्यक्षरूपमा संलग्न नरही त्यस्तो कसुर गर्न उद्योग गर्ने, मद्दत गर्ने वा त्यस्तो कसुर गर्न दुरूत्साहन गर्नेलाई सम्पत्ति शुद्धीकरणको कसुर गर्ने मुख्य कसुरदारलाई हुने सजायको आधी सजाय हुने देखिन्छ। प्रतिवादी सरिता गिरीका नाममा अद्यापि विभिन्न बैंकमा नगद मौज्दात तथा जग्गा रहेको र निजले आफ्नो पति निर्मल राईको मृत्यु भएको भनी मृत्युदर्ता प्रमाणपत्र बनाई निर्मल राईका नाममा रहेको सम्पत्ति आफ्ना नाममा नामसारी गराई आफ्ना नजिकका नातेदार बाबु, आमा, दाजु, भाउजूका नाममा कुनै रकम नलिई तहतह हक हस्तान्तरण गरिदिएको देखिन्छ। उक्त सम्पत्ति निजले आफ्नै प्रयत्नबाट आर्जन गरेको नदेखिनुका साथै वादी नेपाल सरकारले पनि निजले सो सम्पत्ति आफैँले आर्जन गरेको भनी दाबी लिन सकेकोसमेत देखिँदैन। यसप्रकार यी पुनरावेदक प्रतिवादी सरिताले आफ्नो पति निर्मल राईले सम्पत्ति शुद्धीकरणको कसुर अपराध गरी आर्जन गरेको सम्पत्ति प्राप्त गरेको तथा निजका नामको सम्पत्ति आफ्ना नाममा नामसारी गरी तहतह हस्तान्तरण गरी पतिले गरेको कसुर अपराधको कार्यमा सहयोगीको भूमिका निभाएको देखिँदा निजले लिएको उक्त पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी सरिताका नाममा रहेका नगद,

घरजग्गा तथा निजले अन्य प्रतिवादीहरूलाई हक हस्तान्तरण गरिदिएका सम्पत्तिहरू निज आफैँले कुनै कार्य गरी आर्जन गरेको भन्ने नदेखिई निजले निर्मल राईको श्रीमतीका नाताले प्राप्तसम्म गरेको देखिन्छ । त्यसै गरी अन्य प्रत्यर्थी प्रतिवादीहरूले आफ्नी छोरी, बहिनी तथा नन्द नाताकी प्रतिवादी सरिताको आग्रहमा निजका नामको सम्पत्ति आफ्ना नाममा नामसारीसम्म गराई लिएको देखिन्छ । प्रत्यर्थी प्रतिवादीहरू सम्पत्ति शुद्धीकरणको कसुरजन्य कार्यमा प्रत्यक्ष संलग्न रहेको मिसिल प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा निजहरूलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर गरी सजाय गर्नु न्यायोचित हुने नदेखिँदा वादी नेपाल सरकारको उक्त जिकिरसँग सहमत हुन नसकिने ।

आफूहरूलाई अभियोग दाबीबाट सफाइ दिएपछि आफ्ना नामको सवारी साधन तथा घरजग्गा जफत गर्न मिल्दैन भनी प्रतिवादीहरू रामचन्द्र गिरी र सेती गिरीले लिएको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा, यी पुनरावेदक प्रतिवादी रामचन्द्र गिरीका नाममा रहेको बा ८ च ४४५९ नं. को गाडी र सेती गिरीका नाममा रहेको कि.नं. ७९ को जग्गा र सोमा बनेको घरसमेत प्रतिवादी निर्मल राईले सम्पत्ति शुद्धीकरणको कसुर गरी आर्जन गरेको ठहरी फैसला भएको देखिन्छ । उक्त गाडी तथा घरजग्गा प्रतिवादी निर्मल राईको नामबाट निजकी पत्नी प्रतिवादी सरिता गिरीले आफ्ना नाममा नामसारी गराई यी पुनरावेदक प्रतिवादीहरूका नाममा हस्तान्तरण गरेको देखिन्छ । उक्त गाडी तथा घरजग्गा यी पुनरावेदक प्रतिवादीले कुनै रकम दिएर खरिद गरेको भन्ने नदेखिई छोरीको आग्रहमा आफ्ना नाममा राखेकोसम्म हो भनी निजहरूले अनुसन्धानको क्रममा र अदालतसमक्ष समेत बयान गरिरहेको देखिँदा ती सम्पत्ति निजहरूको आफ्नो आर्जनको नभई अर्काले सम्पत्ति शुद्धीकरणको कसुर अपराध गरी आर्जन गरेको भन्ने देखिँदा निजहरूको उक्त जिकिरसँग पनि सहमत हुन नसकिने हुँदा प्रतिवादी सरिता गिरी राईले आफ्ना नाममा रहेको नगद, जग्गा लगायतका सम्पत्ति आफ्नो वैध आर्जनको हो भनी देखाउन नसकेको, निजले प्रतिवादी निर्मल राईका नाममा रहेको सम्पत्ति आफ्ना नाममा नामसारी गराई अन्य प्रतिवादीहरूका नाममा तहतह हस्तान्तरण गरी प्रतिवादी निर्मल राईलाई सम्पत्ति शुद्धीकरणको कसुर अपराध गर्ने कार्यमा सहयोगीको भूमिका निभाएको देखिँदा निजलाई २ वर्ष कैद र रू.२,२५,९१,१५३।- जरिवाना हुने र निजका नामको सम्पत्ति जफत हुने तथा अन्य प्रतिवादीहरूले आरोपित कसुरबाट सफाई पाउने ठहर्‍याएको विशेष अदालत काठमाडौंको मिति २०७०।९।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७२ साल माघ ११ गते रोज २ शुभम् ।

१२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CI-१०५२, परमादेश, *हिरामाया श्रीससमेत वि. बागलुङ नगरपालिका नगरका विभिन्न सडकहरू कालोपत्रे गर्ने कार्यको उपभोक्ता समिति २०६८, बागलुङ नगरपालिकाको कार्यालय, बागलुङसमेत*

पदमबहादुर श्रीसको नामदर्ताको बागलुङ जिल्ला, बागलुङ नगरपालिका वडा नं. १ को कि.नं. १०२९ को ०-८-२-३ जग्गामध्ये मूल्य रू.३,५०,०००।- पर्ने ०-०-०-१ जग्गा र हिरामाया श्रीसका नामको ऐ.ऐ. को कि.नं. १६७ को ०-५-०-१ जग्गा तथा कि. नं. ९७७ को ०-१-१-०

जग्गामध्ये मोल रू. ३,५०,०००।- पर्ने ०-०-०-१ जग्गा विपक्षीहरूले कुनै क्षतिपूर्ति नदिई विना अख्तियारी कब्जा गरेकोले उक्त जग्गाको प्रचलित मूल्यअनुसार मुआब्जा रकम दिनु दिलाउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी गरिपाउँ भन्ने निवेदकको मुख्य निवेदन दाबी र पुनरावेदन जिकिर रहेको देखिन्छ। यिनै पुनरावेदकले उल्लिखित जग्गामा लगाएको पर्खाल भत्काई विपक्षीले कब्जा गरेकोले निषेधाज्ञा जारी गरिपाउँ भनी जिल्ला अदालत बागलुङमा निवेदन दायर गरेकोमा उक्त निवेदन खारेज हुने ठहरी फैसला भएको र सो फैसलाउपर निजले पुनरावेदन अदालत, बागलुङमा पुनरावेदन गरेकोमा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहरी फैसला भएको देखिन्छ । तत्पश्चात् निजले सोही जग्गाको क्षतिपूर्ति पाउन बागलुङ जिल्ला अदालतमा दायर गर्न खोजेको मुद्दा दरपिठ भएकोमा पुनरावेदन अदालत बागलुङबाट सो दरपिठ आदेश सदर भएको र सोपछि पनि निजले उक्त सम्पत्तिकै मुआब्जा सम्बन्धमा पुनः पुनरावेदन अदालत, बागलुङमा निषेधाज्ञासहितको परमादेशको रिट निवेदन दायर गरेकोमा निजले उक्त निवेदन अ.बं. ९२ नं. बमोजिम फिर्ता लिएकोसमेत देखिने।

पुनरावेदकले एकै विषयमा फरक फरक नामबाट पटकपटक मुद्दा गरी ती मुद्दाको टुङ्गो लागिसकेको देखियो। यसरी निवेदकको पहिले दायर गरेका मुद्दामा माग बमोजिमको आदेश जारी हुन नसकेको र पहिले दायर गरेका रिट निवेदनको भन्दा फरक परिस्थिति रहेको भनी निवेदकले देखाउन सकेको नदेखिँदासमेत निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था देखिन नआएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, बागलुङबाट मिति २०७०।५।४ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल कात्तिक २९ गते रोज १ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-WO-०३२८, उत्प्रेषण/परमादेश, *रूदलप्रसाद चौहान वि. जिल्ला कार्यालय, गोरखासमेत*

प्रहरी नियमावली, २०४९ को नियम ८८ (ग) मा कुनै प्रहरी कर्मचारीले बराबर अनुशासनहीन काम गरेमा सजाय गर्ने अधिकारीले प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन सक्ने व्यवस्था गरेको पाइएको र निवेदकको तिनपुस्ते अभिलेख समेतबाट बराबर अनुशासनहीन काम गरेको देखिएकोले ऐ. नियमावलीको नियम ८४ (छ) बमोजिम निवेदकलाई नोकरीबाट हटाउने गरी भएको मिति ०६८।०८।२९ को पश्चिम क्षेत्र सशस्त्र प्रहरी गण मुख्य कार्यालय, पार्दी पोखराको निर्णय तथा सोलाई सदर गर्ने गरी गरेको मिति ०६९।०४।३० को पश्चिम क्षेत्रीय प्रहरी कार्यालय, पोखराको निर्णय कानूनअनुरूपकै देखिँदा सो निर्णयले निवेदकको संविधानप्रदत्त हकमा आघात पारेकोसमेत देखिएन । अतः उल्लिखित आधार र कारणबाट निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल भदौ ३१ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-WO-०२५२, उत्प्रेषण, *जितबहादुर आले मगर वि. गृह मन्त्रालयसमेत*

प्रहरी नियमावली, ०४९ (संशोधनसहित) को नियम ८८ को (ङ) र (छ) अध्ययन गर्दा नियम ८८ मा देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउने वा बरखास्त गर्न सक्ने उल्लेख गरी देहाय (ङ) मा आफ्नो पदको जिम्मेवारीअनुसार आचरण नगरेमा तथा देहाय (छ) मा भ्रष्टाचार गरेमा भनी उल्लेख भएको देखिन्छ । त्यसै गरी सोही नियमावलीको नियम ८४ मा उचित र पर्याप्त कारण भएमा प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिने छ भनी देहाय (छ) मा भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउन सकिने व्यवस्था गरेको देखिने ।

प्रमाणमा आएको कारवाही मिसिलबाट निवेदक प्रहरी कर्मचारीले सादा पोसाकमा गई उजुरकर्ता मनोज गुरूङसँग जबरजस्ती रू. २,१००।– लिई बाँडी खाएको र सो तथ्यलाइ निवेदकले पेस गरेको स्पष्टीकरणमा समेत स्वीकार गरेको र निवेदकको उल्लिखित कार्य प्रहरी नियमावली, ०४९ (संशोधनसहित) को नियम ८८ को (ङ) र (छ) मा वर्णित कसुर अपराध देखिँदा सो कसुरमा सोही नियमावलीको नियम ८८ को देहाय (छ) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी भएको विपक्षी जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी उपरीक्षकबाट ०६८।०६।०५ मा भएको निर्णय सदर गरेको पश्चिम क्षेत्रीय प्रहरी कार्यालय, पोखराको मिति ०६१।०३।२१ को पुनरावेदकीय निर्णय अन्यथा रहेछ भनी मान्न मिल्ने नदेखिँदा प्रस्तुत निवेदनमा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: गिता घिमिरे

इति संवत् २०७२ साल भदौ ३१ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको ०६९-WO-०२५३, उत्प्रेषण / परमादेश, *राजेन्द्र पाण्डे वि. गृह मन्त्रालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-WO-०४२४, उत्प्रेषण/परमादेश, *कृष्णप्रसाद ढकालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सार्वजनिक सरोकारको विषयमा निवेदन दिने निवेदकले विवादको विषयवस्तुसँग सार्थक सम्बन्ध र तात्त्विक सरोकार (Meaningful Relation and Substantial Interest) रहेको कुरा देखाउन सक्नु पर्दछ । अन्यथा निवेदन गर्ने हकदैया स्थापित हुन सक्दैन । सार्वजनिक सरोकारका विवादहरूमा हकदैयाको सीमालाई बढाइएको हुन्छ भन्दैमा सबैलाई सबै विषयमा स्वतः निवेदन गर्ने हकदैया हुन्छ भनी अर्थ गर्न नमिल्ने ।

निवेदकको निवेदन गर्ने विषयवस्तुसँग सार्थक सम्बन्ध र तात्त्विक सरोकार अनिवार्य देखिनु र सो दखिने आधारभूत र ठोस आधार प्रमाण निवेदकले निवेदनमा देखाउन सक्नु पर्दछ । अन्यथा सार्वजनिक सरोकारको विवाद हो भन्दैमा जो सुकैको लागि पनि हकदैया विस्तृत (Widen) हुन सक्दैन । प्रस्तुत विवादको विषयवस्तुसँग निवेदकहरूको कुनै सार्थक सम्बन्ध र तात्त्विक सरोकार रहेको छ भनी मान्न

मिल्नेसम्मको कुनै आधार कारण निवेदनसाथ प्रस्तुत गर्न सकेको देखिँदैन । सुकुम्बासी तथा न्यून आय भएका घरबारविहीन व्यक्तिहरूलाई आवास उपलब्ध गराउने उद्देश्यकासाथ काठमाडौं जिल्ला इचंगुनारायण गाउँ विकास समितिमा नेपाल सरकारले ७-१४-२ जग्गा विभिन्न व्यक्तिहरूसँग खरिद गरेको जग्गा रहेको विपक्षीहरूको लिखित जवाफबाट देखिन्छ । जग्गा प्राप्ति ऐनबमोजिम मुआब्जा वितरण गरी प्राप्त गरेको जग्गामा अधिग्रहण गर्दाको अवस्थाको उद्देश्यबमोजिमको कार्य नगरेकोमा सम्बन्धित अधिग्रहणमा परेको जग्गाधनीहरूको सम्म दाबी लाग्न सक्ने देखिन्छ । तर, प्रस्तुत निवेदनको हकमा उक्त अवस्थाको कुनै विद्यमानता देखिँदैन । जग्गा अधिग्रहण नगरेको तथा निवेदकहरू उक्त जग्गाको साबिकको जग्गाधनी पनि नरहेको अवस्थामा इचंगुनारायण गा.वि.स.मा बसोबास गरेको कारणले मात्र निवेदकको विषयवस्तुसँग निवेदकहरूको सार्थक सम्बन्ध रहेको र प्रस्तुत विवाद सार्वजनिक सरोकारको विषय रहेछ भनी अर्थ गर्न मिल्ने नदेखिने ।

न्यून आय भएका र आवास नभएका र सुकुम्बासी जो जे भने तापनि घरबास नभएका हुन् भन्ने प्रस्ट हुन आउँछ । सहरी विकास मन्त्रालयअन्तर्गतको सहरी विकास तथा भवन निर्माण विभाग भनेको सरकारी निकाय हो र यसले बनाउने योजना जनमुखी हुन्छ र हुनु पनि पर्दछ । सरकारको नीति (Policy) को आधारमा योजना बनेको हुन्छ । यस्तो योजना र नीतिका सम्बन्धमा जबसम्म त्यसले जनताको मौलिक हकमाथि ठाडो हस्तक्षेप गरेको हुँदैन अदालतले त्यस्तो नीति विरूद्ध अन्यथा आदेश गर्न मिल्नेसमेत हुँदैन । सुकुम्बासी तथा आवास नहुनेहरूको हितका निम्ति तयार गरिएको योजनाअनुसार जग्गा खरिद गरी योजनाअनुसार घर निर्माण गर्न लागिएको अवस्था हुँदा विपक्षीहरूको उक्त कार्यबाट निवेदकहरूको हक अधिकारमा हस्तक्षेप भएको वा कुनै हानि नोक्सानी भएको पनि नदेखिने हुँदा विपक्षीहरूले निवेदकहरूको जग्गा खरिद गरेको भन्ने नदेखिनुका साथसाथै निवेदकहरू सुकुम्बासी तथा न्यून आय भएका व्यक्तिहरू भएको पनि नदेखिएको अवस्थामा एउटा समुदायको हितको निम्ति बनाएको सरकारी नीति तथा कार्यक्रमको विरूद्ध अनर्थमा सरोकार नै नभएको विषयमा अकारण अदालतमा विवादको उठान गरेको देखिएको र प्रस्तुत रिट निवेदनको कुनै औचित्यसमेत नदेखिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । त्यस्तो प्रकृतिको निवेदनबाट अदालतको महत्त्वपूर्ण समयसमेत खेर जाने हुँदा अब उप्रान्त यस्ता प्रकृतिका निवेदनहरू दर्ता गर्दा निवेदकको हकदैया (Locus Standi) को सन्दर्भलाई समेत विचार गरेरमात्र दर्ता गर्नु भनी रजिस्ट्रारको नाउँमा निर्देशन जारी हुने ।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल भदौ ३१ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-CR-०८६५, ०९१७, कर्तव्य ज्यान, *दिनेश लिम्बू वि. नेपाल सरकार, सुदीप लिम्बू वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीहरूको प्रस्तुत मुद्दाको वारदातमा संलग्नता छ छैन भन्नेतर्फ विचार गर्दा पुनरावेदक प्रतिवादी सुदीप लिम्बूले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष भएको बयानमा मृतकसँग एक्ले ओख्राबुको बर्खान्तमा झगडा भएको भन्ने

र अर्का प्रतिवादी दिनेश लिम्बूले अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानमा मोबाइलको विषयमा मृतकसँग भनाभन भएको कुरालाई स्वीकार गरेका छन् । त्यसैगरी फिष्टीमाया ओख्राबुले आफ्नो बकपत्रको व्यहोरामा *ऐया बिनोस मार्ने हो नमार न* भनी मृतकले भनेको आवाज सुनेको र ढोका खोली हेर्दा तिनजना मानिसहरू भागिरहेको पछाडिबाट देखेको भनी खुलाई दिएको देखिन्छ । यसरी मृतकले मर्ने बेलामा उच्चारण गरेको उक्त वाक्य संवेदनशील छ । प्रतिवादी दिनेश लिम्बूले अदालतको बयानको स.ज. ६ मा हामी एकदमै मिल्ने साथी भएका कारणले निज मृतकले मर्ने अन्तिम बेलामा मेरो नाम लिएको हुनसक्छ भनी उल्लेख गरेको देखिन्छ । वस्तुतः वारदातस्थलमा नभएको कुनै व्यक्तिको मृतकले मर्ने बेलामा नाम लिँदा सम्बन्धित व्यक्तिको नाउँ लिई "गुहार बचाउ" भन्नु पर्ने हो । तर मृतकले मर्ने बेलामा नमार बिनोश भन्नुको अर्थ वारदात स्थलमा पुनरावेदक प्रतिवादी बिनोश लिम्बूको प्रत्यक्ष उपस्थितिमा मात्र भनिने हुँदा मिल्ने साथी भएकोले मृतकले मर्ने बेलामा आफूलाई सम्झेको होला भन्ने प्रतिवादी बिनोश लिम्बूको कथन स्वाभाविक, तर्कसङ्गत र यथार्थता भन्दा टाढा रहेको छ भने अर्कोतर्फ निजले आफू वारदातको समयमा वारदात स्थलमा नभई आफ्नो घरमा रहेको भनी Alibi को जिकिर लिएकोमा वारदातस्थल र निज प्रतिवादीको घरको दुरी केवल १० मिनेटको रहेको कुरा निजकै बयानबाट देखिन्छ । यसरी वारदातस्थलबाट १० मिनेटको छोटो दुरीमा निज प्रतिवादीको घर रहे भएको देखिँदा वारदातपश्चात् पनि आफ्नो घरमा रहन बस्न सक्ने कुरा स्वाभाविक नै देखिन आउने।

पुनरावेदक प्रतिवादी दिनेश लिम्बूको साक्षी तपरेनी घतानी भनेकी अभिमाया घतानीको अदालतमा भएको बकपत्रको स.ज. ५ मा मिति २०६७।१०।१४ गते शुक्रबारका राति ८ बजे म र मेरो छोरा राजकुमार घतानी यी प्रतिवादी बिनोशको घरमा मोबाइल चार्ज गर्न गएका थियौं । त्यहाँ २ घण्टा बसी हामी आफ्नो घर फर्क्यौं भनी उल्लेख गरेको साथै यी प्रतिवादीकै अर्का साक्षी राजकुमार घतानीको अदालतमा भएको बकपत्रको स.ज. ५ मा म र मेरी आमा मोबाइल चार्ज गर्न प्रतिवादी दिनेश लिम्बूको घरमा राती ८:३० बजे पुगी १०:३० बजे आफ्नो घर फर्किएका थियौं । त्यतिबेला यी प्रतिवादी आफ्नै घरमा बसेका थिए। यी प्रतिवादीले मृतकलाई मारे मारेनन् म जान्दिन भनी लेखाई दिएबाट यी पुनरावेदक प्रतिवादी मिति २०६७।१०।१४ गतेको वारदात समय २३:०० बजे आफ्नै घरमा रहे भएको भन्ने र वारदातमा संलग्नता नभएको भन्ने कुरा पुष्टि हुन नआउने।

प्रतिवादी सुदीप लिम्बूले वारदातमा आफ्नो संलग्नता नरहेको र उक्त दिन आफू विवाहको निम्तो मान्न इलाम गएको भनी Alibi को जिकिर लिएको भए तापनि यातायातको सहजता भएको स्थानबाट वारदात मिति २०६७।१०।१४ मा वारदात घटाई भोलिपल्ट मिति २०६७।१०।१५ को विवाहमा सहभागी भई आफ्नो अनुकूलका प्रमाणहरू जुटाउन सक्ने नै हुँदा निजको अन्यथा उपस्थित भएको भनी लिएको Alibi को जिकिर पनि विश्वासनीय देखिन नआउने।

प्रतिवादीहरू बिनोश भन्ने दिनेश लिम्बू र त्वात्तिके भन्ने सुदीप लिम्बूसमेत भई मृतक शुकबहादुर ओख्राबुलाई रिसइबी साँध्ने उद्देश्यले योजनाबद्ध रूपमा रातको समयमा मृतककै घरमा गई निजउपर धारिलो हतियार खुकुरी प्रहार गरी काटी

मारेको वारदात कसुरमा यी प्रतिवादीहरू मौकामा अनुसन्धान अधिकारीसमक्षको बयानमा पूर्णतः साबित रहेका र रातको समयमा यी प्रतिवादीहरू बाहेक अन्य कुनै चोर डाँकाहरू प्रवेश गरेको अनुमान गर्ने हो भने पनि वारदातस्थलबाट धनमाल समेत डाँका चोरी गरेको हुनु पर्ने थियो सो भए गरेको देखिँदैन । त्यसैगरी पुनरावेदक प्रतिवादीहरूको मौकाको साबिती बयानलाई निजहरूको विरूद्ध प्रमाणको रूपमा लिन सकिने देखिने।

पुनरावेदक प्रतिवादीहरू अदालतसमक्ष आरोपित कसुर गरेकोमा इन्कार रहे पनि निजहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा आरोपित कसुर गरेकोमा साबित भएको तथ्य निजहरूको मन्जुरीविपरीत डर, धाक, धम्कीलगायतका कारणबाट दिएको हो भनेर मान्नको लागि पनि प्रमाण ऐन, २०३१ को दफा २८ अनुसार प्रतिवादीहरूले प्रमाण गुजार्न सक्नु पर्नेमा सो प्रमाण गुजार्न नसकेको अवस्थामा प्रतिवादीहरू अदालतमा कसुरमा इन्कार भए तापनि निजहरूले अधिकारप्राप्त अधिकारीसमक्ष आरोपित कसुरमा साबित रहेकोलाई अन्यथा भन्न मिल्ने नदेखिएबाट यसरी घटनास्थल प्रकृति मुचुल्का, लास जाँच प्रकृति मुचुल्का शव परीक्षण प्रतिवेदन तथा वारदातको मौकामा नै देखी सुनी थाहा पाउने फिष्टीमाया ओख्राबुको बकपत्रको कथनसमेतले यी पुनरावेदक प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबिती बयानलाई मालाकाररूपमा समर्थन गरिराखेको अवस्थामा पुनरावेदन अदालत, इलामबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा प्रमाणहरूको विवेचनाबाट पुनरावेदक प्रतिवादीहरू सुदीप लिम्बू र दिनेश लिम्बूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई भएको सुरू ताप्लेजुङ जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, इलामबाट मिति २०७०।१।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल कात्तिक १० गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CI-०२२८, लिखत दर्ता बदर, *राम आश्रे साह कलवार वि. सागरवाल कलवारसमेत*

मुलुकी ऐन, लेनदेन व्यवहारको ४० नं. मा यति कुरामा हदम्याद लाग्दैन भनी सो हदम्याद नलाग्ने जति कुरा प्रस्टरूपमा उल्लेख भएको र लेनदेन व्यवहारका महलमा हदम्याद लेखिएको वा लाग्दैन भनेका कुरामा बाहेक अन्यमा भए गरेको मितिले दुई वर्षभित्र नालेस दिनु पर्ने गरी हदम्यादसम्बन्धी कानूनी व्यवस्था रहेको पाइन्छ । तर प्रस्तुत मुद्दाको विवाद लेनदेन व्यवहारको १० नं. अन्तर्गतको विवाद देखिएको र उक्त नं. मा त्यस्तो विवादको उजुरी दिने हदम्याद प्रस्टरूपमा उल्लेख गरिएको सन्दर्भमा प्रस्तुत मुद्दाका पुनरावेदक वादीले पुनरावेदनपत्रमा लिएको जिकिरबमोजिम प्रस्तुत विवादको लिखतमा ऐ. महलको ४० नं. को हदम्याद आकर्षित हुनसक्ने अवस्था रहे भएको देखिन नआउने।

प्रस्तुत मुद्दाको विवादको लिखत मिति २०६३।६।३ मा रजिस्ट्रेसन भएकोमा त्यसको नक्कल २०६५।५।४ मा सारी लिई पुनरावेदक वादीलाई सो लिखत भएको थाहा हुन आएकोमा प्रस्तुत विवादको लिखतलाई बदर गरिपाउँ भनी मिति २०६५।५।११

मा दर्ता गरेको देखिएबाट प्रस्तुत मुद्दाको फिराद लेनदेन व्यवहारको १० नं. को हदम्याद नाघी दायर भएको देखिँदा हदम्याद नाघी दायर भएको फिरादपत्रबाट सबुद प्रमाणको मूल्याङ्कन गरी कारवाही किनारा गर्न नमिल्ने।

मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. को हदम्याद नाघी दायर भएको प्रस्तुत मुद्दाको फिराद खारेज हुने ठहर्‍याई सुरू बारा जिल्ला अदालतबाट भएको फैसलालाई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६७।२।९ मा सदर हुने ठहरी भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: टेकबहादुर खड्का

इति संवत् २०७२ साल जेठ १८ गते रोज २ शुभम्।

- ०६७-CI-०२२९, लिखत दर्ता बदर, *रामआश्रे साह कलवार वि. सागरवा कलवारसमेत*
- ०६७-CR-०१५८, जालसाजी, *रामआश्रे साह कलवार वि. सागरवा कलवारसमेत*

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-WO-०१४८, उत्प्रेषण / परमादेश, *ध्रुवप्रसाद चौलागाईं वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निजामती सेवा नियमावली, २०५० को नियम ५४ मा यस नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक निजामती कर्मचारीको सबै समय नेपाल सरकारको अधीन हुनेछ र जुनसुकै समयमा पनि निजलाई सरकारी काममा लगाउन सकिनेछ भन्ने व्यवस्था गरी निजामती कर्मचारीहरूको सबै समयलाई सरकारको अधीनमा राखिएको देखिन्छ। सरकारको नीति तथा कार्यक्रमलाई जनताको घर दैलोसम्म पुर्‍याई जनताका माझ सरकारको उपस्थितिको अनुभूति गराउने महत्त्वपूर्ण काम सरकारी कर्मचारीहरूबाट हुने हुँदा यस्तो महत्त्वपूर्ण जिम्मेवारीमा रहेका कर्मचारीहरूले सेवाग्राहीलाई प्रवाह गर्ने वस्तु तथा सेवा छिटो, छरितो, सरल तथा मितव्ययी हुनु पर्ने कुरामा सबै कर्मचारी संवेदनशील हुनै पर्ने।

निवेदकको निवेदन व्यहोरा अवलोकन गर्दा सरकारी कार्यालयमा कर्मचारीहरूलाई कार्यालय समयमा मोबाइल प्रयोगमा प्रतिबन्ध लगाउनु पर्ने भनी गोश्वारारूपमा निवेदन दायर गरेको देखिन्छ। निवेदकले कुन कार्यालयमा कहिले र कुन कर्मचारीबाट निजले प्राप्त गर्ने सेवा प्रदान गर्ने क्रममा मोबाइलको प्रयोग गरी सेवा प्रवाहमा ढिलासुस्ती गरेबाट निवेदकको हक प्रभावित भएको हो भन्ने प्रस्टरूपमा निवेदनमा खुलाउन नसकेको र सोको प्रमाणसमेत पेस गर्न सकेको नदेखिने।

कुनै पनि निजामती कर्मचारीले सेवाग्राहीलाई मोबाइल फोनको प्रयोगलगायतको कुनै पनि कारणबाट सेवा प्रवाह गर्ने क्रममा ढिलासुस्ती गरेको अवस्थामा निजामती सेवा ऐन, २०४९ को दफा ५९, ६० र ६२ अनुसार विभागीय प्रमुखसमक्ष उपचार माग गर्ने वैकल्पिक उपचारको बाटो विद्यमान रहेको देखिने।

प्रस्तुत निवेदनमा कार्यालय समयमा मोबाइल फोनको प्रयोगलाई तत्काल रोक्न र सोको लागि उपयुक्त नीति नियम तर्जुमा गर्नको लागि विपक्षीहरूको नाममा परमादेश जारी गरिपाउँ भन्ने निवेदकको माग दाबी भए पनि निवेदकले कुन कार्यालयको कुन कर्मचारीले मोबाइलको प्रयोग गरेबाट निजको संविधानप्रदत्त कुन मौलिक हकमाथि विपक्षीहरूले हनन् गरेको हो सो

कुरा प्रस्टरूपमा निवेदनमा खुलाउन सकेको अवस्था नदेखिने।

व्यक्तिगत सोचाई र रोजाइमा आधारित न्याय होइन पद्धति र प्रक्रियामा आधारित न्याय वाञ्छनीय हुन्छ तसर्थ मनोगत र अनुमानको आधारमा दायर भएको प्रस्तुत रिट निवेदनको माग दाबीबमोजिमको आदेश जारी हुन सक्ने अवस्थाको विद्यमानता देखिन नआउने हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्थाको विद्यमानता नरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : अर्जुनप्रसाद कोइराला

कम्प्युटर : खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल चैत १६ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-०९४८, ०६८-CR-००५३, कर्तव्य ज्यान, साधक दर्ता, *नेपाल सरकार वि. कमल थापा मगरसमेत, नेपाल सरकार वि. विक्रम तुम्बा लिम्बू*

मृतक रविन्द्रको मृत्यु प्रतिवादीहरूमध्येका बिक्रम तुम्बा लिम्बूको छुरी प्रहारबाट देखिन आएको निजलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित सजाय गर्ने गरेको पुनरावेदन अदालत, धनकुटाको मिति ०६७।०२।२४ को फैसला साधकको रोहबाट सदर हुने ठहर्छ । अन्य प्रतिवादीहरू मृतकलाई मारेको स्थानमा उपस्थित भएको देखिएकोले निज प्रतिवादीहरू कमल थापा र राजकुमार मेघाले मगरलाई ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ६ महिना कैद गर्ने गरी पुनरावेदन अदालत, धनकुटाबाट मिति २०६७।०२।२४ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

पुनरावेदन अदालतबाट अ.बं. १८८ नं.बमोजिम पेस भएको रायको सम्बन्धमा विचार गर्दा प्रतिवादी विक्रम तुम्बा लिम्बूको उमेर बिस वर्षको देखिएकोले अत्यधिक रक्सी सेवनको कारण वारदात भएको परिस्थिति, मार्ने पूर्व योजना रिसइवी केही नभएको एवम् निजको किशोर अवस्थासमेतलाई विचार गर्दा सर्वस्वसहित जन्म कैद चर्को हुन जाने देखिँदा निजलाई १० (दश) वर्षमात्र कैद गर्न उपयुक्त देखिएकोले पुनरावेदन अदालत, धनकुटाबाट पेस भएको राय मनासिब भएकोले सो राय सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल साउन १७ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-१०५०, कर्तव्य ज्यान, *विजय लामासमेत वि. नेपाल सरकार*

प्रतिवादीहरूको डेरा कोठाबाट बरामद भई आएको U.S.A. Super Knife लेखिएको बिँडसहितको ९½" को चक्कुमा रगत लागी पखालेको र हिलो लागेको कपडासमेतले निजहरूले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान कागजलाई समर्थन भइरहेको र ज्यान मरेको देखिएको हुँदा प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १७ (२) नं. बमोजिम कसुरदार ठहर्‍याई जनही ५ वर्ष कैद गर्ने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६६।१२।२२ को फैसलालाई उल्टी गरी अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. १३(३) नं. बमोजिम यी पुनरावेदक प्रत्यर्थी प्रतिवादीहरू विजय लामा र मौसम लामालाई

जन्मकैदको सजाय हुने ठहर्‍याई गरेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको नै देखिने।

प्रतिवादीहरूको उमेर २० र २१ वर्ष देखिएको, निज प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयान व्यहोराबाट निजहरूले मृतकलाई मकैबारीमा फेला पारी कुटपिटसम्म गरेको र आफूले धारिलो हतियार चक्कु प्रयोग नगरेको भन्ने उल्लेख गरेको र मृतकको मृत्युको कारणमा Stab injuries to chest भन्ने देखिँदा प्रतिवादीहरूको मौकाको बयान व्यहोरासमेतबाट प्रेम लामाले बोलाएर गएको हो भनेका र मृतकलाई मार्नु पर्ने पूर्व रिसइवी नरहेको, मृतकलाई मार्नु अगाडि कुटपिट गरी हातसम्म हालेको भनी निजहरू आफैँले कसरमा संलग्नता देखाएको अवस्था छ। कसुरको मात्रा र अवस्थासमेतलाई हेर्दा निजहरूलाई ठहरेबमोजिमको जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने चित्तमा लागेको देखिँदा निज प्रतिवादीहरू दुवै जनालाई अ.बं. १८८ नं. बमोजिम जनही १० वर्ष कैद सजाय गर्ने भनी व्यक्त भएको पुनरावेदन अदालत, पाटनको रायसमेत मिलेको नै देखिँदा प्रतिवादीहरू विजय लामा र मौसम लामालाई ज्यानसम्बन्धीको महलको १७ (२) नं. बमोजिम कसुरदार ठहर्‍याई निजहरूलाई ५ (पाँच) वर्ष कैद सजाय हुने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६६।१२।२२ को फैसला उल्टी गरी निजहरूलाई ज्यानसम्बन्धीको महलको १ र १३ (३) नं. बमोजिम कसुरदार ठहर्‍याई निज प्रतिवादीहरूलाई जन्मकैदको सजाय हुने ठहर्‍याई गरेको पुनरावेदन अदालत, पाटनको फैसलामा प्रतिवादीहरूको उमेर र घटनासमेतलाई मध्यनजर गर्दा अ.बं. १८८ नं. बमोजिम दश (१०) वर्ष कैद सजाय गर्ने ठहर गरी पुनरावेदन अदालत, पाटनको मिति २०६८।०८।२० को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल पुस १९ गते रोज १ शुभम्।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-WO-०४२४, उत्प्रेषण / परमादेश, *धनबहादुर कुँवर वि. जिल्ला शिक्षा कार्यालय, बागलुङसमेत*

यसमा निवेदकले निवेदनमा दाबी गरेको मागको सम्बन्धमा बहसको क्रममा निवेदकले माग गरेको उत्तरगङ्गा उच्च माध्यमिक विद्यालय बुर्तिवाङ, बागलुङको विद्यालय व्यवस्थापन समितिले मिति २०७०।११।१८ गतेको निर्णयानुसार भनी मिति २०५५।१२।०२। देखि माध्यमिक विद्यालयको प्रधानाध्यापक पदमा निरन्तरता दिइएको भनी चलानी नम्बर १५५ग. को मिति २०७०।११।१९ को प्रधानाध्यापक पदमा निज निवेदक धनबहादुर कुँवरलाई दिएको सक्कलपत्र निवेदनसाथ पेस गरेको हुँदा जुन विषयको माग गरी निवेदन दिएको सो विषयको सम्बन्धमा उत्तरगङ्गा उच्च माध्यमिक विद्यालयको व्यवस्थापन समितिबाट निवेदकलाई प्रधानाध्यापक पदमा नियुक्ति दिइसकेको देखिँदा निवेदकको माग सम्बोधन भइसकेको हुँदा मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था देखिन नआएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल पुस १३ गते रोज २ शुभम्।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-०४४४, ०५३३, ०२६८,

भ्रष्टाचार, चोकटदास तत्वा वि. *नेपाल सरकार विनोद साह कानू वि. नेपाल सरकार, नेपाल सरकार वि. चोकटदास तत्वासमेत*

गा.वि.स.मा गएको रकम अनियमितता गरेको भन्ने सम्बन्धमा पुनरावेदक प्रतिवादी चोकटदाश तत्वा उपर परेको उजुरीलाई प्रभावमा पार्न निज ना.सु. ऋषिराज दाहाललाई रिसवत दिन ल्याएको भन्ने वादी पक्षको भनाइ रहे पनि उक्त भनाइलाई पुष्टि गर्ने ठोस आधार वादी पक्षले खुलाउन सकेको देखिँदैन । निजउपर उजुरी परेको छ भन्दैमा विना आधार र कारण सोही उजुरीलाई प्रभावित पार्न पुनरावेदक प्रतिवादीहरूले एक आपसमा मिलेमतो गरी ना.सु. ऋषिराज दाहाललाई चिन्दै नचिनेको व्यक्ति पुनरावेदक प्रतिवादी विनोद साह कानुलाई रकमसहितको खाम रिसवतबापत चोकटदास तत्वाले दिई पठाएका रहेछन् भनी विश्वास गर्नु पर्ने कुनै मनासिब आधारसमेत नदेखिने।

पुनरावेदक प्रतिवादीहरूले के कुन प्रयोजन र उद्देश्यको लागि अभियोग दाबीमा उल्लिखित रकम जिल्ला प्रशासन कार्यालयका ना.सु. ऋषिराज दाहाललाई रिसवतबापत दिन खोजेका हुन् भनी वादी पक्षले आरोपपत्रमा स्पष्ट खुलाउन र देखाउन सकेको नदेखिएको र रिसवत राखिएको भनिएको उक्त खाममा निज ना.सु. ऋषिराज दाहालको नाम उल्लेख नभई श्रीमान्को सेवामा लेखिएको भन्ने देखिँदा यी पुनरावेदक प्रतिवादीहरूले आरोपपत्रमा उल्लिखित भ्रष्टाचारको कसुर अपराध गरेका रहेछन् भनी मान्न मिल्ने नदेखिँदा रिसवत खुवाउने उद्योग गरेको ठहर्‍याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) (क) र २१ नं. बमोजिम प्रतिवादी चोकटदास तत्वा र विनोद साह कानुलाई जनही कैद दिन १५ र बिगोको आधा रू. २५००।- जरिवाना हुने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०६९।३।२४ को फैसला मिलेको नदेखिँदा सो उल्टी भै पुनरावेदक प्रतिवादीहरूले अभियोग दाबीबाट सफाई पाउने ठहर्छ । अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल मङ्सिर २७ गते रोज १ शुभम्।

११

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-WO-०७२०, उत्प्रेषण / परमादेश, *रविन्द्र यादवसमेत वि. गौर नगरपालिका कार्यालयका पदपूर्ति समिति, मुकाम गौर नगरपालिकासमेत*

एक पदको लागि ३ जना र ३ पदको लागि ५ जना उम्मेदवारहरूको नाम अन्तर्वार्ताको लागि सिफारिस गर्नुपर्ने भनी लोकसेवा आयोग नियमावली, २०६७ को नियम २४(१) मा भएको उपरोक्त कानूनी व्यवस्था लागू हुन लोकसेवा आयोग ऐन, २०६६ को दफा ३४(१) मा रहेको कानूनी व्यवस्थाबमोजिम लिखित परीक्षामा उत्तीर्ण हुनैपर्ने अनिवार्य सर्त देखिन्छ। लिखित परीक्षामा उत्तीर्ण भएको अवस्थामा मात्र १ पदको लागि ३ जना र ३ पदको लागि ५ जनाको नाम अन्तरवार्ताको लागि सिफारिस गर्नुपर्ने देखिन्छ । उम्मेदवार उत्तीर्ण नभएको अवस्थामा पनि सोबमोजिमको संख्यामा उम्मेदवारहरूलाई अन्तर्वार्ताको लागि सिफारिस गर्नुपर्छ भनी मान्न उपर्युक्त कानूनी व्यवस्थाले मिल्ने देखिएन । योग्यता पुगेको व्यक्तिले २ फरकफरक विज्ञापनमा दरखास्त दिन र परीक्षामा सामेल हुन पाउने र दुवै परीक्षामा उत्तीर्ण

भएमा दुवै विज्ञापनमा उत्तीर्ण भएका एकै उम्मेदवारको नाम अन्तर्वार्ताको लागि सिफारिसमा पर्न सक्ने तर कुनै एक पदमा नाम सिफारिस भइसकेपछि त्यसमाथिको पदमा निजको नाम स्वतः हट्ने भएकोले विज्ञापन नं. १७ को लेखापाल पद र विज्ञापन नं. १८ को सहायक लेखापाल पदमा लिखित परीक्षामा उच्चतम अङ्क ल्याउनेहरू मध्येबाट वर्णानुक्रमका आधारमा वीरेन्द्र साह र सोहनकुमार यादवको नाम सिफारिस गरेको कार्यसमेतलाई कानूनप्रतिकूल रहेछ भनी मान्न मिल्ने नदेखिनुका साथै लिखित परीक्षामा उच्चतम अङ्क ल्याउनेहरू मध्येहरूबाट सिफारिस भएका विरेन्द्र साह र सोहनकुमार यादवलाई विपक्षीसमेत बनाउन सकेको नदेखिँदा विपक्षीहरूको कार्यले निवेदकहरूको संविधानप्रदत्त हकमा कुनै आघात पुगेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने देखिएन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल मङ्सिर २८ गते रोज २ शुभम्।

१२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-००८२, भ्रष्टाचार न.प्र.प., *नेपाल सरकार वि. राजु बस्नेत*

अदालतको आदेशानुसार भएको प्रमाणीकरणमा (letter No. 1629- 068-69) Dated 20.4.12 को Verification मा Controller of Examination को दस्तखत केवल छोटकरी नाम लेखिएको अवस्था हुँदासमेत पूर्व Verification ले मान्यता पाउनु पर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा प्रतिवादी राजु बस्नेतले पेस गरेको एम.ए. अंग्रेजीको परीक्षा उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र तिलक माझी भागलपुर विश्वविद्यालय भागलपुर भारतमा प्रमाणीकरणको लागि गएकोमा उक्त विश्वविद्यालयको Letter No. Gope/9445 Date 10.8.11 को पत्रसाथ प्राप्त विवरणमा With Reference to your letter No. 943 Dated 2.2.10 on the subject mentioned above. The Marks sheets/certificate/degree of the following candidates has/have been verified from original records of this university and found incorrect उल्लेख भई SI No. 2 को Name of the Candidates महलमा राजु बस्नेत, Name & Year of Exam. महलमा M.A. English Exam-1999, Roll No. with Reg No. महलमा Bhag 216, 4166/97, Results/Aggregate महलमा Ist Class 510 लेखी आएकोमा प्रतिवादीले बयान गर्दा मैले सो विश्वविद्यालयमा परीक्षा दिई उत्तीर्ण गरेको हुँ । विश्वविद्यालयका कर्मचारीको भुलबस found incorrect लेखिएको हो, उक्त शैक्षिक प्रमाण पत्र पुनः प्रमाणीकरण गराई पाउँ भनी सक्कलै प्रमाण पत्रहरू निवेदनसाथ पेस गरेकोमा सो सम्बन्धमा पत्राचार भई शिक्षाध्यक्षको कार्यालय पाठ्यक्रम विकास केन्द्रको प.सं. १९५९।०६८।०६९ मिति ०६९।०२।२५ को पत्रानुसार तिलक माझी भागलपुर विश्वविद्यालयमा मिति 11 April 2012 को प.सं. 1629-068-069 अनुसार पत्राचार हुँदा निज राजु बस्नेतको सम्बन्धमा उक्त विश्वविद्यालयको letter No Gope 3324 Date 10.5.12 को पत्रमा found correct उल्लेख भएको मिसिल संलग्न पत्रबाट देखिन्छ। सो विश्वविद्यालयबाट प्राप्त Gope 3324 Date 10.5.12 को पत्रबाट with Reference to your letter No. 1629-068-069

Dated 20/4/12 on the subject mentioned above. The Marks-sheets/certificate/ degree of the following candidates has/ have been verified from original records of this university and found correct भन्ने व्यहोरा उल्लेख भएकोले उक्त पत्रको आधारमा प्रतिवादी राजु बस्नेतले पेस गरेको शैक्षिक योग्यताको प्रमाण पत्र सक्कली भनी आधिकारिक निकायबाट उल्लेख भई आएको अवस्था देखिएकोले निजले पेस गरेको तिलक माझी भागलपुर विश्वविद्यालयबाट M.A. English उत्तीर्ण शैक्षिक प्रमाण पत्र सक्कली भएको देखिई प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने देखिन आयो । अनुसन्धानको क्रममा प्राप्त भएको प्रमाणलाई मात्र आधार बनाई निष्कर्षमा पुग्नु न्यायोचित नहुने हुँदा प्रमाणको सम्बन्धमा अदालतले आवश्यकताअनुसार प्रमाण बुझ्ने विषयलाई अन्यथा मान्न नमिल्ने हुदा पूर्व Verification ले मान्यता पाउनु पर्ने भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । अदालतले विवादको विषयमा यकिन सत्य तथ्य बुझ्ने विषय न्यायिक मान्यताभित्र पर्ने हुँदा अघिल्लो प्रमाणको आधारमा मात्र निष्कर्षमा पुग्नु पर्ने भन्ने भनाई सान्दर्भिक नदेखिने ।

प्रतिवादी राजु बस्नेतले पेस गरेको शैक्षिक योग्यताको प्रमाण पत्र सक्कली भनी शिक्षाध्यक्षको कार्यालय पाठ्यक्रम विकास केन्द्रको प.सं. १९५९।०६८।०६९ मिति ०६९।०२।२५ को पत्रानुसार तिलक माझी भागलपुर विश्वविद्यालयमा मिति 11 April 2012 को प.सं. 1629-068-069 को पत्रबाट निज राजु बस्नेतको सम्बन्धमा उक्त विश्वविद्यालयको letter No Gope 3324 Date 10.5.12 को पत्रमा found correct उल्लेख भई आधिकारिक निकायबाट नै प्रतिवादीले पेस गरेको प्रमाण पत्र सक्कली भनी लेखी आएको देखिएकोले प्रतिवादीले अभियोग दाबीबाट सफाई पाउने ठहऱ्याई विशेष अदालत काठमाडौंबाट मिति २०६९।३।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७२ साल मङ्सिर १३ गते रोज १ शुभम् ।

१३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०८७७, परमादेश, *जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर तथा ऐ. कार्यालयका कार्यालय प्रमुख वि. सुधा झा*

भुपेन्द्रबहादुर विष्टसमेतले सार्वजनिक स्थलमा अपशब्द प्रयोग गरी वचावमा आएका भाइ पुरूषोत्तम झासमेतलाई कुटपिट गरी आमासँग भएको सुनको मारवाडीसमेत खोसी लगेकोले ०७०।०२।०५ मा सार्वजनिक मुद्दाको जाहेरी लिई विपक्षी कार्यालयमा जाँदा जाहेरी दर्ता र दरपिठसमेत नगरी राखिएको सो सम्बन्धमा जिल्ला प्रशासन कार्यालयमा निवेदन गर्दा जिल्ला प्रहरी कार्यालयमा आवश्यक कार्यार्थ पठाइदिने भनी ०७०।०३।०२ मा आदेश भए पनि जाहेरी दर्ता नगरेकोले उक्त जाहेरी दर्ता गराउनु भनी परमादेश जारी गरिपाउँ भन्ने निवेदन दाबीलाई इन्कार गरी भुपेन्द्रबहादुर विष्ट विरूद्ध लिखितरूपमा कुनै उजुरी जाहेरी यस कार्यालयमा दिएको नदेखिएको भनी विपक्षी जिल्ला प्रहरी कार्यालयको लिखित जवाफ रहेको देखिए पनि निवेदिकाले जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरमा दिएको जाहेरी दरखास्त दर्ता

नगरिदिएकोले सोउपर जिल्ला प्रशासन कार्यालयमा निवदेन दिएको र सो निवेदनमा ०७०।०३।०२ मा आवश्यक कारवाही गरिदिने भनी जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरले विपक्षी जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरलाई निर्देशनसमेत गरेको पुनरावेदन अदालतको मिसिल संलग्न कागजातबाट देखिँदा जाहेरी दर्ता नै गर्न नल्याएको भन्ने विपक्षी जिल्ला प्रहरी कार्यालयको लिखित जवाफ एवम् पुनरावेदन जिकिर विश्वासलायक नदेखिँदा आफ्नो कार्यालयमा दर्ताको लागि ल्याएको निवेदन दर्ता गर्न मिल्ने भए कानूनबमोजिम दर्ता गर्ने र नमिल्ने भए दरपिठ गर्नसक्ने अधिकार रहेको विपक्षीले निवेदिकाको जाहेरी दर्ता वा दरपिठ केही गरेको नदेखिएकोले निवेदकको मागबमोजिम जाहेरी दरखास्त दर्ता गरी कारवाही अघि बढाउन परमादेश जारी गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०७०।९।८ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रत्यर्थीको प्रस्तुत पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल मार्ग २७ गते रोज १ शुभम्।

१४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CI-०८५०, उत्प्रेषण, *काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २५ इन्द्रचोकस्थित पवनकुमार निकेशकुमार प्राइभेट फर्मको तर्फबाट र आफ्नो हकमा पवनकुमार संघाई वि. जिल्ला प्रशासन कार्यालय, पर्सासमेत*

निवेदनमा उल्लेख गरिएको कि.नं. ३२१ को जग्गा निवेदक पवनकुमार निकेशकुमार फर्मको नाममा रहेको तथ्य निवेदकले निवेदनसाथ पेस गरेको जग्गाधनी प्रमाणपुर्जाबाट देखिएको छ । सो जग्गामा रहेको घर विपक्षीहरूको मिलेमतोमा जबरजस्ती प्रवेश गर्ने कब्जामा लिने प्रबल आशंका रहेको भन्ने निवेदन दाबी भए पनि राजकुमार गुप्ताले दिएको निवेदनअनुसार शान्ति सुरक्षा गराउने सन्दर्भमा निवेदकलाई बुझ्नेसम्मको कार्य भएको हो, निवेदकको दाबीअनुसार घरजग्गा कब्जामा लिन खोजेको हैन भनी विपक्षी जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयको लिखित जवाफ रहेको र निवेदकले दिएको सुरू निवेदन तथा यस अदालतमा पुनरावेदन गर्दा लिएको पुनरावेदन जिकिरअनुसार निवेदकको घर जग्गामा विपक्षीहरूले कब्जा वा खिचोला गर्ने आशंका रहेको छ भनी मान्न मिल्ने कुनै वस्तुनिष्ठ आधार प्रमाण निवेदकले गुजार्न सकेको समेत मिसिल संलग्न कागजातहरूबाट नदेखिँदा निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत हेटौडाको मिति २०६९।८।२० को आदेश मिलेकै देखिँदा कुनै परिवर्तन गरिरहनु परेन। उक्त आदेश सदर हुने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल मङ्सिर २७ गते रोज १ शुभम्।

१५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०८८७, निषेधाज्ञा, *दावा नोर्बु शेर्पाको अवा मिङ्वा दोर्जे शेर्पा वि. फणिन्द्र कार्कीसमेत*

विपक्षीहरूको लिखित जवाफ व्यहोराबाट निवेदकको नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त हकमा कुनै आघात पुर्‍याएको भन्ने नदेखिएको र फणिन्द्र कार्कीले शान्ति सुरक्षा गरिपाउँ भनी दिएको निवेदनअनुसार छलफलको लागि निवेदकलाई बोलाएकोसम्म देखिन्छ । नागरिक अधिकार ऐन,

२०१२ बमोजिम निवेदकलाई प्राप्त हक अधिकार हनन् हुनसक्ने प्रवल सम्भावना रहेको छ भनी मान्न मिल्नेसम्मको कुनै खम्बिर तथा ठोस आधार कारणसमेत निवेदकले देखाउन सकेको मिसिल संलग्न कागजातहरूबाट नदेखिनुको अतिरिक्त विपक्षी जिल्ला प्रशासन कार्यालयलाई स्थानीय प्रशासन ऐन, २०२८ अनुसार देवानी विषयमा कारवाही चलाउने अधिकारक्षेत्र नरहेको र अधिकारक्षेत्रभन्दा बाहिर गई कुनै कारवाही गरेमा त्यस्तो कारवाही र निर्णय स्वतः निष्क्रिय हुने नै देखिँदा निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।१०।१५ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक/निवेदकको प्रस्तुत पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल मङ्सिर २७ गते रोज १ शुभम्।

१६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-१३५७, भ्रष्टाचार, *कल्पना भण्डारी (घिमिरे) वि. नेपाल सरकार*

पुनरावेदकले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको आधारमा नियुक्ति नलिएको भनी जिकिर लिए तापनि सो प्रमाणपत्रको आधारमा अ.न.मि. तालिमसम्म लिएको छु भनी स्वीकार गरी बयान गरेको अवस्थासमेत हुँदा निज पुनरावेदकले आफूले सो नक्कली प्रमाणपत्रको आधारमा फाइदासमेत लिई सकेको देखिन्छ। यसमा कसुर हुँदाका बखत प्रचलनमा रहेको कानूनबमोजिम सजाय हुने हुँदा प्रतिवादीले सन् २००१ मा हाइस्कुल परीक्षा पास गरेको प्रमाणपत्र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ लागु हुनुपूर्व नै पेस गरेको देखिएकोले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ नै प्रस्तुत मुद्दामा आकर्षित हुने देखिन आएकोले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ मा कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने उद्देश्यले शिक्षासम्बन्धी कुनै योग्यता, नाम, तिनपुस्ते, उमेर, जात, थर, वतन, नागरिकता वा अयोग्यता ढाँटेमा निजलाई कसुरको मात्राअनुसार २ वर्षदेखि ६ वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुने उल्लेख भएको र सो कसुरमा हुन सक्ने जरिवाना तोक्दा सोही ऐनको दफा २९(२)मा अधिकतम रू. ५,०००।– (पाँच हजार) सम्म तोक्ने व्यवस्था रहेको देखिन्छ। यी पुनरावेदक प्रतिवादी कल्पना भण्डारी घिमिरेले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेको देखिँदा ऐजनको दफा १२ र २९(२) बमोजिम सजाय हुने नै देखिन आएकोले निजको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। अतः उल्लिखित आधार एवम् कारणहरूसमेतबाट यी पुनरावेदक प्रतिवादी कल्पना भण्डारी घिमिरेले नक्कली प्रमाणपत्र पेस गरी तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेको देखिँदा निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुरमा सोही ऐनको दफा १२ र २९ (२) नं.बमोजिम रू. ५००।– (पाँच सय) जरिवाना हुने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०७०।०७।२१ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। यी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल मङ्सिर १३ गते रोज १ शुभम्।

१७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-MS-०००१, अदालतको अपहेलना, *ईश्वरीप्रसाद पौडेल वि. धनबहादुर कुँवर*

यसमा विपक्षीको मागबमोजिम अन्तरिम आदेश जारी नभई हालसम्म भए गरेका कामकारवाहीलाई तत्काल गैरकानूनी ठहर गरी कानूनबमोजिमका आदेशहरूलाई अवज्ञा गरी सार्वजनिकरूपमा जनसमुदायको सरोकार रहेको विद्यालयको काम कारवाहीमा अनधिकृत ढङ्गले व्याख्या गर्ने गरी विद्यालयको आदेशको बर्खिलाप गरी सो आदेशको प्रतिकूल हुने गरी काम गरी अदालतप्रति रहेको जनआस्थामा प्रतिकूल असर पुर्‍याउने गरी जनसाधारण अदालत वा त्यसबाट हुने न्याय प्रशासनको कार्यप्रति अविश्वास गरी वा अनास्था फैलाई अदालतको मान मर्यादामा आँच पुर्‍याउने कार्य विपक्षीबाट भएकाले विपक्षीलाई अदालतको अपहेलना गरेकोमा सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७(१) बमोजिम हदैसम्म सजाय गरी सम्मानित अदालतको उक्त आदेशहरूको परिपालना गराउन उपयुक्त आदेशसमेत जारी गरिपाउँ भनी निवेदनपत्र दिएकोमा मैले सम्मानित सर्वोच्च अदालतबाट जारी भएका आदेश पालना नगरेको भन्ने कुरा सर्वथा मिथ्या आरोप र झुट्टामात्र हुन् । कुनियतबाट पूर्वाग्रह राखी मसमेतलाई दुःख हैरानी दिने नियतले विपक्षीद्वारा मेरा विरूद्ध दायर गरिएको झुट्टा मुद्दा खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षीको लिखित जवाफबाट देखिँदा निवेदन लेखबाट नै विपक्षीले अदालतको कुन आदेशको बर्खिलाप गरी अदालतको अवहेलना गरेको हो सप्रमाण निवेदन दायर भएको देखिन आएन । निवेदकले यस अदालतको कुन आदेशको अवज्ञा गरी अपहेलना भयो भनी स्पष्ट आदेशको कुरा उल्लेख नगरी ०६७-WO-०४२४ मा विपक्षी निवेदकले दिएको निवेदनमा भएको आदेशलाई नै आधार बनाएर आदेशको अपहेलना भएको भनी अपव्याख्या गरी निवेदन दिएको देखिएकोले कुनै आधारबिना दिएको प्रस्तुत निवेदनबाट कुनै अपहेलना भएको भन्ने नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल पुस १३ गते रोज २ शुभम् ।

१८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-०४९१, भ्रष्टाचार, *नेपाल सरकार वि. धर्मदेव फुलारा*

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क. को कानूनी व्यवस्थाबमोजिम नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र निजको व्यक्तिगत विवरण फाइलमा संलग्न रहेसम्म हदम्याद कायम रहने देखियो । यस विषयमा ऐनको मनसायलाई पराजित गर्ने गरी सीमित हदम्याद कायम गरी अदालतबाट व्याख्या गरिनु हुँदैन । यसरी भ्रष्टाचार निवारण ऐन, २०१७ लाई खारेज गर्दै आएको भ्रष्टाचार निवारण ऐन, २०५९ प्रारम्भ भैसकेपछि अनुसन्धान लगायतका कारवाही प्रारम्भ भै मुद्दा दायर भएको र हाल प्रचलनमा रहेको ऐनमा मुद्दा दायर गर्ने हदम्यादसम्बन्धी व्यवस्था नरहेकोले प्रस्तुत अभियोगपत्र हदम्याद नाघी दायर भएको भन्ने देखिन नआउने ।

प्रस्तुत मुद्दामा प्रत्यर्थी प्रतिवादी धर्मदेव फुलाराले पेस गरेको नक्कली शैक्षिक प्रमाणपत्रको सम्बन्धमा छानबिनका लागि उच्च माध्यमिक शिक्षा परिषद्को च.नं. १३३५ मिति २०६३।०१।१५ को पत्रसाथ प्रमाणीकरण भई आएपछि सो विवरणको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धानको कार्य पुरा गरी मिति २०६६।११।२० मा विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेस गरेको देखियो । उक्त आरोपपत्र माथि उल्लिखित यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा

प्रतिवादीउपर दायर भएको आरोपपत्र हदम्याद नाघेको रहेछ भनी मान्न मिलेन । अतः अख्तियार दुरूपयोग अनुसन्धान आयोगले माथि उल्लिखित कानूनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा दायर गरेको आरोप पत्र हदम्यादभित्रकै देखिन आएकोले हदम्यादको आधारमा खारेज गरेको सुरू विशेष अदालतको मिति २०६७।०३।३० को फैसला मिलेको नदेखिँदा बदर हुने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल असोज १८ गते रोज २ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७२-WH-००४१, बन्दीप्रत्यक्षीकरण, *विशाल परियारसमेत वि. काठमाडौं जिल्ला अदालत, बबरमहल काठमाडौंसमेत*

प्रस्तुत ठगी मुद्दाको अनुसन्धान र निर्णयमा अन्यथा प्रभाव नपर्ने गरी यो भन्न सकिन्छ कि कुनै कार्यलाई एकभन्दा बढी ऐनले समेटेको कुराको परिणाम भनेको सबै ऐन त्यसमा आकर्षित हुन सक्ने भन्ने हो । त्यसको अर्थ कुनै एउटा ऐन लाग्ने र अरू ऐन नलाग्ने भन्ने  होइन । सजायको हकमा भने सबै ऐनबमोजिम सजाय हुन नसक्ने अवस्था आउला तर मुद्दा चलाउनलाई त्यस्तो कुनै बाधा छैन । अरू ऐनले नसमेटेर एउटा ऐनले मात्र समेटेको वा कुनै ऐनले स्पष्ट शब्दमा सो ऐनबमोजिम चलेको मुद्दामा अरू ऐनबमोजिम मुद्दा नचल्ने भनी भनेको अवस्थामा मात्र एकभन्दा बढी ऐन लगाउन मिल्दैन । फौजदारी न्यायको मूल उद्देश्य दण्डहीनताको अन्त, कसुरदारलाई सजाय र पीडितलाई उपचार रहेकोले फौजदारी कानूनलाई त झन् बाहेक गर्न मिल्दैन । फौजदारी न्याय र फौजदारी कानून धेरै सशक्त हुन्छन् । अरू ऐन कानूनले स्पष्ट तवरले बाहेक नगरेसम्म सभ्य मुलुक र न्यायको मान्य सिद्धान्तले राज्यले हस्तक्षेप गर्नु पर्ने प्रकृतिको सार्वजनिक सदाचार, नैतिकता, स्वास्थ्य आदिको उल्लङ्घनको विषयमा कसुरदारलाई निरूत्साहन गर्नसमेतका लागि फौजदारी न्याय र फौजदारी कानूनको overriding effect हुन्छ । अतः चेक अनादर र बक्यौता रकमको विषयलाई विनिमेय अधिकारपत्र ऐन, २०३४ आदिले समेटेकोले ठगीमा जाहेरी लिन र अनुसन्धान गर्न मिल्दैन भन्ने निवेदकको निवेदन जिकिर मान्दा राज्य र कानून असहाय हुन पुग्छ । विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ मा *"बैंकमा आफ्नो निक्षेप छैन वा निक्षेप भएपनि पर्याप्त छैन भन्ने जानीजानी कुनै व्यक्तिले चेक काटी कसैलाई हस्तान्तरण गरेमा र त्यसरी हस्तान्तरण गरिएको चेक भुक्तानीको लागि सम्बन्धित बैंकसमक्ष प्रस्तुत गर्दा पर्याप्त निक्षेप नभएको कारणबाट बैंकबाट चेक अनादर भएमा चेक काट्ने व्यक्तिबाट चेकमा उल्लिखित रकम र ब्याजसमेत धारकलाई भराई चेक काट्ने  व्यक्तिलाई तिन महिनासम्म कैद वा तिन हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ"* भन्ने सामान्य ३ महिना कैद र ३ हजार रूपैयाँको सजायको प्रावधानले कसुरदारलाई निरूत्साहित गर्न सक्दैन । जानीजानी ठगी गर्नेले ती कानूनहरूको आडमा कसुरबाट उन्मुक्ति पाउने परिणाम आउँछ । समाजमा नराम्रो परिणाम आउने व्याख्या मान्न मिल्दैन । यी कुराहरू प्रस्तुत मुद्दामा आकर्षित हुने अवस्था छ छैन भन्ने कुरा माथि उल्लेख भएबमोजिम साधारण अधिकारक्षेत्रबाट निरूपण हुने कुरा भएकाले ठगीको महललाई ज्यादै

सीमित घेराबाट हेरी उल्लिखित काम कारोबार ठगीको कसुरभित्र पर्दैन भनी अहिलेकै अवस्थामा भन्नु र ठगी मुद्दाको औचित्य नै समाप्त हुने गरी यस अदालतबाट हस्तक्षेप गर्नु उपयुक्त नभएकोले प्रस्तुत विषयवस्तुलाई ठगीको कसुरले समेट्न नसक्ने हुँदा ठगी कसुरमा अनुसन्धान गर्न मिल्दैन भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने ।

रिटको अधिकारक्षेत्रले निवेदक पक्ष बेदाग भएको अपेक्षा लिन्छ । यो समन्यायको उपचार हो । तर निवेदकहरू विवादास्पद व्यक्ति देखिन आएका छन् । यस्ता व्यक्तिलाई रिटबाट उपचार दिनका असाधारण अवस्था जस्तो कि बदनियत वा कपटपूर्ण थुना आदि देखिनु आवश्यक छ । प्रस्तुत विवादमा त्यस्तो केही देखिन आएको छैन । भोलिका दिनमा सबूद प्रमाणको मूल्याङ्कन र कानूनको व्याख्याबाट निर्क्योल हुने कुरालाई असाधारण र अपवादको अवस्था मानी रिटबाट हेर्नु मनासिब नहुने हुँदा निवेदकहरू गैरकानूनीरूपमा थुनामा रहेको नदेखिँदा निवेदकहरूको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : प्रेमप्रसाद न्यौपाने

कम्प्युटर अपरेटर : मन्दिरा रानाभाट

इति संवत् २०७२ साल फागुन १७ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-WH-००१७, बन्दीप्रत्यक्षीकरण, *जिरे भन्ने सरोज लामा वि. नेपाल सरकारसमेत*

हातहतियार खरखजाना मुद्दामा पुर्पक्षको लागि थुनामा बसेको अवधिमध्ये मिति २०६९।३।१८ देखि २०६९।७।३ सम्मको अवधि कैद लगत ठेक्दा गणना गरेको देखिएन । फैसलाबमोजिम कैद ठेक्दा थुनामा बसेको अवधिसमेत त्यसमा समायोजन गरिनु पर्दछ । निवेदकलाई हातहतियार खरखजाना मुद्दामा पुर्पक्षको लागि थुनामा राखिएको अवधिलाई डाँका उद्योग मुद्दामा लागेको कैद ठेकिँदा सो थुनामा बसेको अवधि समायोजन भएको देखिएन । एउटै व्यक्ति विरूद्ध एउटै वारदातबाट दुई छुट्टाछुट्टै न्यायिक र अर्धन्यायिक निकायमा मुद्दा चली सजाय भएकोमा ती दुईमध्ये कुनै मुद्दाबाट भएको कैदको लगत ठेक्दा तीमध्ये जुनसुकै मुद्दामा पुर्पक्षको लागि थुनामा बसेको रहेछ भने पनि सो थुनामा बसेको अवधिसमेत समायोजन गरिनु पर्दछ । निवेदकलाई डाँका उद्योग मुद्दाबाट कैद ठेकिँदा हातहतियार मुद्दामा पुर्पक्षको लागि थुनामा बसेको अवधि समायोजन नगरेको देखिँदा उक्त ठेकिएको कैद लगत त्रुटिपूर्ण भएको देखियो यसर्थ काठमाडौं जिल्ला अदालतबाट डाँका उद्योग मुद्दामा भएको फैसलाको तपसिल खण्डमा उल्लेख गरेबमोजिम मिति २०६९।३।१८ देखि मिति २०६९।१०।२१ सम्मको करिब ७ महिना ४ दिन बढी कैदमा बस्नु पर्ने गरी भएको कैद हिसाब एवम् ठेकिएको कैद लगतसमेत त्रुटिपूर्ण रहेको देखिन आउने ।

एउटै वारदात भए तापनि दुई विषयको मुद्दा हेरिने निकाय जिल्ला अदालत र जिल्ला प्रशासन कार्यालय फरक दुई निकाय भएकाले ती दुई फरक निकायमा कानूनबमोजिम मुद्दा परेकोसम्म हो । डाँका उद्योग मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मागिएको धरौटी बुझाए तापनि निवेदकले तारिखमा रही मुद्दाको पुर्पक्ष गरेको अवस्था नभई हातहतियार खरखजाना मुद्दामा पुर्पक्षका लागि थुनामा राख्ने आदेश भएबाट थुनामा नै रहेको देखिन्छ । ती दुवै मुद्दा एकै वारदातबाट सिर्जित भएको अवस्था रहेको हुँदा उक्त

अवधिमा हातहतियार खरखजाना मुद्दामा थुनामा बस्नु परेको अवस्थालाई डाँका उद्योग मुद्दामा समेत थुनामा नै रहेको मान्नुपर्ने ।

काठमाडौं जिल्ला अदालतबाट डाँका उद्योग मुद्दामा तिन वर्ष कैद सजाय हुने गरी भएको कैद निवेदक जिरे भन्ने सरोज लामाले भुक्तान गरिसकेको देखिँदा निजलाई थुना मुक्त नगर्ने विपक्षीहरूको कार्य कानूनविपरीतको देखिन आएकोले मागबमोजिम निवेदकको हकमा पठाएसम्मको च.नं. ११९४ मिति २०७१।७।२५ को पत्रअनुरूप ठेकिएको कैदमध्ये बढी कैदको हदसम्म उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदक कानूनबमोजिम ठेकिनुपर्ने कैदभन्दा बढी कैदमा बसिसकेको देखिँदा थुना मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: मीना गुरूङ

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल असोज २२ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-CR-०३५३, भ्रष्टाचार, *नेपाल सरकार वि. कुमार श्रेष्ठसमेत*

प्रस्तुत मुद्दामा कुनै लिखत तयार गर्ने कर्तव्य भएको कुनै राष्ट्रसेवकले नेपाल सरकार वा सरकारी निकाय वा सार्वजनिक संस्था वा कुनै व्यक्तिलाई हानि नोक्सानी पुर्‍याउने बदनियतले त्यस्तो कुनै लिखत तयार गरेको वा सरकारी निकाय वा सार्वजनिक संस्थामा भएको कागजात गैरकानूनी तरिकाले सच्याउने, केरमेट गर्ने, थपघट गर्ने कार्य गरेको नदेखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ प्रस्तुत मुद्दामा आकर्षित हुने अवस्था नदेखिने ।

जिल्ला मकवानपुर भिमफेदी गा.वि.स. वडा नं.२ को कि.नं.३९ र ९३ र ऐ. गा.वि.स. वडा नं. ५ को कि.नं.१६१ का जग्गा तिर्थराज बज्राचार्यका नाममा दर्ता रहेको तथ्यमा विवाद रहेको देखिँदैन । तिर्थराज बज्राचार्यको मिति २०५२।३।१ मा मृत्यु भएको मिसिल संलग्न मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपिबाट देखिएको छ । उक्त कि.नं. ३९, ९३ र १६१ का जग्गाहरू लिलाबहादुर श्रेष्ठले कुमार श्रेष्ठलाई र.नं.२१९० मिति २०६८।१।४ मा राजीनामा गरिदिएको मिसिल संलग्न राजीनामाको लिखतबाट देखिन्छ । २०५२ सालमा मृत्यु भएको व्यक्तिको नामबाट २०६८ सालमा हकवाला बाहेकका अन्य उनाउ व्यक्ति लिलाबहादुर श्रेष्ठ नै तिर्थराज बज्राचार्य भई कि.नं.३९,९३ र १६१ का जग्गाहरू राजीनामा गरेको देखिँदा उक्त जग्गाहरू नक्कली जग्गाधनी खडा गरी हक हस्तान्तरण भएको देखियो । यसमा उक्त जग्गा राजीनामा गरी दिने लिलाबहादुर श्रेष्ठ र लिने प्रतिवादी कुमार श्रेष्ठ रहेको देखिन्छ । यी दुवै प्रतिवादीले अदालतबाट तामेल भएको म्यादभित्र अदालतमा उपस्थित भई बयान नगरी सुरू म्यादै गुजारी आरोपित कसुर अपराध स्वीकार गरी बसेको देखियो । प्रतिवादी लिलाबहादुर श्रेष्ठले अनुसन्धान अधिकारीसमक्ष उक्त जग्गा खरिद बिक्री गर्ने कार्यमा आफ्नो भान्जा कुमार श्रेष्ठले सबै कार्य गरेको हो, मैले कुनै कार्य गरेको होइन भनी बयान गरेको देखिन्छ । यी दुवै प्रतिवादीहरू जग्गा राजीनामा पास गरी लिन दिन मालपोत कार्यालयमा गई अर्काको नामदर्ताको जग्गाको जग्गाधनी प्रमाण पुर्जासमेतका नक्कली कागजातहरू खडा गरी जग्गा लिने दिने व्यक्तिहरू उपस्थित भएपछि पास गराई लिए दिएको तथ्य लेखनदास शेखर घिमिरेसमेतले अदालतमा बयान गर्दा लेखाइदिएका छन् । यसरी एकाका नाम दर्ताको जग्गा उनाउ नक्कली व्यक्ति

तथा लिखतहरू खडा गरी राजीनामा गरी लिए दिएको मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको देखिँदा प्रतिवादी कुमार श्रेष्ठ र लिलाबहादुर श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) अनुरूपको कसुर अपराध गरेको देखिने।

अब प्रतिवादीहरू रामकृष्ण श्रेष्ठ, शिवराज पौडेल, रामहरि ढकाल, राजेन्द्र ढकाल, दिवाकर अर्याल, शेखर घिमिरे, विष्णु अधिकारी, पर्वत बर्तौला, तिर्थलाल घिसिङ र श्याम पोखरेलका सम्बन्धमा विचार गर्नुपर्ने देखियो । प्रतिवादीहरू रामकृष्ण श्रेष्ठ, विष्णु अधिकारी, शिवराज पौडेल, रामहरि ढकाल, श्याम पोखरेल मालपोत कार्यालयका कर्मचारी रहे भएको तथ्य मिसिलबाट देखिन्छ । निजहरूले अदालतमा बयान गर्दा कसैसँग मिलेमतो गरी काम गरेको होइन । जग्गा लिने दिने दुवै व्यक्तिहरूसँग चिनजान छैन । आर्थिक प्रलोभनमा नपरी आफ्नो पदीय कर्तव्य पुरा गरेको हो भनी बयान गरेको देखिन्छ । प्रतिवादी विष्णु अधिकारी र श्याम पोखरेलले अनुसन्धान अधिकारीसमक्ष हामीले कुनै आर्थिक लेनदेन र भ्रष्टाचारजन्य कसुर अपराध गरेको छैन भनी आरोपित अभियोग दाबीमा इन्कार रही बयान गरेको देखिन्छ । यसै विषयमा प्रतिवादीउपर सुरू जिल्ला अदालतमा चलेको सरकारी छाप दस्तखत किर्ते र ठगी मुद्दा प्रतिवादी विष्णु अधिकारीसमेतले अभियोग दाबीबाट सफाई पाउने ठहरी फैसला भएको तथ्य प्रतिवादीको अदालतमा भएको बयानसमेतबाट देखिन्छ । प्रतिवादी तिर्थलाल घिसिङले म भिमफेदी गा.वि.स. को सचिव हुँ । मैले तिर्थराज बज्राचार्यको जग्गाको बारेमा कुनै फोटो प्रमाणित वा सिफारिस गरेको छैन भनी अनुसन्धान अधिकारी र अदालतमासमेत आरोपित कसुरमा इन्कार रही बयान गरेको देखियो । गा.वि.स.को सचिव प्रतिवादी तिर्थलाल घिसिङले नै जग्गाको बारेको फोटो प्रमाणित वा सिफारिस गरेको हो भन्ने तथ्यगत र वस्तुनिष्ठ प्रमाण वादीले पेस गर्न सकेको पनि देखिँदैन । प्रतिवादी पर्वत बर्तौला र राजेन्द्र ढकालले आफू मालपोत कार्यालयमा लेखापढी गर्ने व्यक्ति भएकोले लिखतमा साक्षी बसेकोसम्म हो भन्ने र प्रतिवादी शेखर घिमिरेले आफू मालपोत कार्यालय मकवानपुरको लेखनदास भएको र जग्गा लिने दिने दुवै पक्ष आई जग्गा पास गराई दिनु पर्‍यो भनी कागजातहरू देखाएकोले विश्वासमा परी राजीनामा फाराम भरी दिएको हो । नक्कली व्यक्तिका बारेमा थाहा भएन भनी आरोपित अभियोग दाबीमा इन्कारी बयान गरेको देखिन्छ । प्रतिवादी लिलाबहादुर श्रेष्ठले अनुसन्धान अधिकृतसमक्ष बयान गर्दा मेरो भान्जा कुमार श्रेष्ठले सबै काम गरिदिएको हो । अरू कसैको मिलेमतो र संलग्नता रहेको छैन भनी लेखाइदिएका छन् । प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम फौजदारी मुद्दामा अभियोग दाबी प्रमाणित गर्ने भार वादीमा रहेको हुन्छ । यी प्रतिवादीहरू उपरको अभियोग दाबी वादी नेपाल सरकारले स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि गर्न सकेको नदेखिँदा प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको फैसलामा त्रुटि रहेको नदेखिने।

प्रतिवादीहरू मध्येका कुमार श्रेष्ठ र लिलाबहादुर श्रेष्ठले नक्कली प्रमाणपत्र बनाई किर्ते व्यक्ति भई कि.नं. ३९,९३ र १६१ का जग्गाहरू एक आपसमा लिने दिने कार्य गरेको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) अनुरूपको कसुर गरेको ठहर्‍याई सोही ऐनको दफा ८(४) बमोजिम जनही १(एक) वर्ष कैद हुने र अन्य प्रतिवादीहरू रामकृष्ण श्रेष्ठ, शिवराज पौडेल, रामहरि ढकाल, राजेन्द्र ढकाल, दिवाकर अर्याल, शेखर घिमिरे, विष्णु अधिकारी, पर्वत बर्तौला, तिर्थलाल घिसिङ र श्याम पोखरेलसमेतले आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याएको विशेष

अदालत, काठमाडौंको मिति २०७१।९।२९ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : प्रेमप्रसाद न्यौपाने

इति संवत् २०७२ साल माघ ३ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-CR-०३५४, भ्रष्टाचार, *नेपाल सरकार वि. रामगोपाल लागेजु*

प्रतिवादी रामगोपाल लागेजु विद्युत् विकास विभागको इन्जिनियर (रा.प.तृतीय) तहको कर्मचारी रहेको विद्युत् विकास विभागको च.नं. १९०७ मिति २०६६।२।२३ को पत्रबाट देखिएको छ । यी कर्मचारीको पदीय हैसियत हेर्दा टिप्पणी उठाएर फायल माथिल्लो पदाधिकारीसमक्ष पेस गर्नेसम्मको रहेको देखिन्छ । टिप्पणी व्यहोरालाई सदर गर्ने वा बदर गर्ने पदीय हैसियत यी प्रतिवादीमा रहे भएको देखिँदैन। करूवा जलविद्युत् आयोजनाको सर्वेक्षणका लागि झ्यामोलोङ्गमा हाइड्रोपावर डेभलपमेन्ट कम्पनीलाई पुनः अनुमति दिने सम्बन्धमा मिति २०६६।१।८ मा प्रतिवादीले टिप्पणी उठाई सिफारिस गरेको देखिन्छ । यी प्रतिवादीले करूवा जल विद्युत् आयोजनका प्रवर्धकलाई नवीकरण (Renew) गर्ने सम्बन्धमा आवश्यक विवरण लिई आउन मिति २०६३।७।३ र मिति २०६४।९।११ मा पटकपटक पत्राचार गरेको देखिन्छ । माग भएको विवरण प्रवर्धक कम्पनीले उपलब्ध गराएको भन्ने मिसिलबाट देखिँदैन । प्रतिवादीले करूवा जलविद्युत् आयोजना प्रवर्धकबाट कुनै घुस रिसवत नगद जिन्सी तथा अन्य कुनै फाइदा लिएको भन्ने दाबी पनि छैन । प्रवर्धकसँग मिलेमतो गरी नेपाल सरकारलाई हानि नोक्सानी पुर्‍याइएको भन्ने दाबी रहेकोमा आयोजनाका प्रवर्धकले म्याद नवीकरणका क्रममा मिति २०६४।८।३ मा राखेको धरौटी रू. ३,००,०००।– (तिन लाख) हालसम्म धरौटी खातामा यथावत् रहेको विद्युत् विकास विभागको मिति २०७१।१०।२१ को पत्रबाट देखिन्छ । प्रतिवादीले उक्त रकम लिए खाएको वा मस्यौट गरेको तथा कुनै बदनियत राखी कुनै काम गरेको वा कुनै नगदी जिन्सी वा सुविधा लिएको वा राजस्व हानि नोक्सानी गरेको मिसिलबाट देखिँदैन । धरौटी खातामा रहेको उक्त रकम अब पनि कानूनबमोजिम राजस्व खातामा आम्दानी बाँध्न सकिने नै नदेखिने।

प्रतिवादी रामगोपाल लागेजुले करूवा जल विद्युत्को सर्वेक्षण अनुमतिपत्रको नवीकरणको लागि टिप्पणीसम्म उठाएको देखिन्छ। उक्त टिप्पणी उठाउँदा प्रतिवादीले बदनियत राखी नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी र प्रतिवादीलाई गैरकानूनी फाइदा पुग्ने गरी टिप्पणी उठाएको भन्ने मिसिल प्रमाणबाट देखिँदैन । यी प्रतिवादीले उठाइएको उक्त टिप्पणी माथिल्लो पदाधिकारीसमक्ष पेस हुन नसकी त्यत्तिकै रहेको देखियो । जल विद्युत् आयोजनाको लागि नवीकरण गर्नका लागि टिप्पणीसम्म उठाउने पदीय हैसियत पाएका प्रतिवादी रामगोपाल लागेजुले टिप्पणीसम्म उठाएको देखिन्छ तर, निजको टिप्पणी सदर वा बदर गर्ने पदीय हैसियत रहे भएको देखिँदैन। टिप्पणीसम्म उठाउन पाउने पदीय हैसियत भएका प्रतिवादीले उठाएको टिप्पणी पेससम्म नगरेको कार्यलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुरूपको भ्रष्टाचारजन्य कसुर अपराध गरेको हो भनी मान्न मिल्ने अवस्था नदेखिने हुँदा प्रतिवादी रामगोपाल लागेजुलाई आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०७१।११।१४ को फैसला मिलेको देखिँदा सदर हुने

ठहर्छ । प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल माघ ३ गते रोज १ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०११४, करकाप, *मोहन जिसीसमेत वि. मोतीराम सुनारसमेत*

पुनरावेदन अदालत आफैँले बुझ्न सक्ने कुरामा त्यस्तो प्रमाण वा व्यक्ति बुझी इन्साफ दिन सकिनेमा त्यति कुराका लागि मात्र पुनः तल्लो निकायमा पठाउँदा मुद्दा लम्बिन गै खर्च र समयको हिसाबका पक्षले आवश्यक हैरानी बेहोर्नु पर्ने हुन्छ । त्यसैले पक्षको सुविधा र न्यायका हिसाबले आफूले बुझ्न सकिने प्रमाण आफैँले बुझी छिटो छरितो न्याय निरूपण गर्ने कुरामा पुनरावेदन सुन्ने अदालतलाई कानूनले नै अधिकार प्रदान गरेकोमा त्यस्तो अधिकारका प्रयोग नगरी सुरू अदालतमै पठाउँदा प्रक्रिया लम्बिन गै विवादको समयमै निरूपण हुन नसक्ने हुँदा पुनरावेदन सुन्ने अदालत आफैँले सो अधिकार प्रयोग गरी प्रमाण बुझी इन्साफ गर्न मनासिब हुन्छ । प्रस्तुत मुद्दामा वन उपभोक्ता समितिसमेत बुझी पुनरावेदन अदालत आफैँले निर्णय गर्न सक्नेमा सुरू अदालतमै फिर्ता पठाउने गरी फैसला भएको र "सुरूले छुटाएको प्रमाण पुनरावेदन तहबाट बुझ्न सकिने व्यवस्था गरेको देखिँदा आफूले आवश्यक प्रमाण बुझ्न सक्नेमा सो नगरी सुरूमा सो प्रमाण बुझी इन्साफ गर्न पठाएको मिलेको देखिँदैन" भनी विना देवी विरूद्ध जीवन ज्योती (निर्णय मिति २०५।२।१५) मा "प्रमाण बुझ्न छुटाउको भए आफैंले बुझी निर्णय गर्न सक्ने" भनी लक्ष्मीबहादुर विरूद्ध प्रकाश (*ने.का.प.* २०५७, पृष्ठ ६९९) मा सिद्धान्त प्रतिपादन भैरहेको परिप्रेक्ष्यमा प्रमाण बुझी पुनः इन्साफ गर्न सुरूमा पठाएको पुनरावेदन अदालत, तुलसीपुरको फैसला मनासिब देखिएन । अतः पुनरावेदन अदालत आफैँले प्रमाण हेरी बुझी निर्णय गर्न सक्ने कानूनी व्यवस्था न्याय प्रशासन ऐन, २०४८ को दफा १४ (ग) मा भएको देखिँदा आफूले निर्णय गर्न सक्ने विषयमा तल्लो निकायमा पठाएको हदसम्म पुनरावेदन अदालत, तुलसीपुरको फैसला मिलेको देखिँदा बदर गरिदिएको छ । अब ठहर गर्नुपर्ने विषयमा जो जे बुझ्नुपर्छ बुझी पुनरावेदन अदालत, तुलसीपुरबाट कानूनबमोजिम फैसला गर्नु भनी पक्षलाई तारेख तोकी प्राप्त मिसिलसमेत पुनरावेदन अदालत, तुलसीपुरमा पठाइदिने ।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असार २८ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-०६२४, कर्तव्य ज्यान, *विकास अधिकारीसमेत वि. नेपाल सरकार*

वारदातमा संलग्न भएको देख्ने प्रत्यक्षदर्शी नभएको र तिमीहरूले प्रहरीमा जुन प्रकारले बयान गरेको छ अहिले अदालतमा गएर पनि सोहीअनुसार कसुर अपराध स्वीकार गरेर बयान गर्नु नत्र पुन: करेन्ट लगाई कुटपिट गर्छौं भन्ने प्रहरीको डर धाक र त्रासमा परी प्रहरीको पिटाइबाट बच्नको लागि अदालतसमक्ष बयान गर्दासमेत आफूले गर्दै नगरेको अपराधलाई बाध्य भई स्वीकार गरेको हो भनी यस अदालतसमेतमा

पुनरावेदन जिकिर लिएको देखिन्छ तथापि सो खम्बिर हुने कुनै साक्षी सबुत प्रमाण पेस गर्न नसकी लामो अन्तरालमा पुनरावेदनको रोहमा मात्र सो जिकिर लिएको देखियो। प्रमाण ऐन २०३१ को दफा २७ को कानूनी व्यवस्थाअनुरूप प्रतिवादीहरूले प्रमाण पेस गर्न सकेको नदेखिँदा प्रतिवादीहरू विरूद्धको अभियोग दाबी पुग्ने ठहर्‍याई प्रतिवादी विकास राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय १ नं. बमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादीहरू विकास अधिकारी तथा जीवन भुजेललाई सो महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय गरेको सुरू खोटाङ जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६९।३।११ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदन अदालत समेतको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाई पाउँ भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल कात्तिक १५ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-०३६०, कर्तव्य ज्यान, *तुलबहादुर बुढा वि. नेपाल सरकार*

ज्यान मार्ने उद्देश्यले नै प्रतिवादीले मृतकउपर बन्दुक फायर गरेको पुष्टि हुन आएकोले प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू रोल्पा जिल्ला अदालतको मिति २०६८।३।३० को फैसला सदर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६९।१।२५ को फैसला मिलेकै देखिन आउने।

मृतक शक्तिबहादुरसमेतका व्यक्ति हुल गरी होहल्ला गर्दै रातको समयमा प्रतिवादीको घरमा पुगी बिनाअनुमति प्रतिवादीको सिंढीमा मृतक पुगेको समेतको अवस्थामा भएको यो वारदात र प्रतिवादी आफैँ अग्रसर भै योजना बनाई मृतकको हत्या गर्ने वारदातलाई समान मान्न मिल्दैन। यी प्रतिवादी मौकामा र अदालतमा समेत कसुर गरेकामा साबित रही न्यायिक प्रक्रियालाई सहयोग गरेको कुरा पनि बिर्सन मिल्दैन। प्रतिवादीमा आश्रित यिनको परिवारको बिचल्ली हुने अवस्थासमेतको विचारबाट प्रतिवादीलाई ऐनबमोजिमको सजाय गर्दा चर्को पर्ने निश्चित छ। यसर्थ यस अदालतले मानी आएबमोजिम प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १४ (चौध) वर्ष कैद सजाय गर्दा पनि फौजदारी न्यायको उद्देश्य पूरा हुने देखिँदा प्रतिवादी तुलबहादुर बुढालाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १४ (चौध) हुने ठहर्छ। प्रतिवादी तुलबहादुर बुढाको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल कात्तिक १५ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-०७२०, लागु औषध खैरो हिरोइन, *विनोद चौधरी वि. नेपाल सरकार*

प्रतिवादीहरू आफूले गरेको कसुरमा अदालतमा इन्कार रहे पनि बरामदी मुचुल्का, मौकामा गरेको कागजसमेतलाई खण्डन गर्ने प्रमाणसमेत लागु औषध ऐन, २०३३ को दफा १२ बमोजिम पेस गर्न नसकेबाट लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) अनुसारको कसुर प्रमाणित भएकोले सुरू तथा पुनरावेदन अदालतको फैसलालाई अन्यथा

भन्न सकिने अवस्था देखिन नआउँदा सुरू काठमाडौं जिल्ला अदालतले लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१((छ)(२) अनुसार प्रतिवादी विनोद चौधरीलाई दश वर्ष कैद र रू. ७५,०००।– जरिवाना र अर्का प्रतिवादी रजिन राईलाई सोही ऐनको दफा १४(१(छ)(१) बमोजिम सात वर्ष कैद र रू.५,०००।– जरिवाना हुने ठहर्‍याएको मिति २०६८।५।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।२।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल भदौ ४ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-१११६, १४०६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. ताराकुमार नेपाल, विकुमार नेपाल वि. नेपाल सरकार*

प्रस्तुत वारदातमा घरबाहिरबाट आएका प्रतिवादीले मृतक डा. सुभाष योन्जनले प्रतिवादीको छोरीलाई गाला समाएको देखी रिस थाम्न नसकी मृतकको शरीरमा मुक्का, आग्लो समेतले पटकपटक प्रहार गरेको चोटको कारण मृत्यु भएकोले कुनै काम गर्दाको अवस्थामा अचानक मृतकलाई लाग्न गएको कारण मृत्यु भएको नभई प्रतिवादीले मृतकउपर रिस आवेशमा कुटपिट गरेको कारण मृतकको मृत्यु भएको देखिँदा ज्यानसम्बन्धीको महलको ५ नं. प्रस्तुत मुद्दामा आकृष्ट हुन सक्ने हुँदा विवेचित मिसिल संलग्न प्रमाणबाट मृतकको ज्यान लिने मनसाय नराखेको तथा पूर्वतयारी गरेको नदेखिएको र प्रतिवादीले जोखिमी हतियार प्रयोग गरेको नदेखिएको तथा आफ्नो घर व्यवहारको काम सकी बाहिरबाट घरमा आउँदा पहिले पनि पटकपटक छोरीको यौन शोषण गर्ने मृतक घरमा आई बसी छोरीको गाला समाई बसेको कारण प्रतिवादीले रिसआवेशमा तत्काल आत्म नियन्त्रण गर्न नसकी आग्लो, मुक्की समेतले प्रहार गर्दा मृतक भुइँमा ढलेपछि निजको उपचार गर्नसमेत यी प्रतिवादी गएको अवस्थाको घटनाक्रमसमेतलाई विचार गर्दा प्रस्तुत वारदात मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. आकर्षित हुने देखिँदा प्रतिवादी ताराकुमार नेपाललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं.ले १०(दश) वर्ष कैद सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको  फैसला मिलेकै देखिन आउने हुँदा ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरी अ.बं.१८८ नं. बमोजिम दश वर्ष कैद सजाय हुन राय व्यक्त गरेको सुरू इलाम जिल्ला अदालतको मिति २०६८।२।१६को फैसला उल्टी गरी पुनरावेदक प्रतिवादी ताराकुमार नेपाललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं.ले १०(दश) वर्ष कैद सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको मिति २०६८।१०।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल कात्तिक १५ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-१३६८, परमादेश, *पन्नाबहादुर रञ्जितसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

यी निवेदकहरू स्वास्थ्य सेवाका कर्मचारी भएकोले निजहरूको हकमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र सोको नियमावली, २०५५ लागु हुने तथ्यमा

कुनै विवाद छैन । यससम्बन्धी कानूनी व्यवस्था हेर्दा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ११९ को उपनियम (१) को खण्ड (ख) मा निवृत्तिभरण प्रयोजनको निमित्त विकास वा अस्थायीतर्फको पदमा मिति २०२६।८।११ भन्दा पहिले नियुक्त भई त्यस्तो पदमा गरेको सेवालाई अविछिन्न राखी स्थायी सेवामा आएका कर्मचारीले विकास तथा अस्थायीतर्फको पदमा गरेको सेवा अवधि मात्र निवृत्तिभरण प्रयोजनको निमित्त गणना गर्ने व्यवस्था रहेको देखिन्छ । यसका अतिरिक्त यी निवेदकहरू ग्रामीण स्वास्थ्य कार्यकर्ता पदमा नियुक्त हुँदा स्वास्थ्य सेवाका कर्मचारीलाई समेत लागू रहेको निजामती सेवा नियमावली, २०५० को नियम १२३ को उपनियम २ को उपखण्ड (ख) बमोजिम पनि मिति २०२६।८।११ भन्दा पहिले विकासतर्फको पदमा नियुक्ति भई त्यस्तो सेवामा गरेको सेवालाई अविछिन्न राखी स्थायी सेवामा आएका निजामती कर्मचारीहरूको त्यस्तो साधारण तथा विकासतर्फको पदमा स्थायी गरेको सेवा अवधिसमेत निवृत्तिभरणको लागि जोडिने व्यवस्था गरेको देखिन्छ। तर यी निवेदकहरू २०३४ साल र २०४२ सालमा मलेरिया फिल्डवर्करको पदमा नियुक्त भै २०४६ साल र २०५० सालमा रा.प.अनं. तृतीय ग्रा.स्वा.का. पदमा नियुक्ति पाएको देखिएकोमा २०२६।८।११ भन्दा पछि अर्थात् २०३४ र २०४२ सालदेखि गरेको अस्थायी सेवालाई निवृत्तिभरण प्रयोजनको निमित्त गणना गर्नुपर्छ भन्न मिल्ने नदेखिने।

ऐनमा गरिएको दफा ३७क को संशोधित थप व्यवस्था लामो समयसम्म महिला विकास कार्यक्रमतर्फका अस्थायी सेवा गरी ऐनको दफा ७ को उपदफा (१४) बमोजिम स्थायी भएका निजामती कर्मचारीहरूका लागि लक्षित गरी गरिएको व्यवस्था हुँदा यी निवेदकहरूमा लागू हुन नसक्ने हुँदा असमान व्यवहार भएको भन्ने जिकिरसित पनि सहमत हुन नसकिने।

स्वास्थ्य सेवा नियमावली, २०५९ को नियम ११९ को उप-नियम १ को खण्ड (ख) एवम् निजामती सेवा नियमावली, २०५० को नियम १२३ को उपनियम २ को खण्ड (ख) बमोजिम मिति २०२६।८।११ भन्दा पछिको निवेदकहरूको जस्तो पदको सेवा निवृत्तिभरण प्रयोजनको लागि नजोडिने गरी कानूनी व्यवस्था भैरहेको एवम् "निवेदकको नोकरी जोडिँदाकै अवस्थामा ज्येष्ठता प्रयोजनको लागि गणना हुने गरी निर्णय भएको र एक पटक ज्येष्ठता प्रयोजनको लागि गणना गरिसकिएको नोकरी अवधि निवृत्तिभरण प्रयोजनको लागि जोड्न नमिल्ने भनी निजामती किताबखानाले गरेको निर्णय र सोको आधारमा भएका अन्य काम कारवाहीसमेत संविधान एवम् कानूनविपरीत भन्न नमिल्ने हुँदा निवेदकको मागबमोजिम आदेश जारी हुन नसक्ने" भनी सूर्य नारायणलाल कर्ण विरूद्ध शिक्षा तथा संस्कृति मन्त्रालयसमेत भएको उत्प्रेषणयक्त परमादेश मुद्दामा (*नेकाप* २०६१, अङ्क १, नि.नं. ७३१९) प्रतिपादित सिद्धान्त समेतको परिप्रेक्ष्यमा २०३४ पछि नियुक्ति भएका यी निवेदकहको हकमा माग बमोजिमको आदेश जारी गर्न मिल्ने देखिएन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल जेठ २४ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CI-०१८२, निषेधाज्ञा, *सुभाष गिरी वि. देवीप्रसाद पुरी*

बाली काट्ने र जग्गामा प्रवेश गर्ने विषय र

सो समयलाई हेर्दा तत्काल आशङ्काको स्थिति भए पनि अब विवादित जग्गामा विपक्षीको मोही हक हो होइन भन्ने विषय साधिकार भूमिसुधार कार्यालय, राजविराजले नैं गर्न सक्ने देखिन्छ । निषेधाज्ञाको आदेशबाट हक बेहकको विषयमा निर्णय गर्न नमिल्ने ।

स्पष्टरूपमा हक स्थापित भइसकेको कसैको स्वामित्व प्राप्त सम्पत्तिमा हस्तक्षेप हुन लागेको प्रबल आशङ्काको अवस्था विद्यमान भएको अवस्थामा मात्र अदालतबाट निषेधाज्ञाको आदेश जारी हुन सक्दछ । प्रस्तुत विषयमा साधिकार निकायमा मुद्दा चलिरहेको र उक्त भूमिसूधार कार्यालयबाट नैं कानूनबमोजिम निर्णय हुन सक्ने नै देखिँदा त्यस्तो विवादित विषयमा निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने देखिएन । निषेधाज्ञाको आदेश जारी गर्ने गरेको मिति २०६७।९।४ को पुनरावेदन अदालत, राजविराजको आदेश मिलेको देखिन नआउने ।

कि.नं. १०५ र कि.नं. ७५ को जग्गामा जबरजस्ती प्रवेश नगर्नु सो जग्गामा लगाएको धानबाली नकाट्नु नकटाउनु भनी विपक्षीको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।९।४ को आदेश मिलेको नदेखिँदा उल्टी भई निवेदन दाबी खारेज भई मिति २०६७।७।१७ को पुनरावेदन अदालतबाट भएको अन्तरिम आदेश स्वतः निष्क्रिय हुने ।

इजलास अधिकृतः रामप्रसाद वस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल जेठ १२ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६६-CI-०८२५, दर्ता बदरसमेत, *अङ्कबहादुर बुढथापासमेत वि. मयालाल बोहरा*

सर्भे नापी पूर्व जग्गाको स्रेस्ता राख्ने जिमिदारले गरिदिएको नामसारी घरसारकै हुने हुन्छ । त्यस्तो नामसारीले अन्य व्यक्तिको हकमा असर परेको छ भने असर पर्ने पक्षले त्यसलाई बदर गराउनेतर्फ कारवाही गर्नुपर्ने हुन्छ । बाबुबाजेका नाउँमा घरधुरी सेर्मामा दर्ता रहेकोमा विवाद देखिदैन । बाबुबाजेको घरधुरी सेर्माको दर्ताको घरजग्गा विवादित घरजग्गा नभई अरू रहेको भन्ने कुरा नक्सा मुचुल्कामा वादीले देखाउन नसकेको अवस्थामा बाबुबाजेको घरधुरी सेर्माको दर्ता घर जग्गा यही नै हो भन्ने स्पष्ट नदेखिएको भन्ने सुरूको तर्कसमेत न्यायोचित देखिन आउँदैन । वादीहरूले दाबी लिएकै ४ किल्लाभित्रको जग्गामध्येको विवादित घरजग्गा रहेको भन्ने सम्बन्धमा हेर्दा वादीहरूले दाबी लिएको जग्गा २०५० सालमा मात्र बसोबास समितिको निर्णयबाट दर्ता गरेको भन्ने देखिन्छ । तसर्थ उक्त कि.नं. १९१ को जग्गा प्रतिवादीमध्येका मयालाल बोहराको नाउँमा नापी दर्ता भएको देखिन्छ । नक्सा मुचुल्कामा विवादित उक्त कि.नं. १९१ मा यी पुनरावेदक प्रतिवादीको घर बसोबास रहेको तथ्य उल्लेख भएको देखिन्छ । सो घर प्रस्तुत मुद्दाको फिरादपत्र दर्ता भएपश्चात् पुनरावेदकले बनाएको भन्ने र सो घर उठाउनेतर्फ वादी पक्षको दाबी नभएकोले केवल सामुहिक रूपमा दिएको प्रतिउत्तरमा यी प्रतिवादीको घर बसोबासलाई अन्यथा भन्न मिल्ने अवस्था हुँदैन । पुनरावेदकको नाउँमा भएको नामसारी विवादरहित अवस्थामा रहेको छ भने सो नामसारीलाई मालपोत कार्यालयमा मौकैमा पेस नगरेको भन्ने तर्कका आधारमा मात्र अन्यथा भन्न मिल्दैन । जहाँसम्म २०५० सालको नामसारी भएको घरजग्गाको ७ नं. फाँटवारी यी पुनरावेदकले दाखिला नगरेको भन्ने तर्क पनि मनासिब देखिँदैन । यी पुनरावेदक प्रतिवादीको हक भोगको घरजग्गा निजको बाबु बाजेकै पालादेखिको दर्ता भोगको भन्ने देखिएकोले पछि दर्ता गराएको जग्गाको ४ किल्ला

उल्लेख गर्दा सो किल्लाभित्र पारेको घरजग्गा सोही आधारमा मात्र प्रतिवादीको बसोबासको घरजग्गामा वादीहरूको हक सिर्जना हुने अवस्था हुँदैन। कुनै पनि जग्गामा दाबी गर्ने पक्षले आफ्नो हकको स्रोत देखाउने प्रस्ट आधार हुन जरूरी हुन्छ। प्रमाण ऐन, २०३१ को दफा २६ मा देवानी मुद्दामा प्रमाण पुर्‍याउने भार वादीको हुने भन्ने व्यवस्था गरेको छ। यी वादीले विवादित जग्गामा हक स्थापित गरेको कुनै प्रमाण पेस गर्न सकेको नदेखिँदा वादी दाबीको कि.नं. १९१ को जग्गाको पुनरावेदक प्रतिवादी मयालाल बोहोराको दर्ता बदर भई वादीहरूको नाममा दर्ता हुने ठहर गरेको जुम्ला जिल्ला अदालतको २०५७।१२।९ को फैसला सो हदसम्म केही उल्टी हुने ठहर्‍याएको पुनरावेदन अदालत, जुम्लाको मिति २०६६।८।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असार २१ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६४-CI-०८८३, अंश, *भाजुमुनी गुभाजुसमेत वि. चुडामणि गुभाजु*

सगोलमा भै रहेको सम्पत्ति दर्तावालाले मोहीलाई बकस दिई मोहीले उसै दिन बकस दिई प्राप्त भएको सम्पत्ति बकस लिनेको मात्र एकलौटी हक हुन्छ भनी भन्न मिल्दैन। मुद्दाको व्याख्या गर्दा तथ्य, घटना, परिस्थितिहरूका आधारमा विश्लेषण गरी निर्णयमा पुग्नु पर्दछ। जग्गा बकस दिनुको उद्देश्य जग्गाधनी र मोहीबिचको व्यवहार मिलाउनको लागि स्पष्ट देखिइरहेको अवस्थामा भाजुमुनीले बकसपत्रबाट प्राप्त जग्गालाई निजी मान्न मिल्ने स्थिति देखिँदैन। निजी आर्जन कायम गर्दा समान तहका अन्य अंशियारको अंश हकमा प्रत्यक्ष असर पर्नसमेत जाने हुँदा उक्त जग्गालाई सगोलको कायम हुने ठहराई पुनरावेदन अदालतबाट भएको फैसला मनासिब देखिँदा यस अदालतबाट मिति २०६६।२।१३ को प्रत्यर्थी झिकाउने आदेशसँग समेत सहमत हुन नसकिने हुँदा पुनरावेदन अदालत, पाटनबाट मिति २०६४।३।१२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असार १५ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CI-०९३८, उत्प्रेषण / परमादेश, *शिक्षिका गीता कटुवालसमेत वि. जिल्ला तेह्रथुम नगरपालिका स्थित शिक्षा कार्यालय तेह्रथुम र सोका प्रमुख*

जिल्ला शिक्षा समिति, तेह्रथुमले सोही कानूनी अधिकारको प्रयोग गरी दरबन्दी मिलानको प्रयोजनको लागि पुनरावेदक गीता कटुवाल र कमला दाहाललाई एउटै गाउँ विकास समिति अन्तर्गतका एक विद्यालयबाट अर्को विद्यालयमा सरूवा गर्ने गरी मिति २०६८।४।१० मा निर्णय गरेको र उक्त मिति २०६८।४।१० को सरूवासम्बन्धी निर्णय पुनर्विचार नगर्ने गरी मिति २०६८।७।२६ मा अर्को निर्णय गरेको अवस्था छ। पुनरावेदकहरूलाई आफू कार्यरत रहेको विद्यालयबाट अन्य विद्यालयमा सरूवा हुनु नपर्ने गरी कुनै कानूनले संरक्षण प्रदान गरेको अवस्था पनि देखिँदैन। जिल्ला शिक्षा समिति, तेह्रथुमबाट भएको मिति २०६८।४।१० र मिति २०६८।७।२६ को निर्णयले पुनरावेदकहरूको कानूनी अधिकारमा आघात पुर्‍याएको अवस्था नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुनु पर्ने भन्ने पुनरावेदन जिकिरसँग

सहमत हुन नसकिने हुँदा विवेचना गरिएका आधार, कारण र कानूनी व्यवस्थाबाट रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, धनकुटाको मिति २०६९।२।२९ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असार ८ गते रोज ३ शुभम् ।

११

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-१००२, कर्तव्य ज्यान, *डिलबहादुर चुदारा (वि.क.) वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी डिलबहादुरले मैले मृतक डिलमायालाई कुटपिट गरेको नभई निजले अत्यधिक रक्सी सेवन गरी खाटमुनि लडिबुडी गर्दा चोटपटक लागेको हो । प्रस्तुत वारदातलाई भवितव्य ठहर गरी न्याय इन्साफ दिलाइ पाउँ भन्ने पुनरावेदन जिकिर लिएकोले सोतर्फ विचार गर्दा रक्सीको नसामा रहेको श्रीमती डिलमायाको पेट, यौनाङ्ग, मुख, हात, खुट्टा र ढाडमा हात, मुक्का र खुट्टाले प्रहार गरी कुटपिट गर्दा मानिस मर्न सक्छ भन्ने कुरा यी प्रतिवादीलाई थाहा थिएन भन्न मिलेन । श्रीमतीले रक्सी खाई होस गुमाएकी भए पनि यी प्रतिवादी आफू पूर्ण होसमा रही कुटपिट गरेको र राति आफूले कुटपिट गरी घाइते बनाइएकी श्रीमतीलाई उपचारको लागि अस्पताल लैजानेतर्फ कुनै पहल गरेको समेत देखिँदैन । ज्यानसम्बन्धीको महलको ५ नं. मा “ज्यान लिने इविलाग वा मनसाय नभै कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई मानिस मर्न गएमा भवितव्य ठहर्छ” भन्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा प्रस्तुत वारदातलाई भवितव्य भन्न सकिने अवस्था मिसिल प्रमाणको रोहबाट देखिँदैन । ज्यानसम्बन्धीको महलको ९ नं. मा ज्यानै मार्नका लागि कुनै अङ्ग भाँच्ने छिन्ने गरी हाने कुटेमा बाहेक मारौं भनी गैह्र मर्ने कुरा गर्दा उसै बखत ज्यान नमरी त्यहीँ मारौं भनी गरेका चोट पिरले उठ्न नसकी थला परी एक्काइस दिनभित्र, अरू सास्ती शासना जोरजुलम गरेमा तिन दिनभित्र र विष खुवाएमा सात दिनभित्र मर्‍यो भन्ने ज्यानमारा ठहर्छ भन्ने व्यवस्था रहेको देखिन्छ । मृतक डिलमाया चुदाराले मिति २०६६।७।३ गतेका दिन घाइते अवस्थामा भरतपुर मेडिकल कलेजमा कागज गर्दा आफूलाई मिति २०६६।७।२ गते राति श्रीमान् डिलबहादुरले हात, खुट्टा र लाठीले हिर्काई घाइते बनाएको भनी प्रस्तुत मुद्दाका जाहेरीवाली बुहारीहरू जिना चुदारा तथा राधिका चुदारा र डाक्टर समेतको रोहबरमा कागज गरेको पाइन्छ । यसरी मृतक दिलमायाले मौकामा होस् छँदै आफूलाई प्रतिवादी डिलबहादुरले कुटपिट गरेको भनी कागज गरिदिएको देखिन्छ । जाहेरवाली राधिका र जिनाले प्रतिवादी ससुरा डिलबहादुरको कुटपिटका कारणबाट घाइते भएकी सासू डिलमायाको उपचारको क्रममा मृत्यु भएको भनी मौकामा किटानी जाहेरी दिई सोहीअनुरूप अदालतसमक्ष बकपत्र गरेको पाइन्छ । मौकामा कागज गर्ने इन्दिरा जि.सी., सीता चुदारा समेतले मिति २०६६।७।२ गते राति प्रतिवादी डिलबहादुरले आफ्नी श्रीमती डिलमायालाई कुटपिट गरेकोमा सोही कुटाईको कारणबाट निज डिलमायाको भरतपुर मेडिकल कलेजमा उपचारको क्रममा मिति २०६६।७।३ गते मृत्यु भएको हो भन्ने व्यहोरा लेखाई सोही व्यहोरा समर्थन गरी अदालतमा बकपत्र गरिदिएको देखिन्छ । मृतक डिलमायाको लासजाँच मुचुल्का हेर्दा पेट तथा छातीमा निलडाम भएको, योनि वरिपरि छाला चिथोरिएको जस्तो घाउ भएको, दुवै

खुट्टाका तिघ्रा तथा ढाडमा समेत निलडाम भएको भन्ने उल्लेख भएको देखिन्छ। त्यस्तै मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा Cardio respiratory failure, hypovolemic shock, traumatic shock भनी लेखिएको देखिन्छ। तसर्थ माथि विवेचना गरिएका मिसिल संलग्न आधार प्रमाणहरू-जाहेरवालीहरूको किटानी जाहेरी र सोही अनुरूपको अदालतसमक्षको बकपत्र, प्रतिवादीले आफूलाई कुटपिट गरेको भनी मृतकले होस छँदै भरतपुर मेडिकल कलेजमा उपचारको क्रममा गरेको कागज, मौकामा कागज गर्ने सीता चुदारासमेतको मौकाको कागज र अदालतसमक्ष गरेको बकपत्र, मृतकको मौकाको घा-जाँच केस फाराम तथा लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदनसमेतबाट यी पुनरावेदक प्रतिवादीको मौकाको साबिती बयान समर्थित भएको अवस्था देखिँदा यी प्रतिवादीको कुटपिटका कारणले सख्त घाइते भएकी मृतक डिलमायाको उपचारको क्रममा मृत्यु हुन गएको भन्ने कुरा पुष्टि हुन आएकोले प्रतिवादीलाई अभियोग मागदाबीअनुसार ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू नवलपरासी जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसला मनासिब एवम् न्यायोचित नै देखिएकोले सो फैसलालाई अन्यथा भन्न मिल्ने देखिँदैन । प्रस्तुत वारदातलाई भवितव्य ठहर गरिपाउँ भन्ने समेतको पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी डिलबहादुर चुदारा वि.क.लाई ज्यानसम्बन्धीको महलको १ र १३ (३) नं. विपरीतको कसुरमा ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहराई घटनाको अवस्था, परिस्थिति र प्रतिवादीको उमेरसमेतलाई विचार गरी सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने देखि अ.बं. १८८ नं. बमोजिम घटी सजाय १४ वर्ष कैद हुने राय व्यक्त भएको सुरू नवलपरासी जिल्ला अदालतको मिति २०६६।१२।३० को फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।९।४ को फैसला मिलेकै देखिँदा प्रतिवादीलाई १४ वर्ष कैद सजाय गर्ने गरी अ.बं. १८८ नं. बमोजिम व्यक्त गरेको रायसहितको पुनरावेदन अदालतको फैसला सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी डिलबहादुर चुदारा वि.क.को पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल कात्तिक ३० गते रोज् २ शुभम्।

१२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-१२६६, कर्तव्य ज्यान, *निर्मला भन्ने महिमा (वि.क.) वि. नेपाल सरकार*

प्रतिवादीले आफैँले जन्माएकी ३ महिनाकी बालिका मृतक गीता वि.क.लाई काखमा लिई आफ्नो भिनाजु नाताका प्रताप वि.क.को घरमा जाने क्रममा अत्यन्तै भावावेशमा आई बाटोमा पर्ने जेठीनालामा जिउँदै फालिदिएको कारणबाट निज बालिकाको पानीमा डुबेर मृत्यु भएको देखिन आएकोले मृतक अवोध बालिकालाई मार्नुपर्नेसम्मको अन्य कुनै कारण देखिँदैन । तसर्थ यी प्रतिवादी निर्मला भन्ने महिमा वि.क.को उमेर, घटनाको प्रकृति, वारदातको अवस्था र परिस्थितिसमेतलाई विचार गर्दा यी प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने तथा १० वर्ष मात्र कैद गर्दा पनि न्यायको उद्देश्य पूरा हुने देखिँदा यी प्रतिवादीलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको

महलको १८८ नं. बमोजिम १० वर्ष कैद सजाय गर्ने गरी सुरू बाँके जिल्ला अदालतले राय व्यक्त गरेको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगञ्जको फैसला न्यायोचित नै देखिँदा प्रतिवादीलाई १० वर्ष कैद सजाय गर्ने गरी पुनरावेदन अदालतबाट अ.बं. १८८ नं. बमोजिम व्यक्त रायसमेत सदर हुने।

मिसिल संलग्न आधार, कारण र प्रमाणहरूको विवेचना गरी प्रतिवादी निर्मला भन्ने महिमा वि.क.लाई अभियोग माग दाबीअनुसार ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद गर्न राय व्यक्त गरेको सुरू बाँके जिल्ला अदालतको मिति २०६६।२।५ को फैसला सदर हुने ठहराएको र प्रतिवादीलाई १० वर्ष कैद गर्ने गरी अ.बं. १८८ नं. बमोजिम व्यक्त गरेको रायसहितको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६७।९।४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अभियोग दाबीबाट सफाइ दिलाई पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल कात्तिक ३० गते रोज २ शुभम्।

१३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-१३१८, ०६८-CR-००२२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रत्नमाया थपलियासमेत, बलराम भन्ने हरिप्रसाद थपलिया वि. नेपाल सरकार*

प्रतिवादी रत्नमाया थपलियाको मिति २०७१।६।२९ मा मृत्यु भैसकेको भनी प्रतिवादी हरिप्रसाद थपलियाका कानून व्यवसायी अधिवक्ता हरिबहादुर कार्कीले बहसको क्रममा आजै निज प्रतिवादी रत्नमाया थपलियाको मृत्यु दर्ता प्रमाणपत्रको फोटोकपी पेस गरेको अवस्था हुँदा मुलुकी ऐन, अ.बं. १७६ नं. बमोजिम गैह्र मुद्दामा अभियोग लागेको मानिस फैसला नहुँदै मर्‍यो भने सो मर्नेलाई खतबात लाग्दैन भन्ने कानूनी व्यवस्था रहेकोले निज प्रतिवादी रत्नमाया थपलियालाई कुनै खतबात लाग्ने अवस्था देखिन नआउने हुँदा मिसिल संलग्न आधार प्रमाणको विवेचना गरी सुरू नुवाकोट जिल्ला अदालतबाट मिति २०६६।२।१४ मा प्रतिवादी बलराम भन्ने हरिप्रसाद थपलियालाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने र प्रतिवादी रत्नमाया थपलियाले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याएको फैसला केही उल्टी गरी निज प्रतिवादी बलराम भन्ने हरिप्रसाद थपलियालाई ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने र प्रतिवादी रत्नमाया थपलियालाई ऐ.को २५ नं. बमोजिम रू.२०।- जरिवाना हुने ठहराएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।५।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकार र प्रतिवादी बलराम भन्ने हरिप्रसाद थपलियाको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल कात्तिक ३० गते रोज २ शुभम्।

१४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CI-०३७९, परमादेश, *दीपेन्द्र कुमार न्यौपाने वि. मध्यमाञ्चल ग्रामीण विकास बैंक लिमिटेड केन्द्रीय कार्यालय, जनकपुर*

निवेदक दिपेन्द्रकुमार न्यौपानेउपर १० दिनभन्दा बढी अनुपस्थिति रहेको भनी लागेको आरोप ठहर भएमा निजलाई सेवाबाट बरखास्तसम्म गर्न सक्ने बैंकको कर्मचारीको सेवा सर्तसम्बन्धी विनियमावलीमा व्यवस्था रहेको देखिनुका साथै सो निर्णयउपर पुनरावेदनसमेत गर्न सकिने कानूनी व्यवस्था रहेको देखिन्छ । अन्य वैकल्पिक उपचारको मार्ग नभएको अवस्थामा मात्र रिटक्षेत्रमा प्रवेश गर्न सकिने अवस्था रहन्छ । पुनरावेदकउपर भ्रष्टाचारको सम्बन्धमा कारवाही चलिरहेको र कार्यालयमा लामो समयदेखि अनुपस्थिति रहेको आरोप लागी कारवाही भैरहेको अवस्था देखिएको सो कारवाहीको निर्णयबाट असर परेको अवस्थामा निजले सो निर्णयउपर उक्त विनियमावलीबमोजिम माथिल्लो निकायमा पुनरावेदन सरहको उजुर गर्न पाउने कानूनी हक सुरक्षित नै रहेको अवस्थामा अहिले नै सो कारवाहीमा असर पर्ने गरी रिट क्षेत्रबाट हाजिर गराई दिन बोल्न नमिल्नुको साथै २०६२ सालदेखि कार्यालयमा अनुपस्थित रहेकोमा सोउपर समयमा उपचारको कुनै कारवाही नगरी ८ वर्ष ढिलो अर्थात् अति विलम्ब गरिदिएको प्रस्तुत निवेदनबाट तथ्यमा प्रवेश गरी परमादेशको आदेशसमेत जारी गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको आदेशलाई अन्यथा गर्नुपर्ने देखिन नआउने ।

हिनामिना भएको रकम दाखिला गरी हाजिर हुन पाउँ भन्ने निवेदनमा उपयुक्त निकासा नैं नगरी हाजिर हुन दिने नदिने सम्बन्धमा निर्णय नभएकोमा परमादेशको माग गरेकोमा ०६२ सालदेखि हाजिर नभएको व्यक्तिलाई हाजिर गर्दा बैंक ऐन नियमप्रतिकूल हुन जाने देखिनुको साथै बिलम्बको आधारमा रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको आदेश मिलेकै देखिन आउने ।

बैंकले सोधेको स्पष्टीकरण दिई हाजिर गराई पाउँ भनी दिएको निवेदनलाई बेवास्ता गरी हाजिर नगराएकोले अविलम्ब हाजिर गराउनु भनी प्रत्यर्थीको नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको आदेश मिलेकै देखिँदा मिति २०७०।२।२१ को पुनरावेदन अदालत, जनकपुरको आदेश सदर हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असोज १२ गते रोज ३ शुभम् ।

१५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CI-०४९५, उत्प्रेषण / परमादेश, *नर्मदा बस्नेत वि. भूमिसुधार कार्यालय, मोरङ, विराटनगरसमेत*

निवेदिकाले जग्गाधनीबाट रकम बुझिलिएको कुरा निवेदक स्वयम्को निवेदन व्यहोराबाटै देखिन आएको छ । उक्त रकम मोही हकबाहेक अन्य प्रयोजनका लागि बुझेको भन्ने कुरा कहीँ कतैबाट प्रमाणित हुन आएको अवस्था देखिँदैन । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ ले रकम बुझी मोही हक छोडपत्र गर्न सक्ने कानूनी व्यवस्था रहे भएकै देखिन आएकोले निवेदकको मागबमोजिम उल्लिखित दफाको प्रक्रिया पुगेको रहेनछ भन्न सकिने अवस्था देखिन आएन । निवेदिका विराटनगर नगरपालिकाअन्तर्गतको वडा समितिको कार्यालय १३ नं. वडाद्वारा सर्जमिन गराउँदा सो सर्जमिन मुचुल्कामा निवेदिका स्वयम् उपस्थित भई रोहवरमा सहीछाप गरेको देखिन्छ भने भूमिसुधार कार्यालय, मोरङसमक्ष २(दुई) थान निवेदन दिई उक्त निवेदनहरूमा निवेदिका स्वयम्ले

सनाखतसमेत गरिदिएको देखिन्छ। निवेदिकाले मलाई करकाप गरी कागज गराएको भन्ने विषयमा जिल्ला अदालतसमक्ष यसै विषयमा करकाप मुद्दा दायर गरेको भन्ने सुरू पुनरावेदन अदालतको फैसलामा उल्लेख भएको देखिँदा उक्त विषयमा सोही करकाप मुद्दाबाट ठहरेबमोजिम निर्णय हुने नै अवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा निवेदिकाले जग्गाधनीबाट रकम बुझिलिएको कुरा निवेदक स्वयम्को निवेदन व्यवहाराबाटै देखिएको र उक्त रकम मोही हकबाहेक अन्य प्रयोजनका लागि बुझेको भन्ने कुरा कहीँ कतैबाट प्रमाणित हुन आएको अवस्था नहुँदा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ ले रकम बुझी मोही हक छोडपत्र गर्न सक्ने नै अवस्था देखिँदा निवेदकको मागबमोजिम सो दफाको प्रक्रिया नपुगेको भन्न सकिने अवस्था समेत नरहने हुँदा रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६९।२।२९ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। उक्त फैसला उल्टी गरी मागबमोजिमको आदेश जारी गरिपाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असोज १२ गते रोज ३ शुभम्।

१६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CI-०५१४, निषेधाज्ञा, वीणाकुमारी यादव *वि. उषादेवी मिश्र*

आफ्नो नाउँमा दर्ता भई निर्विवाद रूपमा हकभोग गरेको जग्गामा गैरकानूनी तरिकाबाट आघात पुर्‍याई हकभोग गर्नबाट बञ्चित गर्न खोज्ने कार्यलाई कुनै पनि व्यक्तिको सम्पत्तिसम्बन्धी अधिकारलाई असर पुर्‍याउने कार्यको रूपमा लिन सकिन्छ । नेपालको वर्तमान संविधान र प्रचलित कानूनले समेत नागरिकको सम्पत्तिमाथि कुनै पनि प्रकारको हस्तक्षेप गर्ने कार्यलाई छुट दिएको छैन। गाँस, बास र कपाससँग जोडिएको सम्पत्तिसम्बन्धी अधिकारलाई हनन् हुन नदिनु अदालतको कर्तव्य भएको हुँदा निवेदकले उल्लेख गरेको कि.नं. १३४ को जग्गामा विपक्षीले आघात पार्ने आशङ्काको अवस्था विद्यमान देखिन आउँदा कि.नं. १३४ को ०-०-१७ जग्गा निवेदकको निर्विवाद हकभोगकै रहेको देखिँदा निवेदकको मागबमोजिम उक्त जग्गामा अनाधिकृत प्रवेश नगर्नु साथै कुनै किसिमको निर्माण कार्य नगर्नु नगराउनु भनी विपक्षीको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०७०।३।२ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन अदालत, राजविराजको आदेश उल्टी गरिपाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असोज १२ गते रोज ३ शुभम्।

१७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CI-१००९, उत्प्रेषण / परमादेश, *नागेन्द्र राउत कुर्मी वि. विनोद मण्डलसमेत*

पुनरावेदकलाई पियन पदबाट हटाउने गरी गरेको सञ्चालक समितिको निर्णय हेर्दा निवेदक मिति २०२७।१।१ देखि विद्यालयको पियन पदमा नियुक्ति भएको भन्ने कुरा निजको नियुक्तिपत्रबाट देखिन आएको छ । विद्यालय व्यवस्थापन समितिको मिति २०६८।८।३ को निर्णय बमोजिम विद्यालयको मिति

२०६८।८।७ च.नं.११/ ०६७/०६८ को पत्रद्वारा यी पुनरावेदकलाई ७ दिनभित्र स्पष्टीकरण पेस गर्न अवगत गराएको देखिन्छ। त्यसको समुचित जवाफ नदिइएको तथा विद्यालयको कामकाजसमेतमा कठिनाई उत्पन्न भएको भनी निजलाई पियन पदबाट हटाउने निर्णय गरेको देखिन्छ । त्यसैगरी विद्यालयको कर्मचारीको सेवा सर्त सम्बन्धमा स्पष्ट कानूनको अभाव रहेको देखिन्छ। तर विद्यालयको निजी स्रोतबाट तलब पाउने गरी नियुक्त गरेका यी निवेदकलाई प्राकृतिक न्यायको सिद्धान्तबमोजिम स्पष्टीकरणसमेत सोधी पियन पदबाट हटाउने गरेको निर्णय कानूनविपरीत भन्न मिल्ने अवस्था नदेखिने।

नियुक्ति दिने अधिकारीले विधिवत् ढङ्गले कानूनको प्रक्रिया पुरा गरी पदबाट हटाउने निर्णय गरेको कार्य कानूनसङ्गतकै देखिँदा मिति २०६८।८।२३ मा भएको सञ्चालक समितिको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गर्न र निजलाई कार्यमा लगाउनु भनी परमादेशको आदेश समेत जारी गर्नुपर्ने अवस्था नहुँदा निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।१।५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असोज १२ गते रोज ३ शुभम्।

१८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CI-१००५, परमादेश, *नागेन्द्र राउत कुर्मी वि. विनोद मण्डलसमेत*

सिद्धान्ततः 'परमादेश' भन्नाले कुनै सार्वजनिक निकाय वा अधिकारीले आफूले गर्नुपर्ने कानूनी कर्तव्य परिपालना गर्न इन्कार गरेमा वा अनिच्छा देखाएमा वा अनुचित विलम्ब गरेमा सो कानूनी कर्तव्य परिपालना गराउन उच्चतम् अदालतले जारी गर्ने आदेश हो । मूलतः निवेदकले २०६८ सालको साउन, भदौ, असोज र दशैं खर्चसमेतका तलब नदिएको हुँदा परमादेशको आदेश जारी गरिपाउँ भनी माग दाबी लिएको देखिन्छ। प्रत्यर्थीबाट मिति २०६८।४।५ देखि विद्यालयको काम गर्न छाडी गएको र असारसम्मको तलब पाइसकेको हुँदा काम नगरेको अवधिको तलब दिलाउन नमिल्ने र निवेदकलाई पियन पदबाट हटाइसकेको हुँदा झुठा रिट निवेदन नै खारेज गरिपाउँ भनी लिखित जवाफ फिराएको देखिन्छ । मिसिल संलग्न यी निवेदकको हाजिर कापीको छायाँप्रति समेतबाट मिति २०६८।४।५ सम्म निवेदक हाजिर रहेको र सो कुरालाई प्रत्यर्थीहरूले समेत स्वीकार गरी लिखित जवाफ दिएको देखिन्छ। शिक्षा नियमावली, २०५९ को नियम २५(च) ले विद्यालयको स्रोतबाट व्यहोर्ने गरी नियुक्त भएका कर्मचारीले पनि तलब भत्ता पाउने कानूनी व्यवस्था गरेको पाइने हुँदा पुनरावेदकलाई मिति २०६८।४।१ देखि ऐ.५ गतेसम्म हाजिर भएको देखिँदा सो अवधिको तलब भत्ता एवम् नियमानुसार पाउने अन्य भत्तासमेत निवेदकलाई ३० दिनभित्र दिनु भनी प्रत्यर्थीहरूका नाममा परमादेशको आदेश जारी हुने र निजलाई पियन पदबाट हटाइसकेको देखिँदा हाजिर गर्नु भन्ने हदसम्म परमादेशको आदेश जारी गरिरहन परेन भनी पुनरावेदन अदालत, जनकपुरबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असोज १२ गते रोज ३ शुभम्।

१९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CI-१०३३, निषेधाज्ञा, *कामेश्वर तत्मासमेत वि. केशो दाससमेत*

विपक्षीहरू निवेदकका फुपू फुपाजू नाताका व्यक्ति रहेको र बाबु बाजेकै पालादेखि यी पुनरावेदकले दाबी गरेको कि.नं.मा बनेको घरमा बस्दै आएको भन्ने देखिन आएको छ सो कुरालाई यी पुनरावेदकले समेत अन्यथा भन्न सकेको अवस्था छैन। मिति २०७१।२।१९ गतेको टोल सुधार समितिका भद्रभलाद्मी बसी निवेदकहरूले ४ धुर जग्गा दिने वा सो बराबरको जग्गा अन्यत्र खरिद गरिदिने भन्ने जस्ता निर्णय गरेको प्रतिलिपि मिसिल सामेल रहेको देखिन्छ भने यी प्रत्यर्थीहरू घर भाडामा बसेको होइन रहेछन् भन्ने कुरा पुष्टि भएको देखिन्छ। अर्कोतर्फ यी पुनरावेदक / निवेदकले दाबी गरेजस्तो यी विपक्षीहरूलाई भाडामा बस्न दिएको हो भन्ने कुराको वस्तुनिष्ठ आधारसमेत मिसिलबाट देखिँदैन । जहाँसम्म विपक्षीहरूले कि.नं. ७४ को जग्गामा घर बनाउँछु भनेकोले उक्त जग्गामा निजहरूले घर बनाउने आशङ्का रहेको भन्ने निवेदकको दाबी छ सो सम्बन्धमा विचार गर्दा निवेदकले दाबी गरेको जग्गा उपमहानगरपालिकाभित्र पर्ने र उपमहानगरपालिकाभित्र घर निर्माण गर्नुपूर्व नक्सा पास गरेरमात्र घर निर्माण हुन सक्ने र त्यसरी नक्साको प्रक्रियामा विपक्षीहरू गएको भन्ने निवेदन तथा पुनरावेदनपत्रको व्यहोराबाट खुल्न आएको नदेखिँदा पुनरावेदकको मागबमोजिमको आशङ्काको स्थिति देखिन नआएकोले निषेधाज्ञाको रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०७१।७।३ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। सुरु पुनरावेदन अदालत, विराटनगरको फैसला उल्टी गरी मागबमोजिमको निषेधाज्ञाको आदेश जारी गरिपाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः रामप्रसाद बस्याल
कम्प्युटर: विदुषी रायमाझी
इति संवत् २०७२ साल असोज १२ गते रोज ३ शुभम्।

२०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CI-१३४५, उत्प्रेषण / परमादेश, *शहेरा बानु खातुनसमेत वि. इलाका प्रहरी कार्यालय, सिजुवा मोरङसमेत*

शवुका खातुनले दिएको लिखित जवाफ हेर्दा विपक्षी गयासोद्धिनसमेतकाउपर सीमा प्रहरी चौकी डोरिया मोरङमा मिति २०७०।१२।२१ मा र इलाका प्रहरी कार्यालय, सिजुवा मोरङमा जिउज्यानको सुरक्षा गरिपाउँ भनी निवेदन दिएको मिसिल संलग्न निवेदनको प्रतिलिपिबाट देखिन्छ । विपक्षी शवुका खातुनले जिउज्यानको सुरक्षा गरिपाउँ भनी विपक्षी इलाका प्रहरी कार्यालय, सिजुवा मोरङमा निवेदन दिएको र सोको आवश्यक कार्यार्थ इलाका प्रहरी कार्यालय, सिजुवा मोरङले यिनै निवेदक गयासोदिन मियालाई कार्यालयमा उपस्थित गराई सो निवेदनको सम्बन्धमा वास्तविकता बुझ्न खोजेको भन्ने पेस भएको लिखित जवाफसमेतबाट देखियो । कुनै व्यक्तिउपर कसैले जिउ ज्यान सुरक्षा गरिपाउँ भनी सम्बन्धित निकायमा निवेदन दिएपछि व्यक्तिको जिउज्यानको सुरक्षा गर्ने कानूनी दायित्व रहे भएको प्रहरी कार्यालयले उक्त निवेदनमा उल्लिखित व्यक्तिहरूलाई बुझ्ने झिकाउने गर्न नै मिल्दैन भन्न मिल्दैन । शान्ति सुरक्षाको लागि दिएको निवेदनमा वास्तविकता बुझ्नका लागि निवेदन दिइसकेपछि विपक्षीहरूलाई झिकाई बुझेको कार्यबाट

मेरो नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त हकाधिकारमा आघात पर्‍यो भनी निषेधाज्ञाको निवेदन दिएकै भरमा सत्यतथ्य नै बुझ्नबाट रोक लगाउने गरी निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने देखिँदैन। विपक्षी कार्यालयले आफ्नो कार्यालयमा शान्ति सुरक्षा गरिपाउँ भनी निवेदन परेपछि त्यसबारे सत्य तथ्य बुझ्न सक्ने नै हुँदा नागरिक हकाधिकारमा गैरकानूनी तवरले आघात पार्ने प्रवल आशङ्काको विद्यमानता रहेको भनी मान्न मिल्ने अवस्था नदेखिँदा निवेदकको निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता नरहेकोले निषेधाज्ञाको रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको मिति ०७१।८।२२ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। सुरू पुनरावेदन अदालत, विराटनगरको फैसला उल्टी गरी मागबमोजिमको निषेधाज्ञाको आदेश जारी गरिपाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असोज १२ गते रोज ३ शुभम्।

२१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CI-१४२९, उत्प्रेषण / परमादेश, *निम नारायण चौधरी वि. जिल्ला शिक्षा कार्यालय, नवलपरासीसमेत*

कानूनको कुनै अख्तियारीबिना गरिएको कार्य जहिलेसुकै पनि स्वतः बदरयोग्य हुने नै हुँदा नियुक्ति बदर गरेको विपक्षी जिल्ला शिक्षा कार्यालय, नवलपरासीको मिति २०७१।३।१९ को निर्णय कानूनसङ्गत रहे भएको देखिँदा कानूनविपरीत गरिएको नियुक्तिको आधारबाट पुनरावेदकको हक सिर्जना भएको भनी सम्झन मिलेन। यस्तो अवस्थामा यी पुनरावेदकलाई बुझिरहन पर्ने आवश्यकता र औचित्यसमेत देखिन नआएकोले प्राकृतिक न्यायको सिद्धान्तविपरीत मेरा विरूद्ध गरेको निर्णय बदर गरी उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरिपाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। प्रस्तुत निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०७१।६।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असोज १२ गते रोज ३ शुभम्।

२२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CI-१४०२, निषेधाज्ञा, *जगरनाथ साहु हलुवाई वि. वालेश्वर मुखिया*

निवेदकले दाबी गरेको कि.नं. १०५ को ज.वि. ०-०-९ जग्गा छुट जग्गा दर्ता गरिपाउँ भनी मालपोत कार्यालयमा निवेदन दिएको भन्ने कुरा निवेदकको निवेदन व्यहोराबाटै देखिन्छ भने यसरी छुट जग्गा निवेदकको नाउँमा दर्ता हुने नहुने भन्ने निवेदन मालपोत कार्यालय, सप्तरीमा विचाराधीन अवस्थामा रहिरहेको कुरा निवेदक स्वयम्ले दिएको रिट निवेदनमा उल्लेख भएको देखिन्छ। हक बेहकको प्रश्नमा रिट क्षेत्राधिकारको माध्यमबाट हेर्न नमिल्ने र निषेधाज्ञाको निवेदन निर्विवाद हक स्वामित्व स्थापित भइसकेको विषयमा मात्र जारी हुने भएकाले यी पुनरावेदकले उक्त जग्गा आफ्ना नाउँमा दर्ता गरी स्वामित्व स्थापित गरिसकेको अवस्था मिसिल संलग्न प्रमाणहरूबाट देखिन आएन।

अतः निवेदकले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरी उक्त जग्गामा यी पुनरावेदकको हाल हक स्वामित्व नै कायम भइसकेको नदेखिएको र हक स्वामित्वको नै

अभाव रहन गएको देखिँदा मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन। रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०७१।६।५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असोज १२ गते रोज ३ शुभम्।

२३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CI-१४४०, उत्प्रेषण / परमादेश, *विष्णुमाया कुमारी राय थारू वि. जिल्ला शिक्षा कार्यालय, नवलपरासीसमेत*

निवेदकको हक सिर्जना भएको भनी सम्झन नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ठहर्‍याएको फैसलाउपर उक्त निर्णयमा चित्त बुझेन म पुनरावेदकलाई अवकास दिइएको कार्य कानूनविपरीतको रहेको हुँदा उक्त निर्णय उल्टी गरिपाउँ भनी यस अदालतमा परेको पुनरावेदन सम्बन्धमा विचार गर्दा विपक्षी विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन मिति २०६७।१।३ मा भएको भन्ने देखिएको र शिक्षा ऐन, २०२८ को दफा १२ उपदफा ५ बमोजिम विद्यालय व्यवस्थापन समितिको पदावधि तिन वर्षको हुने कानूनी व्यवस्था भएकोले उक्त समितिको पदावधि मिति २०७०।१।२ मा नै समाप्त भैसकेको देखिन आउँछ। यसरी पदावधि समाप्त भैसकेको विद्यालय व्यवस्थापन समितिले निवेदकलाई मिति २०७०।५।१६ मा शिक्षक पदमा नियुक्त गरेको कार्य नै अधिकारक्षेत्रविहिन र कानूनविपरीतको रहे भएको देखिन आउने।

पदावधि नै समाप्त भएको विपक्षी विद्यालय व्यवस्थापन समितिले दिएको नियुक्तिलाई विपक्षी जिल्ला शिक्षा कार्यालय, नवलपरासीले उक्त नियुक्तिलाई एक पटक समर्थन गरिसकेपछि पुनः नियुक्ति बदर गर्न नपाउने भन्ने पुनरावेदकको पुनरावेदन जिकिर रहेको भए पनि कानूनको कुनै अख्तियारीबिना गरिएको कार्य जहिलेसुकै पनि स्वतः बदरयोग्य हुने र कानूनविपरीतको कार्यबाट कुनै पनि व्यक्तिको अधिकारको सिर्जना हुन नसक्ने हुँदा नियुक्ति बदर गरेको विपक्षी जिल्ला शिक्षा कार्यालय, नवलपरासीको मिति २०७१।३।१९ को निर्णय कानूनसङ्गत रहे भएको देखिने।

कानूनविपरीत गरिएको नियुक्तिको आधारबाट पुनरावेदकको हक सिर्जना भएको भनी सम्झन मिलेन। यस्तो अवस्थामा यी पुनरावेदकलाई बुझिरहन पर्ने आवश्यकता र औचित्यसमेत देखिन नआएकोले प्राकृतिक न्यायको सिद्धान्तविपरीत मेरा विरूद्ध गरेको निर्णय बदर गरी उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरिपाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। प्रस्तुत निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०७१।६।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असोज १२ गते रोज ३ शुभम्।

२४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६६-CR-०६८९, जालसाजी, *धर्म नारायण महर्जन वि. पञ्चनारायण महर्जनसमेत*

सुरू काठमाडौं जिल्ला अदालतमा यी प्रत्यर्थी वादीहरूबाट पेस भएका उक्त लिखतहरूका सम्बन्धमा यी पुनरावेदक प्रतिवादीहरूलाई सनाखत बयान गराउँदा उक्त घरसारको बन्डापत्रको लिखत प्रमाणमा लिन आवश्यक नभएको, सट्टापट्टाको लिखत

जुनसुकै बखत खडा गर्न सकिने र बाली बुझेको भरपाई रसिद जालसाजी हुन् भनी बयान गरेको देखिन्छ। त्यसतर्फ विचार गर्दा उक्त लिखतहरू प्रस्तुत मुद्दा पर्नुभन्दा धेरै वर्ष अगाडिका लिखत भएकोले जुनसुकै बखत खडा गर्न सकिने अवस्था देखिँदैन । उक्त २०३२ सालको बन्डापत्रको लिखतलाई यी प्रत्यर्थी वादीहरू अष्टनारायण महर्जन र पञ्चनारायण महर्जनबिच चलेको उक्त जग्गा खिचोला मुद्दामा तत्कालीन मध्यमाञ्चल क्षेत्रीय अदालतबाट प्रमाण लिई फैसला भई उक्त फैसला अन्तिम भएर रहेको देखिन्छ । त्यसप्रकारको पहिले नै अर्कै मुद्दामा पेस गरेको प्रमाणलाई प्रस्तुत मुद्दामा प्रमाणमा लिन नमिल्ने भनी तर्क गर्नु न्यायोचित हुने नदेखिने।

यी प्रत्यर्थी वादी पञ्चनारायण महर्जनसमेतको नागरिकताको प्रमाणपत्रमा बाबुको नाम सुकुचा भन्ने सुकु ज्यापु महर्जन उल्लेख भएको कुरा मिसिल संलग्न नागरिकताको प्रमाणपत्रको फोटोकपीबाट देखिएको र उक्त कुरालाई यी पुनरावेदक प्रतिवादीहरूले अन्यथा भनी सप्रमाण खण्डन गर्न सकेको मिसिलबाट देखिँदैन । अर्कोतर्फ यी पुनरावेदक प्रतिवादीहरू बसमाया महर्जन र धर्मनारायण महर्जनको नागरिकताको प्रमाणपत्र हेर्दा पिता वा पतिको नाममा सुकुचा भन्ने लक्ष्मीनारायण उल्लेख नभई लक्ष्मीनारायण महर्जनमात्र उल्लेख भएको देखिएबाट सरकारी निकाय जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको प्रमाणपत्रसमेतबाट सुकु ज्यापु यी पुनरावेदक प्रतिवादी बसमाया महर्जन र धर्मनारायण महर्जनको पति पिता नभई यी प्रत्यर्थी वादीहरूको बाबु हुन् भन्ने कुरा पुष्टि हुन आएको र सो कुरालाई यी पुनरावेदक प्रतिवादीहरूले अन्यथा भनी सप्रमाण पुष्टि वा खण्डन गर्न सकेको देखिँदैन। यस्तो अवस्थामा यी पुनरावेदक प्रतिवादी बसमाया महर्जनसमेतले हाम्रा पति पिता सुकु ज्यापु र लक्ष्मीनारायण महर्जन एकै व्यक्ति हुन् भनी लिएको पुनरावेदन जिकिर तथा निजहरूको निवेदनको आधारमा इचंगुनारायण गाउँ विकास समितिको कार्यालयबाट सुकु ज्यापु र लक्ष्मी नारायण महर्जन भन्ने एकै व्यक्ति हुन् भनी गरेको मिति २०५०।१२।८ को सिफारिससमेतलाई कानूनसम्मत मान्न सकिने स्थिति नदेखिने।

सुकु ज्यापु यी प्रत्यर्थी वादीहरूका बाबु बाजे हुन् भन्ने कुरा प्रमाणित हुन आएको र निज सुकु ज्यापुको नामको विवादित कि.नं. १६१ र १६२ को जग्गा लिने खाने नियतले निज सुकु ज्यापुसँग पत्नी छोराको नाता सम्बन्ध नै नभएका उनाउ व्यक्ति यी पुनरावेदक प्रतिवादीहरू बसमाया महर्जन र धर्मनारायण महर्जनले झुट्ठा व्यहोरा लेखी लेखाई निवेदन दिई झुट्ठा व्यहोराको सिफारिस गराउन सफल भई यी प्रत्यर्थी वादीहरूको हक लाग्ने जग्गा आफ्ना नाममा नामसारी दा.खा. समेत गराएको कार्य जालसाजीपूर्ण देखियो । कुनै पनि व्यक्तिको सम्पत्ति, पद वा एकाको हक लाग्ने वस्तु आफ्नो हक बनाउने नियतले कुनै लिखत खडा गर्ने, त्यसको लागि प्रमाण बनाउने, कुनै भैरहेको लिखतमा अङ्क अक्षर सच्याई वा मेटाई हक पुग्नेको प्रतिकूल कार्य गर्नु किर्ते कागजको महलको ३ नं. ले परिभाषित गरेको अपराधभित्र पर्न आउने हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीहरूको कार्यलाई जालसाजी गरेको ठहराई किर्ते कागजको महलको १० नं. बमोजिम जनही रू. १००।- जरिवाना समेत हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर हुने ठहराएको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न सकिने अवस्था मिसिल प्रमाणको रोहबाट देखिँदैन। तसर्थ प्रस्तुत मुद्दामा यस अदालतबाट मिति २०६६।१२।२७ मा भएको मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्ने आदेश तथा पुनरावेदक प्रतिवादीहरूको

पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा सुरू काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीहरू बसमाया महर्जन र धर्मनारायण महर्जनले वादी दाबीबमोजिम जालसाजी गरेको ठहऱ्याई जरिवानासमेत गर्ने गरेको मिति २०६१।११।१९ को फैसलालाई सदर हुने ठहराएको पुनरावेदन अदालत, पाटनको मिति २०६४।९।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल भदौ ८ गते रोज ३ शुभम्।

- यसै प्रकृतिको ०६६-CR-०६९०, जालसाजी, *धर्मनारायण महर्जन वि. पञ्चनारायण महर्जनसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-००९१, कर्तव्य ज्यान, *फुलोदेवी खत्वे वि. नेपाल सरकार*

हत्यामा आफ्नो संलग्नता नभएको भन्ने पुनरावेदन जिकिरमा पुनरावेदक प्रतिवादीले आफू निर्दोष भएको पुष्टि गर्ने वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको अवस्थासमेत रहेको नदेखिँदा यी प्रतिवादीसमेतले मृतकको हत्या गरेको पुष्टि हुन आयो। सो हुँदा प्रतिवादी फुलोदेवी खत्वेलाई मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय गरेको सुनसरी जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।११।२८ को फैसला मिलेको देखिँदा सदर हुने।

पुनरावेदन अदालत, विराटनगरबाट जन्मकैद हुने गरी भएको फैसला सदर भैसकेको अवस्थामा अर्का प्रतिवादी बसन्त खत्वेसरहको सार्थक संलग्नता नरही डरत्रासमा परी संलग्न रहेकी यी प्रतिवादी फुलोदेवी खत्वेलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिँदा अ.बं.१८८ नं. अनुसार निजको हकमा १४(चौध) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल मङ्सिर २४ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०२५३, ०२५४, जबरजस्ती करणी, *रवि सोरेन वि. नेपाल सरकार, अनिल उराव वि. नेपाल सरकार*

मौकामा कागज गरी अदालतमा बकपत्र गर्ने र घटना विवरणका शुष्मा खडिया, वस्तुस्थिति मुचुल्काका चन्द्रदेव पहाडेले गरेको बकपत्र व्यहोरामा पीडिताले घटनाबारे आफूहरूलाई भनेको आधारमा वारदात विषयमा थाहा भएको भनी लेखाएका छन्। त्यसैगरी स्वयम् पीडिताले आफूले मौकामा लेखाएको व्यहोरा र सुरू जाहेरी व्यहोरालाई समर्थन गरी बकपत्र गरेकोबाट पनि प्रतिवादीहरूले K उपनामकी पीडितालाई पालैपालो गरी जबरजस्ती करणी गरेको भन्ने तथ्य पुष्टि हुन आएको छ। जबरजस्ती करणी गर्ने कार्य चियाबगानको एकान्त स्थानमा भएको र प्रतिवादीहरूले त्यस्तो कार्य एकान्त स्थानमै गर्न सक्ने हुनाले त्यस्तो कार्य देख्ने अन्य प्रत्यक्षदर्शी नहुन सक्नु स्वाभाविक नै हुन्छ। पीडिताले बिनाकारण र बिना

प्रयोजन यी प्रतिवादीहरूलाई पोल गर्नु पर्ने अरू कुनै कारणसमेत देखिँदैन । त्यस्तो अवस्थामा पीडितकै बकपत्रलाई मुख्य प्रमाणको रूपमा लिनु पर्ने नै हुन्छ।

यी प्रतिवादीहरूलाई निजको इच्छाविपरीत अन्यथा गरी अनुसन्धान अधिकृतले बयान गराएको हो भन्ने कुनै जिकिर तथा प्रमाण प्रस्तुत गर्न सकेको अवस्थासमेत देखिँदैन। अदालतबाहेक स्वतन्त्ररूपमा अनुसन्धान अधिकारीसमक्ष गरेको बयानलाई प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था रहेको हुँदा त्यस्तो अधिकारप्राप्त अनुसन्धान अधिकारीसमक्ष गरेको बयानलाई निजको विरूद्धमा प्रमाणमा लिन मिल्ने नै देखिन्छ। सो हुँदा यी प्रतिवादीहरूले बलपूर्वक चिया बगानभित्र पीडितालाई लगी भुइँमा लडाई पालैपालो जबरजस्ती करणी गरेको भन्ने कुरा पुष्टि हुन आएकोले आफूहरू निर्दोष भएको भन्ने प्रतिवादीहरूले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पीडिताले सुरू जाहेरीमा बिगो रू. ४,७४०।– बराबरको सुनको नाकको फुली र चाँदीको सिक्रीसमेत प्रतिवादीहरूले नोक्सान पारेको खोसी लगेको भन्ने उल्लेख भएको र अदालतको बकपत्रबाट पनि सो सामान हराएको भन्ने देखियो । प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा फुली सिक्रीसमेत पीडिताले लगाएको देखेको भनी लेखाएको देखियो। अतः उक्त सुनको फुली र चाँदीको सिक्रीसमेत प्रतिवादीहरूले जबरजस्ती करणीको वारदात घटाउने क्रममा नोक्सान पारेको देखिँदा प्रतिवादीहरूले सोबापत पीडितालाई क्षतिपूर्ति भराउनु पर्ने नै देखिने।

प्रतिवादीहरू अनिल उराव र रवी सोरेनले अभियोगदाबी बमोजिमको कसुर गरेको ठहर्‍याई निजहरूलाई मुलुकी ऐन जबरजस्ती करणीको ३(५) नं. अनुसार जनही ५(पाँच) वर्ष कैद र सोही महलको ३(क) नं. अनुसार थप ५(पाँच) वर्ष गरी जनही १०(दश) वर्ष कैद सजाय हुने र सोही महलको १० नं. बमोजिम पीडिताले क्षतिपूर्तिबापत रू. २०,०००।– र सुनको फुली चाँदीको सिक्रीको मूल्य बापतको रू. ४,७४०।– प्रतिवादीहरूबाट भराई लिन पाउने गरी सुरू झापा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको मिति २०६८।१२।१० को फैसला सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल मङ्सिर २४ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६६-CI-०७७५, मोहियानी हकको प्रमाणपत्र, *मु.स. गर्ने सुस्मा प्याकुरेल वि. मु.स. गर्ने महिमा प्याकुरेल*

मूलपुरूष बाजे नेत्रप्रसादकै पालामा बनेको फिल्डबुक, मोहीको १ नं. लगत, २ नं. अनुसूची र ४ नं जोताहा अस्थायी निस्सासमेतका प्रमाण, २०२३ सालमा दुवै पक्षलाई जग्गा र घरको राजीनामा भएको र त्यसपछिको जग्गाधनी प्रमाण पुर्जामा पनि श्यामकृष्ण मोही जनिएको तथ्य र सर्वोपरी कुरा सर्वोच्च अदालतको उक्त २०५८।१०।२४ को फैसलासमेतको प्रमाणबाट प्रत्यर्थीबाट उल्लेख भएको भूमिसम्बन्धी ऐन, २०२१ को दफा २(ख) र ने.का.प. अङ्क ७ नि.नं. ३१४३, ऐ. २०५२ अङ्क २ नि.नं. ५०५४ र ऐ. २०५५ अङ्क १ नि.नं. ६४९३ का नजिरहरू यस मुद्दामा आकर्षित हुने अवस्था देखिँदैन। यस अवस्थामा सुरू भूमिसुधार कार्यालयले कि.नं. ३१६ को जग्गामा निवेदकको मोही हक कायम गरी निजको मृत्यु भइसकेकोले निजको हकवालाले मोही नामसारीको माग गरेमा नामसारी हुने ठहर्‍याएको फैसला न्यायोचित देखिन आएकोले उक्त फैसला उल्टी गरेको पुनरावेदन अदालत, पाटनको

मिति २०६६।८।११ को फैसला मिलेको नदेखिँदा उल्टी भै सुरू भूमिसुधार कार्यालय, काठमाडौंको मिति २०६४।४।१७ को फैसला सदर कायम हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

इति संवत् २०७२ साल पुस ५ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०३३०, जबरजस्ती करणी, *मनोज आचार्य वि. नेपाल सरकार*

प्रतिवादीको मौकाको साबितीमा पीडितको योनिमा लिङ्ग प्रवेश गराएको भनी उल्लेख भएबाहेक अरू सबै कुरा यी प्रतिवादीले अदालतको बयानमा समेत स्वीकार गरेको देखिन्छ । सिर्फ पीडितको योनिभित्र आफ्नो लिङ्ग प्रवेश गराएको होइन भन्नेसम्मको प्रतिवादीको इन्कारी बयान देखिन्छ तर पीडितले मौकामा गरेकी कागजमा "केही बेर मेरो योनि खेलाई उसको पनि पेन्टको चेन खोली लिङ्ग बाहिर निकाली मेरो सु गर्ने ठाउँमा उसको सु गर्ने घर्षण गराई भित्र प्रवेश गराउन खोज्दा प्रवेश हुन नसकी मलाई दुखी कराउन खोज्दासमेत निजले मेरो मुख थुनी कराउन पाइँन र निजले पुनः हातको औंलाले मेरो सु गर्ने ठाउँमा हाली चलाउन थाल्यो । मैले यसो नगर्नुहोस् अङ्कलसमेत भन्दा निजले पुनः लिङ्ग बाहिर निकाली मेरो योनिमा घर्षण गराउन थालेपश्चात् म बेहोस भई केही थाहा पाइँन" भनी तथा निजले अदालतमा गरेकी बकपत्रमा समेत "बोकेर लगी मेरो कट्टु खोली छाडा गर्नु भयो । मलाई दुख्यो उसले मुख थुनिदियो । अनि मलाई साह्रै पोल्यो अनि मैले दिदीलाई भनेँ । दिदीले मलाई अस्पताल लानु भयो । मनोज अङ्कलले पैसा दिन्छु भनेर बोकेर कुनामा लगेर मेरो कट्टु खोली सु गर्ने ठाउँमा खेलाई आफ्नो फस्नर खोली सु गर्ने निकालेर बलात्कार गर्नुभयो । मलाई दुखेकोले कराउन खोज्दा मुख थुनिदिनु भयो । त्यसो गरेपछि मलाई थाहा भएन" भनी मौकामा गरेको कागजलाई समर्थन गरेको देखिन्छ । पीडितले उक्त वारदातका बारेमा कल्पना श्रेष्ठसमेतको व्यक्तिलाई बताएको कुरा कल्पना श्रेष्ठसमेतको मौकाको कागज र बकपत्रबाट पुष्टि हुन्छ । यसरी प्रतिवादीको मौकाको साबिती पीडितसमेतको बकपत्रलगायतका स्वतन्त्र प्रमाणबाट समर्थन भएको र स्वयम् प्रतिवादीले अदालतमा बयान गर्दा अभियोग दाबीको कसुरलाई स्पष्ट भाषाद्वारा तथ्ययुक्त खण्डन गर्न नसकी "पीडितको योनिमा औंलामात्र घुसाएको थाहा छ अरू थाहा छैन पीडितलाई के कसो गरेँ मलाई केही थाहा छैन" भनी आफ्नो स्मरणशक्तिले साथ नदिएको भन्ने किसिमले बचाउ गरेको देखिन्छ । यस्तो बचाउलाई आधारयुक्त बचाउ मान्न नमिल्ने।

पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट निजको vulval swelling रहेको र योनिमा pus cell आदि पनि देखिएको अवस्थाले पीडितको योनि प्रतिवादीले औंलाले खेलाई त्यसपछि लिङ्ग प्रवेश गराउन खोजेको भन्ने पीडितको जिकिर र प्रतिवादीको मौकाको बयानमा थप पुष्टि हुने।

प्रतिवादीको मौकाको साबिती निजको स्वेच्छाको नभएको भन्ने देखिन नआएको, सो साबिती पीडितसमेतको बकपत्र र पीडितको शारीरिक परीक्षणबाट समेत समर्थित भएको देखिँदा प्रतिवादी विरूद्धको अभियोग दाबी पुग्ने ठहर्‍याई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम प्रतिवादीलाई १० दस वर्ष कैद र ऐ. महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितले रू. ५०,०००।– पचास हजार क्षतिपूर्तिसमेत भराई लिन पाउने ठहर्‍याएको सुरू झापा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति

२०६७।१२।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्द्रकुमार खड्का

कम्प्युटर : रानु पौडेल

इति संवत् २०७२ साल पुस ७ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०१६३, कर्तव्य ज्यान, *योगेन्द्र भन्ने योगराज शिवाकोटी वि. नेपाल सरकार*

प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादी नेपाल सरकारमा रहन्छ भने सजायमा छुट हुने वा सजायबाट रिहाई पाउने जिकिर लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार प्रतिवादीउपर रहने भनी सो ऐनको दफा २७ मा व्यवस्था भएको पाइन्छ । यसअनुसार प्रतिवादी विरूद्ध वारदात प्रमाणित गर्ने भार वादीको र वारदातअनुसारको सजायबाट रिहाई पाउने जिकिर प्रमाणित गर्ने भार प्रतिवादीमा रहेको छ । उक्त दफा २७ अनुसार ज्यानसम्बन्धीको महलको ७ नं. को आत्मरक्षाको बचाउ आकर्षित हुनका लागि प्रतिवादीबाट साक्षी प्रमाण गुज्रन सकेको पाइँदैन । प्रतिवादीलाई मृतकसमेतका व्यक्तिबाट कुनै किसिमको खतरा नरहेको अवस्थामा र निजहरू लडेका तथा भागेका अवस्थामा समेत माथि उल्लेख भएबमोजिम यी प्रतिवादीले पीडित र मृतकको संवेदनशील अङ्ग ताकी घातक हतियारले पटकपटक हानी असङ्ख्य घाउचोट पारेको र सोको परिणामस्वरूप मृतकको तत्काल मृत्यु भएको प्रस्तुत वारदातमा उक्त ७ नं. आकर्षित हुन सक्ने देखिँदैन । अतः पुनरावेदन अदालत, इलामसमेतको फैसला उल्टी गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर तथ्यपरक र कानूनसम्मत देखिन नआएकोले प्रतिवादी योगेन्द्र भन्ने योगराज शिवाकोटीले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (१) नं. तथा ऐ. को १५ नं. को कसुर गरेको ठहर्‍याई ठूलो सजाय सर्वस्वसहित जन्मकैद गरेको सुरू इलाम जिल्ला अदालतको फैसला मिलेकै हुँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, इलामको मिति २०६७।१२।२१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

यस मुद्दामा यी प्रतिवादीको घरमा प्रस्तुत वारदात भएको देखिन्छ। यी प्रतिवादीले पीडितहरूलाई पूर्व मनसाय र पूर्व तयारी गरी बाटो गौंडा ढुकी लुकीछिपी हानेको अवस्था छैन । मृतकसहितको पीडितहरूले यी प्रतिवादीलाई हेपेको देखिन्छ । कसैको घरमा त्यो पनि घरधनीको कुनै इज्जत नगरी पूर्व अनुमति नलिई प्रवेश गर्ने कुरा पश्चिमा मुलुकमा criminal trespass को फौजदारी कसुर हुन्छ । नेपालको संविधानले पनि वासस्थानलाई अनतिक्रम्य मानेको छ । मृतकसमेतले प्रतिवादीलाई झापड हिर्काउने कार्यको प्रतिक्रियाको क्रममा प्रस्तुत वारदात घट्न जानुलाई यस अदालतले बेवास्ता गर्न सक्दैन । प्रतिवादीलाई पीडितले झापड हानेको कुरा किशोर सुवेदीको मौकाको कागजबाट समर्थित रहेको समेत पाइन्छ । यसरी प्रतिवादीलाई हेप्दै पीडितहरूबाट भएको प्रतिकारले आपराधिक रूप लिन पुग्नुमा प्रतिवादीको दोष भएपनि घटनाको कारण पीडितहरू पनि भएको कुरालाई यस अदालतले सजाय गर्दा विचार गर्नै पर्छ । पेसेवर र पूर्व मनसाय लिएको अपराधी र तत्काल परिस्थितिको प्रभावबाट भएको प्रस्तुत वारदातलाई एकैस्तरमा राख्दा कसुरको मात्राअनुसार सजाय दिने दायित्वको निर्वहन हुँदैन। यो एक किसिमको यस्तो वारदात हो जसलाई घटाउनका लागि नियति पनि जिम्मेवार देखिन्छ । यिनै कारणले प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने निश्चित भएकोले यी प्रतिवादीलाई मुलुकी ऐन अ.बं. १८८ नं.

बमोजिम १५(पन्ध्र) वर्ष कैद हुने।

इजलास अधिकृतः इन्द्रकुमार खड्का

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल पुस ७ गते रोज ३ शुभम्।

## इजलास नं. ८

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-०१७९, गौबध, *कुमार दर्जीसमेत वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीहरूले अदालतसमक्ष बयान गर्दा बाच्छी मारेको होइन भनी कसुरमा इन्कार रहे पनि अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानमा भएको सहीछाप आफ्नै भएको हो भनी गरेका र अधिकारप्राप्त अधिकारीसमक्षको बयान अचेत अवस्थामा गरेको वा बाध्य पारी वा यातना दिई वा यातना दिने धम्की दिई वा आफ्नो इच्छा विरूद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गरेको भनी अदालतमा बयान गर्दा भन्न सकेको देखिँदैन। अधिकारप्राप्त अधिकारीसमक्ष स्वतन्त्ररूपमा स्वेच्छाले कसुर स्वीकार गरी बयान दिएपछि अदालतसमक्ष बयान गर्दा इन्कार रहेको आधारमा मात्र कसुरदार होइनन् भन्न नमिल्ने।

जाहेरी दरखास्त र सो जाहेरी दरखास्तलाई समर्थन गर्ने गरी प्रतिवादीमध्येका रामबहादुर दर्जीसमेत भई बाच्छी किनी लगेका भनी जाहेरवालीले अदालतमा आई गरेको बकपत्र, प्रतिवादीमध्येका कुमार दर्जीले देखाएको स्थानबाट बाच्छीको मासु बरामद भएकोसमेतका तथ्यगत घटनाक्रमबाट प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादीहरूले बाच्छी काटी मारी गौबधको कसुर गरेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानलाई समर्थन गरिरहेको र बाच्छी मार्नमा हाम्रो कुनै संलग्नता थिएन भन्ने प्रतिवादीहरूको जिकिरलाई खण्डित गरिरहेको अवस्था हुँदा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदकहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा यी पुनरावेदक प्रतिवादीहरू कुमार दर्जी र रामबहादुर दर्जीलाई मुलुकी ऐन, चौपायाको महलको ११ नं. बमोजिम जनही १२ (बाह्र) वर्ष कैदको सजाय हुने ठहर्‍याई भएको सुरू जिल्ला अदालतको फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत, धनकुटाको मिति २०७०।२।१९ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल पुस ३० गते रोज ५ शुभम्।

## रित / बेरित आदेश

**मा.न्या.श्री गोपाल पराजुली,** ०७२-AP-०४६८, परमादेश, *मिलन भण्डारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपालको संविधानको धारा १७ को उपधारा (२) को खण्ड (क) मा प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता हुनेछ भन्ने संवैधानिक व्यवस्था भएको देखिन्छ। नागरिकलाई प्राप्त विचार र अभिव्यक्तिको स्वतन्त्रता निरपेक्ष होइन। कानूनद्वारा त्यसको परिपूरण गरिएको हुन्छ। सो संविधान र कानूनले तोकेको परिसीमालाई सबैले पालना गर्नुपर्ने भएकाले कर्तव्यरहित अधिकारले अराजकता सिर्जना गर्ने देखिन आउँछ। संसद् जनप्रतिनिधिमूलक राज्यको अङ्ग भई जनप्रतिनिधिकै हैसियतका हुने गतिविधिमा निरपेक्ष रूपमा गैर संसदले पनि व्यक्तिगतरूपमा सम्बोधन वा बोल्न पाउने कुरासँग सम्बन्धित मान्न

नमिल्ने।

संसदमा सम्बोधन गर्ने विषय कानूनी विषय र औचित्यको दृष्टिले कसैलाई बोल्न दिने नदिने संसद्को स्वायत्त र विशेषाधिकार हो । सामान्यतया संसदमा सांसदहरूले बोल्न पाउने हुन्छ । राष्ट्राध्यक्ष, सरकार प्रमुख वा मन्त्रीका हैसियतले बोल्ने व्यवस्था कानूनी व्यवस्था हो। कुनै विशेष अवसरमा विदेशी राज्यका सरकार प्रमुखलाई औचित्यका दृष्टिले बोल्न दिने नदिने संसदको स्वायत्तताको विषय हो। त्यसलाई आधार बनाएर अरूले पनि सम्बोधन गर्न पाउनु पर्दछ भन्ने कुरा संविधान र कानूनले मिल्ने विषय होइन। तत्कालीन समयमा माधवकुमार नेपाल र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संविधानसभामा सम्बोधन गरेको कुरा सोही सभाको क्षेत्राधिकारभित्रको विषयवस्तु हो। सार्वभौम संसदले क्षेत्राधिकारभित्र रही छिमेकी मुलुकका सरकार प्रमुख नेपाल भ्रमणमा आएको अवसरमा सम्बोधन गर्ने अवसर दिएकोले सोसरह गैरसंसद नागरिकलाई संसदमा बोल्न पाउने कुनै संवैधानिक वा कानूनी आधार निवेदकले दिन नसकी त्यस्तो कानूनी व्यवस्था नभएको अवस्थामा अदालतले हेर्ने विषय नभएकोले संसदमा सम्बोधन गर्न पाउनु पर्दछ भनी अदालत प्रवेश गर्न मिल्ने नदेखिने।

नेपालको संविधानले शक्तिपृथकीकरणको सिद्धान्त अवलम्बन गरेको तथ्यमा विवाद छैन। उक्त सिद्धान्तले राज्यमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका गरी तिनवटा अङ्ग हुने कुरालाई अङ्गीकार गरेको छ। जसरी उक्त सिद्धान्तले राज्यका तिनवटा अङ्ग हुने कुरा उल्लेख छ, त्यसैगरी ती तीन अङ्गले सम्पादन गर्ने कामकारवाही र क्षेत्राधिकारमा यस अदालतबाट हस्तक्षेप गर्न मिल्दैन । त्यो शक्तिपृथकीकरणको सिद्धान्तको मूल मर्म हो। तसर्थ यस अदालतका रजिस्ट्रारबाट मिति २०७३।२।४ मा निवेदकको निवेदन दरपिठ गर्ने गरी भएको आदेश मिलेकै देखिँदा बदर गर्न नमिल्ने।

इति संवत् २०७३ साल जेठ ७ गते रोज ६ शुभम्।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"
- सर्वोच्च अदालत, मेलमिलाप समिति

## अदालत गतिविधि

### जुम्लामा कानूनी नेपाली भाषाको प्रशिक्षण सम्पन्न

२०७३ जेठ १ र २ गते जुम्लामा कानूनी नेपाली भाषाको प्रशिक्षण कार्यक्रम सर्वोच्च अदालत प्रकाशन, सञ्चार तथा सम्पादन समितिको आयोजनामा भएको थियो।



पानसमा द्वीप प्रज्वलन गरी प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्नुहुँदै सर्वोच्च अदालत तथा प्रकाशन, सञ्चार तथा सम्पादन समितिका अध्यक्ष, सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय।

कार्यक्रमका प्रमुख अतिथि सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायज्यूले पानसमा द्वीप प्रज्वलन गरी सो कार्यक्रमको उद्घाटन गर्नुभएको थियो।

प्रशिक्षण कार्यक्रमको उद्घाटन सत्रमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, पुनरावेदन अदालत, जुम्लाका निमित्त मुख्य न्यायाधीश श्री भानुभक्त शर्मा, जिल्ला अदालतका माननीय न्यायाधीश श्री कृपासुर कार्की, जुम्लाका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखलगायत पत्रकारहरू तथा नागरिक समाजका सदस्यहरू समेतको उपस्थिति रहेको थियो।

कार्यक्रमका प्रमुख अतिथि सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायज्यूले अदालतले चलन चल्तीमा ल्याएका वाक्यहरू लामा भए, भाषा लामो र घुमाउरो भयो, यसले भाषामा जटिलता थपेको महसुस भयो। घुमाउरो / घुमाउने भाषालाई कसरी घटाएर सरल बनाउने भन्ने चिन्तन हुँदै जाँदा यो कार्य अदालत आफैँले गर्नुपर्दछ, आफ्नै कर्मचारीहरूबाट यसको सुरूवात गर्नुपर्दछ भन्ने लागेर सर्वोच्च अदालतले यो प्रयास गर्दै आएको हो भन्नुभयो।

त्यसैगरी उद्घाटन सत्र कार्यक्रमको अध्यक्षता



प्रशिक्षण कार्यक्रममा मन्तव्य दिनुहुँदै माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय।

गर्नुहुने पुनरावेदन अदालत, जुम्लाका निमित्त माननीय मुख्य न्यायाधीश श्री भानुभक्त शर्माले केन्द्रबाट स्वयम् यो कार्यक्रम लिएर आउनु हुने सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायज्यू समेतको समूहलाई हार्दिक स्वागत गर्दछु भन्नुहुँदै भाषाको उद्भव थलो मै भाषिक अपभ्रमितताको अवस्था आउनु राम्रो नभएको भन्नु हुँदै कमसेकम हामीले प्रयोग गर्ने अदालती भाषा सरल र सबैले बुझ्न सक्ने बनोस् भन्ने कामना गर्दै तालिमको उपादेयता तालिम पछिको काम कारवाहीबाट मूल्याङ्कन हुनेछ भन्नुहुँदै उद्घाटन सत्र समापनको घोषणा गर्नुभएको थियो।

उद्घाटन सत्रकै मन्तव्यका क्रममा सर्वोच्च अदालतका सहरजिस्ट्रार श्री नहकुल सुवेदी, जुम्ला जिल्ला अदालतका माननीय न्यायाधीश श्री कृपासुर कार्की, जुम्लाका प्रमुख जिल्ला अधिकारी श्री रूद्रप्रसाद पण्डित तथा नेपाल बार एसोसिएसन केन्द्रीय कार्य समितिका सदस्य श्री पदमबहादुर शाहीले पनि कानूनी नेपाली भाषाका विविध पक्षमा प्रस्ट पार्नुभएको थियो।

उक्त प्रशिक्षण कार्यक्रममा कानूनी नेपाली भाषा अध्ययनको आवश्यकता र महत्त्वका विषयमा सम्पादक श्री गजेन्द्रबहादुर सिंहले फैसला तथा आदेश लेखन - व्यावहारिक समस्या विषयमा सहरजिस्ट्रार श्री नहकुल सुवेदीज्यूले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने नेपाली भाषाका समग्र पक्षमा भाषाविद् तथा कानूनी नेपाली भाषाका उपप्राध्यापक रामचन्द्र फुयालले प्रशिक्षण सत्र सञ्चालन गर्नुभएको थियो भने कार्यक्रमको संयोजन तथा सञ्चालन शाखा अधिकृत श्री राजन बास्तोलाले गर्नुभएको थियो। कार्यक्रमका सहभागीहरू निम्नबमोजिम हुनुहुन्थ्यो :




प्रशिक्षार्थीका जिज्ञासा मेट्दै प्रशिक्षक श्री रामचन्द्र फुयाल।

**<u>कार्यक्रमका सहभागीहरू</u>**

१. श्री पुष्प पाण्डे, स्रेस्तेदार, जुम्ला जिल्ला अदालत
२. श्री चन्द्रदेव भारती, शा.अ., पु.वे.अ., जुम्ला
३. श्री नवराज दंगाल, शा.अ., पु.वे.अ., जुम्ला
४. श्री रामेश्वर न्यौपाने, ना.सु., पु.वे.अ., जुम्ला
५. श्री रक्षाबहादुर बुढा थापा, ना.सु., पु.वे.अ., जुम्ला
६. श्री मालती शाह, क.अ., पु.वे.अ., जुम्ला
७. श्री अनुपकुमार राना, ता.डि., पु.वे.अ., जुम्ला
८. श्री ज्ञानी लामा, डिट्ठा, पु.वे.अ., जुम्ला
९. श्री गीताकुमारी थापा, डिट्ठा, पु.वे.अ., जुम्ला
१०. श्री राजेन्द्रप्रसाद न्यौपाने, डिट्ठा, पु.वे.अ., जुम्ला
११. श्री नारायण महतो, डिट्ठा, पु.वे.अ., जुम्ला
१२. श्री कमल बस्याल, IT Person, पु.वे.अ., जुम्ला
१३. श्री धनप्रसाद चौलागाईं, ना.सु., जुम्ला जि.अ.
१४. श्री टंकप्रसाद खत्री, ना.सु.,जुम्ला जि.अ.
१५. श्री नन्दप्रसाद देवकोटा, ता.डि., जुम्ला जि.अ.
१६. श्री हरिबहादुर महत, ता.डि., जुम्ला जि.अ.
१७. श्री गणेश आचार्य, डिट्ठा, जुम्ला जि.अ.
१८. श्री चन्द्रलक्ष्मी थापा, डिट्ठा, जुम्ला जि.अ.
१९. श्री हिरानन्द देवकोटा, डिट्ठा, जुम्ला जि.अ.
२०. श्री प्रयागदत्त न्यौपाने, स.लेखापाल, जुम्ला जि.अ.

## विभिन्न ठाउँमा मेलमिलापसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

मेलमिलाप परिषद्को आयोजनामा २०७३ साल जेठ १ गते जुम्लामा र २०७३ साल जेठ ४ गते दैलेख जिल्लामा क्रियाशील समाजसेवी, मेलमिलापकर्ता, कानून व्यवसायी, नागरिक समाज, जिल्ला स्तरीय मेलमिलाप अनुगमन समितिका संयोजकलगायत करिब ५० जनाको सहभागितामा मेलमिलापसम्बन्धी एक दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रमको अध्यक्षता सर्वोच्च अदालतका माननीय न्यायाधीश तथा मेलमिलाप परिषद्का अध्यक्ष श्री बैद्यनाथ उपाध्यायज्यूले गर्नुभएको थियो।

त्यसैगरी मेलमिलाप परिषद्कै आयोजनामा सुर्खेतमा पनि करिब ५० जनाको सहभागितामा मेलमिलापसम्बन्धी एकदिवसीय अन्तरक्रिया कार्यक्रम मिति २०७३ जेठ ६ गते सम्पन्न भयो भने २०७३ साले जेठ ७ र ८ गते मेलमिलाप परिषद्कै आयोजनामा पुनरावेदन अदालत, नेपालगञ्ज र तुलसीपुर तथा बाँके, बर्दिया, दाङ, रूकुम, रोल्पा, सल्यान र प्युठान जिल्ला अदालतहरूमा सूचिकृत २७ जना मेलमिलापकर्ताहरूको सहभागितामा मेलमिलापसम्बन्धी दुई दिवसीय पुनर्ताजगी तालिम पुनरावेदन अदालत, नेपालगञ्जको सभाहलमा सम्पन्न भयो। उक्त कार्यक्रमहरू सर्वोच्च अदालतका माननीय न्यायाधीश तथा मेलमिलाप परिषद्का अध्यक्ष श्री बैद्यनाथ उपाध्यायज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो।